मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

# राष्ट्रिय प्रतिवेदन

# २०७६

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

# राष्ट्रिय प्रतिवेदन

## २०७६

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं नेपाल

फोन नं. ०१–४२००२१६, ४२००४०८, फ्याक्स नं. : ४२००११६

**Email. mail@mowcsw.gov.np, Web www.mowcsw.gov.np**

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

# भूमिका

मानव बेचबिखन तथा ओसारपसार एक बहुआयामिक, बहुक्षेत्रगत एवं विश्वव्यापी समस्याको रूपमा रहेको छ। त्यसमा पनि अशिक्षित, विपन्न वर्ग लगायत महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बढी मात्रामा हुने गरेको छ। मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई समाजको एक जघन्य अपराधको रूपमा लिने गरिन्छ। नेपालमा पनि सदियौदेखि यस्ता बेचबिखनका कार्यहरू हुँदै आएको पाइन्छ र समयक्रम र प्रविधिको विकाससँगै यस्ता घटनाहरू समेत विभिन्न प्रकारबाट हुने गरेका छन्। एकातिर यस अपराधजन्य कार्यमा संलग्न पक्षहरूले समाजमा रहेको गरिबी र पछौटेपनको फाइदा उठाउने काम गरिरहेका छन् भने अर्कातिर त्यस्ता जघन्य अपराध गर्ने अपराधीहरूलाइ कानुनको दायरामा ल्याउने कार्य चुनौतीपूर्ण छ। विगतमा खुला सिमानाका कारण छिमेकी देश भारतमा यौन शोषणका लागि बेचबिखन गर्ने प्रवृति बढी थियो भने हाल पछिल्ला दिनहरूमा आन्तरिक बजार र वैदेशिक रोजगारीका लागि हुने श्रम आप्रवासनको क्रममा यस्ता घटनाहरू घट्नुका साथै विज्ञान तथा प्रविधिको विकाससँगै सामाजिक सञ्जालको माध्यमबाट समेत यस्ता घटनाहरू बढिरहेको पाइन्छ। यसरी समयको परिवर्तनसँगै मानव बेचबिखनको आयाम र स्वरूपमा समेत परिवर्तन हुँदै आएको छ। यौन शोषण, दासता, मानव अंग प्रत्यारोपण, जोखिमपूर्ण कार्य, मनोरञ्जन, वैदेशिक रोजगारी, पेपर म्यारिज तथा घरेलु काम लगायतका कार्यहरूको लागि महिला तथा बालबालिकाहरूको बेचबिखन हुने गरेको पाइन्छ। द्वन्द्व, प्राकृतिक प्रकोप, राष्टिय संकट तथा विभिन्न विपत्ती लगायतका असहज अवस्थाले आफ्नो बासस्थानबाट विस्थापित हुन पुगेका महिला तथा बालबालिकाहरू बेचबिखनमा पर्ने सक्ने हुँदा यस्तो असहज परिस्थितिमा थप सजग हुनुपर्ने देखिन्छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिलाई मानव बेचबिखन तथा ओसार पसार विरुद्धको विषय हेर्नका लागि सम्पर्क निकायको रूपमा तोकिएको छ। मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिमा विभिन्न निकायबाट उच्च तहका पदाधिकारीहरू रहने व्यवस्था रहेको र यसबाट विभिन्न निकायको सहयोग र समन्वयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यहरू गर्ने, स्वदेश तथा विदेशमा अलपत्र परेका व्यक्तिहरूको उद्धार तथा संरक्षण गर्ने कार्यमा सहयोग पुग्नुका साथै मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूलाई कानुनी सहायता तथा क्षतिपुर्ति उपलव्ध गराउने कार्यमा प्रभावकारिता आएको छ।

मानव बेचबिखन तथा ओसारपसारका कारण हाल मूलुकभित्र र बाहिर रोजगारीमा जानेहरूले आत्महत्या गर्ने गरेका सूचनाहरू पनि बारम्बार आइरहेका छन्। हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को कारणले गरिब र विपन्न वर्गहरूलाई विभिन्न प्रलोभनमा पारी यस्ता कुकृत्य गर्नेहरूको समूह समेत सक्रिय हुँदै जान सक्ने हुँदा यस्ता कार्यहरूको नियन्त्रण र रोकथामका लागि सरकारी, निजी, गैरसरकारी संघ संस्था

लगायत नागरिक समाज, सञ्चार माध्यम, व्यक्ति र परिवार सबैको महत्वपूर्ण भूमिका रहन्छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा अन्तर्गतका निकायहरूले आ.व.२०७५/०७६ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रगती प्रकाशन गर्ने क्रममा यो आठौ प्रतिवेदनको रूपमा **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन**, २०७६ प्रकाशन गरेको छ। यस प्रतिवेदनमा मुख्यतः यस विषयमा कार्यक्रम सञ्चालन गर्ने विभिन्न मन्त्रालय, विभाग, निकाय, तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालन गरिएका कार्यक्रमहरू समेट्ने प्रयास गरिएको छ।

सरकारी तथा गैरसरकारी निकायहरूबाट यस क्षेत्रका सरोकारवाला सबै निकायहरूलाई भविष्यमा नीति निर्माण गर्न सहयोग पुर्‍याउनुको साथै विद्यार्थी, शोधकर्तालगायत सम्पूर्ण समुदायका लागि प्रस्तुत प्रतिवेदन उपयोगी हुने विश्वास लिएका छौं । प्रतिवेदन तयारीको क्रममा विभिन्न तरीकाले सहयोग पुर्‍याउने सरकारी तथा गैरसरकारी निकायका कर्मचारी, महिला शसक्तिकरण महाशाखका महाशाखा प्रमुख तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# विषयसूची

**खण्ड : १**

**परिचय**

१.१ पृष्ठभूमि १

१.२ मानव बेचबिखन तथा ओसारपसारको परिभाषा २

१.३ मानव बेचबिखन तथा ओसारपसारको समस्या : ४

१.४ प्रतिवेदनको उद्देश्य ६

१.५ प्रतिवेदन तयारी विधि ६

१.६ प्रतिवेदनको सीमा ६

१.७ प्रतिवेदनको स्वरूप ७

**खण्ड : २**

**मानव बेचबिखन तथा ओसारपसारविरुद्धका नीति, कानुन तथा संस्थागत व्यवस्था**

२.१ नीतिगत व्यवस्था ८

२.१.१ चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारविरुद्धको राष्ट्रिय नीति, २०५२ ८

२.१.२ वैदेशिक रोजगार नीति, २०६८ ड

२.१.३ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ८

२.२ कानुनी व्यवस्था ९

२.२.१ नेपालको संविधान ९

२.२.२ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली, २०६५ ९

२.२.३ अन्य कानुनहरू ९

२.३ संस्थागत संरचनाहरू १०

२.३.१ महिला तथा सामाजिक समितिः १०

२.३.२ : न्यायपालिकाअन्तर्गत १०

२.३.२.१ अदालतहरू १०

२.३.२.२ महान्यायाधिवक्ताको कार्यालय १०

२.३.३ : कार्यपालिका १०

२.३.३.१ : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय १०

२.३.३.२ : राष्ट्रिय योजना आयोग ११

२.३.३.३ : कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ११

२.३.३.४ : गृह मन्त्रालय ११

२.३.३.५ : परराष्ट्र मन्त्रालय ११

२.३.३.६ : महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र अन्तर्गत ११

२.३.३.७ : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गत १२

२.३.३.८ : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय १२

२.३.३.९ : प्रदेश तथा स्थानीय सरकार १२

२.३.३.१० : संवैधानिक आयोगहरू १२

२.४ आवधिक योजनाहरू १३
२.५ राष्ट्रिय कार्ययोजनाहरू १३
२.६ अन्य कार्ययोजनाहरू १३
२.७ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू १३
२.८ प्रतिवेदन १४

**खण्ड : ३**
**प्रतिवेदन अवधिमा सम्पादन गरिएका क्रियाकलापहरू**

३.१ : निरोधजन्य क्रियाकलापहरू १५
३.१.१ : संवेदनशील स्थानहरूको पहिचान र स्थानीय समितिहरूको गठन १५
३.१.२ बालबालिकाहरूको संरक्षण १५
३.१.३ किशोर किशोरीहरूको जोखिम न्यूनीकरणका लागि औपचारिक/अनौपचारिक शिक्षा २०
३.१.४ सीमान्तकृत समुदायको सशक्तीकरण २२
३.१.५ आन्तरिक बेचबिखन नियन्त्रणका लागि नियमन र अनुगमन २२
३.१.६ विपन्न समुदायका महिला तथा किशोरकिशोरीलाई सीप विकास र आय आर्जन २३
३.१.७ जोखिम र प्रभावितहरूबारे एकीकृत तथ्याक्त व्यवस्थापन तथा सूचना प्रणालीको विकास २३
३.१.८ मानव बेचबिखन तथा ओसारपसारको प्रकृति, कारण र असरका सूचकहरूबारे २३
३.१.९ सुरक्षित आप्रवासनसम्बन्धी सूचना केन्द्रहरूको स्थापना २५
३.१.१० सञ्चारमाध्यामको क्षमता र संवेदनशीलताको अभिवृद्धि २८
३.१.११ अध्ययन प्रतिवेदन २८
३.२: संरक्षणात्मक क्रियाकलापहरू २९
३.२.१ उद्धार तथा स्वदेश फिर्ती २९
३.२.२ उद्धार संयन्त्रहरूको निर्माण ३३
३.२.३ पुनर्स्थापना क्रेन्द्रहरूको व्यवस्थापन ३४
३.२.४ पुनर्स्थापना सेवाहरू ३५
३.२.५ पीडित/प्रभावितहरूको परिचयको सुनिश्चितता ३७
३.२.६ पीडित/प्रभावितहरूको सुरक्षा चासोको सम्बोधन ३७
३.२.७ पारिवारिक पुनः एकीकरण ३७
३.२.८ निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवाको व्यवस्था ३७
३.२.९ पुनर्स्थापना कोष परिचालन ३८
३.३ न्यायमा पहुँच र कानुनी कारबाही ४०
३.३.२ प्रचलित कानुनहरूमा समसामयिक सुधार ४१
३.३.३ कानुनी कारबाही ४१
३.३.४ उजुरी लिने प्रकियामा सरलीकरण ४२
३.३.५ कानुन कार्यान्वयन गर्ने निकायहरूमा जवाफदेहिता र उत्तरदायित्वको विकास ५६
३.४ क्षमता विकास ६३
३.४.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको क्षमता अभिवृद्धि ६३
३.४.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरूको क्षमता अभिवृद्धि ६४
३.४.३ कानुन कार्यान्वयन गर्ने निकाय र पदाधिकारीहरूको क्षमता अभिवृद्धि ६४

३.४.४ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कार्यरत सरोकारवाला संस्थाहरूको क्षमता अभिवृद्धि ६५
३.४.५ महिला तथा बालबालिका सेवा केन्द्रहरूको क्षमता विकास ६५
३.४.६ कूटनीतिक निकायहरूको क्षमता विकास ६५
३.५ समन्वय, सहयोग र सहकार्य ६६
३.५.१ राष्ट्रियस्तरमा सरोकारवालाहरूबीच समन्वय, सहयोग र सहकार्य ६६
३.५.३ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध स्थानीयस्तरमा सबै सरोकारवालाहरूबीच सम्बन्ध र सहकार्य ७०

**खण्ड : ४**

**मानव बेचबिखन नियन्त्रणका चुनौती, निष्कर्ष र सुझावहरू**

४ चुनौती ७२
४.१ निरोधसम्बन्धी चुनौती ७२
४.२ संरक्षणसम्बन्धी चुनौती ७३
४.३ कानुनी कारबाही ठद्ध
४.४ क्षमता विकास : ७५
४.५ समन्वय, सहयोग र सहकार्य ७६
४.६ निष्कर्ष ७६
४.७ सुझाव ७८
४.७.१ निरोध (Control) ७९
४.७.३ कानुनी कारबाही ८१
४.७.४ क्षमता विकास ८१
४.७.५ समन्वय, सहयोग र सहकार्य ८२
४.८ मध्यावधि मूल्याङ्कन प्रतिवेदनको सुझाव कार्यान्वयन ८२

अनुसूची १ ८३
चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारविरुद्ध राष्ट्रिय नीति, २०५२ ८३
अनुसूची २ ८४
वैदेशिक रोजगार नीति, २०६८ : महिला कामदारका सरोकारलाई सम्बोधन गर्ने रणनीतिहरू ८४
अनुसूची ३ ८५
बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा उल्लेख भएका बुँदाहरू ८५
अनुसूची ४ ८६
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी संवैधानिक तथा संशोधित कानुनी व्यवस्था ८६
अनुसूची–५ ८८
राष्ट्रिय महिला आयोगमा परेका मानव बेचबिखन तथा ओसारपसारविरुद्धका उजुरीहरूको विवरण ८८
आ.व.२०७५/७६ मा आयोगमा परेका उजुरीसम्बन्धी विवरण ८८
अनुसूची–६ ८९
समाज कल्याण परिषद्सँग सम्झौता गरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा गैरसरकारी संस्थाहरूद्वारा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सञ्चालित परियोजनाहरूको विवरण २०७५/७६ ८९

# परिचय

## १.१ पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसारको कार्य कुनै न कुनै रूपमा मानव समाजको विकासक्रमसँगै सुरु भएको अनुमान गर्न सकिन्छ। मानव समाजको विकासक्रमको इतिहास अध्ययन गर्दा समय र विकासको क्रमसँगसँगै विभिन्न स्वरूपमा मानव बेचबिखन तथा ओसारपसारको कार्य पनि विस्तार हुँदै आएको देखिन्छ। एक्काइसौँ शताब्दीमा प्रवेश गर्दैगर्दा केही दशक अघिसम्म अकल्पनीय ठानिएको विज्ञान र प्रविधिको विकास तथा प्रयोगबाट भएको वर्तमान उच्च विकसित मानव समाजमा समेत यो एक चुनौतीको रूपमा देखा परेको छ।

विभिन्न अध्ययन अनुसन्धानबाट हेर्दा मानवको बेचबिखन तथा ओसारपसार बाल श्रम, बाल दासत्व, धर्मपुत्र धर्मपुत्री, बालविवाह, बँधुवा श्रम तथा दासत्व, मानव अङ्ग प्रत्यारोपण, यौन दासत्व, व्यावसायिक यौन शोषण, गैरकानुनी आप्रवासन आदि कार्यका लागि भइरहेको देखिन्छ। यसले विश्व जगतमा एउटा अन्तरदेशीय सङ्गठित अपराधको रूप लिइरहेको छ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मानव बेचबिखन तथा ओसारपसारविरुद्धका कार्यहरूको सञ्चालनको जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकेको छ। छुट्टै मन्त्रालयको रूपमा वि.सं. २०५२ मा स्थापना भएको हालको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आफ्नो स्थापनाकालदेखि नै गर्दै आइरहेको विभिन्न कार्यहरूमध्ये चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार नियन्त्रणसम्बन्धी कार्य एक महत्त्वपूर्ण कार्य हो। यस क्रममा "यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिका बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना, २०५६" तर्जुमा गरी दक्षिण एसियामै पहिलो पटक योजनाबद्ध ढंगले मानव बेचबिखन नियन्त्रणका कार्यक्रमहरू सुरु गरेको मानिन्छ। त्यसबखत देशभर महिला तथा बालिकाहरूको बेचबिखनको जोखिमका आधारमा बढी जोखिमपूर्ण २६ जिल्लाहरू पहिचान गरी केन्द्रदेखि स्थानीयस्तरसम्मको सङ्गठनात्मक संरचनास्वरूप केन्द्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सचिवको संयोजकत्वमा राष्ट्रियस्तरको कार्यदल र जिल्ला तथा साविक गाविसस्तरीय कार्यदलहरू गठन गरेर चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारविरुद्धका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि समयसापेक्ष रूपमा विभिन्न ऐन नियमहरू निर्माण गरिएका छन्। वि.सं. २०४३ मा तर्जुमा भई कार्यान्वयनमा रहेको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ को खारेज भइ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ जारी भयो। मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ तथा यसको कार्यान्वयन योजना, २०७१ बनाई लागू गरियो। यी ऐन, नियमावली, कार्ययोजना आदिको व्यवस्थाबमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थायीरूपमै राष्ट्रिय, जिल्ला तथा स्थानीयस्तरमा विभिन्न समितिको व्यवस्था हुन आयो। यसले देशभर केन्द्रदेखि साविकका गाविस, नगर र वडास्तरमा समेत स्थानीय समितिहरू क्रियाशील बनायो। यी कानूनी तथा संरचनाहरूबाट मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी निरोधात्मक, संरक्षणात्मक तथा कानुनी उपचारका कार्यहरू भइरहेका छन्। यसकासाथै नेपालभर मानव बेचबिखन तथा ओसारपसारको समस्या नियन्त्रणका लागि कार्यरत सरोकारवालाहरूको क्षमता विकास र सरकारी, गैरसरकारी एवं विकासका साझेदारहरूको आपसी समन्वय र सहकार्यमा विभिन्न क्रियाकलापहरू हुँदै आएका छन्। समयको क्रमसँगै बदलिँदो राजनीतिक परिवेश र राज्यको पुनसंरचनापश्चात मुलुक संघीय संरचनामा रूपान्तरण भइ संघ, प्रदेश र स्थानीय तहका सरकार बनिसकेको वर्तमान अवस्थामा हाल विद्धमान कानूनी व्यवस्थाहरूलाईसंघीय संरचनाअनुरूप परिमार्जन

गर्दै जानुपर्ने छ। मानव बेचबिखन तथा ओसारपसारजस्तो जघन्य अपराधलाई नियन्त्रण गर्न मन्त्रालयलेसक्रियताका साथ कार्य गरिरहेको छ।

विश्वमा कुनै सरकारको एक्लो प्रयासबाट मात्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्य सम्भव छैन। यसका लागि विभिन्न नागरिक समाज, गैरसरकारी संघसंस्थाहरू, निजी क्षेत्र, विकासका साझेदारहरूसमेतको समन्वयात्मक प्रयास अनिवार्य हुन्छ। विभिन्न सरकारी तथा गैरसरकारी संस्था तथा सञ्जालहरू र विकासका साझेदारहरूबीच समन्वयका लागि संयोजनकारी भूमिका राज्यकातर्फबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले निभाउँदै आएको छ।

मानव बेचबिखन तथा ओसारपसारविरुद्ध विभिन्न निकाय तथा गैरसरकारी संस्थाहरूबाट हरेक वर्ष सम्पादन हुने गतिविधिहरूको एकीकृतरूपमा प्रगति संकलन र विश्लेषण गरी वार्षिक राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्ने कार्यलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आ.व. २०६८/२०६९ देखि निरन्तरता दिँदै आएको छ। यसरी वर्षभरि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका निरोधजन्य, संरक्षणजन्य, न्यायमा पहुँच दिलाउने र बेचबिखनका पीडक तथा दलालहरूमाथि गरिएका कानुनी कारबाहीसम्बन्धी गतिविधिहरू र यस्ता गतिविधि सम्पन्न गर्नका लागि आवश्यक क्षमता विकास, समन्वय, सहकार्य र साझेदारितासम्बन्धी कार्यक्रमहरूको समग्र विश्लेषण प्रतिवेदनमा समेटिन्छन्। यसै क्रममा यो आठौं प्रतिवेदनको रूपमा“मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन, २०७६” प्रकाशन गरिएको छ।

## १.२ मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

सामान्यरूपमा प्रलोभनमा पारी, झुक्याई, डरत्रास देखाई कुनै पनि व्यक्तिलाई उसको इच्छाविपरीत कुनै न कुनै रूपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले जबरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई नै मानव बेचबिखन भनिन्छ। मानव बेचबिखन तथा ओसारपसारको कार्यमा अन्तर्निहित तत्त्वहरू देहायबमोजिम रहेका हुन्छन् :

(क) क्रियाकलाप- व्यक्तिहरूलाई भर्ना, ओसारपसार, स्थानान्तरण, प्राप्त गर्नु वा आश्रय दिनु

(ख) माध्यम - धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिम अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्न कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनुलिनु र

(ग) उद्देश्य - व्यक्तिको शोषण गर्ने

आधुनिक युगको दासतालाई पहिचान गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूले मूलतः सारभूत रूपमा निम्न अभ्यासकार्यहरूलाई लिएको पाइन्छ :

(१) कुनै व्यक्तिलाई उनमा अन्तर्निहित हिँडडुल गर्ने स्वतन्त्रतामाथि लगाइएको बन्देजको मात्रा,

(२) व्यक्तिको वैयक्तिक सम्पत्ति वा जायजेथामाथि लगाइएको नियन्त्रणको मात्रा, र

(३) व्यक्तिको सूचित सहमतिको अस्तित्व र दुई पक्षबीच कायम सम्बन्धको प्रकृतिबारे पूर्ण बोध

नेपालको राष्ट्रिय कानुनलगायत विभिन्न दस्तावेजअनुसार मानव बेचबिखन तथा ओसारपसारका केही परिभाषाहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | स्रोत दस्तावेज | परिभाषा |
|---|---|---|
| १. | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ (दफा ४) | (क) कुनै उद्देश्यले मानिस बेच्ने वा किन्ने,<br>(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,<br>(ग) प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र<br>(घ) वेश्यागमन गर्ने। |

| क्र.सं. | स्रोत दस्तावेज | परिभाषा |
|---|---|---|
| २. | नेपालको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) | (क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,<br>(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाजी गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने । |
| ३. | “मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधीन आलेख, २०००” अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पुरक (पालेर्मो) प्रोटोकल । | (क) “शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिम अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनेलिने गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने । शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमाराकमारी वा मानव अङ्ग झिक्नु ।”<br>(ख) यो धाराको उपदफा (क) मा उल्लेख भएका आशय शोषणका लागि मानव बेचबिखनबाट पीडितको स्वीकृति रहेकोमा उपदफा (क) मा उल्लेख भएको कुनै माध्यम अपनाएकोमा सो असम्बन्धित हुनेछ ।<br>(ग) यो धाराको उपदफा (क) मा उल्लेख नभए तापनि कुनै बालबालिकाको शोषण गर्ने उद्देश्यले भर्ती गर्ने ओसारपसार गर्ने, स्थानान्तरण गर्ने आश्रय दिने वा प्राप्त गर्ने कार्य मानव बेचबिखन मानिनेछ ।<br>(घ) “बालबालिका” भन्नाले १८ वर्ष मुनिका कुनै पनि व्यक्तिलाई मान्नु पदर्छ ” । |
| ४. | वेश्यावृतिका लागि महिला र बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धि, २००२ | “बेचबिखन भन्नाले व्यक्तिको इच्छा वा इच्छाबिना देशभित्र वा बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले वेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिकाको ओसार पसार वा किनबेचलाई बुझाउँछ ।” |

| क्र.सं. | स्रोत दस्तावेज | परिभाषा |
|---|---|---|
| ५. | संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्च आयुक्तको कार्यालय, संयुक्त राष्ट्र बाल कोष र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (OHCHR, UNICEF & IOM)।" | "दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रमलगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति पदको दुरूपयोग गरी काममा लगाउनु वा ओसारपसार गर्नु वा एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन तथा ओसारपसार हो।" |
| ६. | Global Alliance Against Trafficking in Women (GAATW) | "कुनै पनि व्यक्तिलाई ललाई फकाई डर देखाई धम्क्याई बल प्रयोग गरी बँधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरी यौन शोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति एक ठाउँबाट अर्को ठाउँमा लग्नु" बेचबिखन हो।" |
| ७. | बेचबिखनमा परेका व्यक्तिको उपचारका लागि मानवअधिकार मापदण्ड (Human Rights Standards for the Treatment of Trafficked Person) | "कुनै कार्यका लागि भर्ना गर्दा, देशको सीमाभित्र वा बाहिर ओसार पसार गर्दा, खरिद बिक्री गर्दा, स्थानान्तरण गर्दा, धोका दिएर कुनै व्यक्तिलाई ग्रहण गर्दा, शक्ति वा अख्तियारको दुरूपयोग वा धम्कीको प्रयोग लगायतका जबरजस्ती गरिने कार्यहरू वा कसैलाई ऋण बन्धनमा पारेर कब्जामा राख्ने, बिनापारिश्रमिक वा पारिश्रमिकसहित अनिच्छापूर्वक दासी बनाएर राख्ने (घरेलु, यौनदासी वा प्रजननको प्रयोजनका लागि) कार्यहरू तथा आफू सुरुको अवस्थामा रहेको समुदाय भन्दा फरक समुदायमा कसैलाई जबरजस्ती श्रम लुटेर बँधुवा मजदुरका रूपमा वा दासतापूर्ण परि स्थितिमा राख्न बाध्य गराउने क्रियाकलापहरू।" |

### १.३ मानव बेचबिखन तथा ओसारपसारको समस्या :

मानव बेचबिखन तथा ओसारपसारबारे आधिकारिक सूचना प्राप्त गर्न निकै कठिन छ। विश्वभरि कुनै न कुनै रूपमा आधुनिक युगको दासतामा बाँच्न परेका ४ करोड मानिसहरूमध्ये दुईतिहाइ एसिया महादेशमा रहेको Walk Free Foundation को Global Slavery Index 2018 ले देखाएको छ। ती मध्ये ७० प्रतिशत महिला तथा बालबालिका रहेको देखिन्छ। उक्त तथ्यांकअनुसार नेपालमा कुल जनसंख्याको झण्डै ६ प्रतिशत मानिसहरू आधुनिक दासत्वमा बाँच्नुपरेको तथ्य छ। यी तथ्यअनुसार पनि अन्तर्राष्ट्रिय श्रम बजारमा सस्तो श्रमको बढ्दो मागसँगै विश्वमा मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू विश्वव्यापीरूपमै भइरहेको स्थिति देखिन्छ।

विश्वव्यापी रूपमा हुने मानव बेचबिखन मध्ये ७५–८० प्रतिशत बेचबिखन यौनजन्य शोषणको लागि हुने गरेको छ। विश्वभरमा करिब २ करोड ७० लाख वयस्क र १ करोड ३० लाख बच्चाहरू बेचबिखनमा पीडितको रूपमा रहेका देखिन्छन्। मानव बेचबिखनको फेरिँदो आयाम तथा रूपहरू शारीरिक अंगहरू (मृगौला, कलेजो, रगत) को तस्करी बढ्दै गइरहेको छ। करिब १७ प्रतिशतलाइ Forced Labour को रूपमा राखिने गरेको र करिब ३ जना पीडित मध्ये २ जना महिला रहने गरेको अवस्था छ।

मानव बेचबिखन तथा ओसारपसारको जोखिममा प्रायः अशिक्षित वर्ग र चेतनाको कमी भएका व्यक्तिहरू रहेको पाइएता

पनि यसबाट खास समूहमात्र प्रभावित भएको भन्ने हुँदैन। बेचबिखनको चपेटामा गरिबी र बेरोजगारीका कारण जीविकोपार्जनको समस्यामा रहेका व्यक्तिहरू बढी मात्रामा पर्ने घटना भने धेरै देखिन्छ। आधुनिकता र खासगरी मनोरञ्जनका नाममा यौन कार्यका लागि युवायुवतीहरूको बढ्दो मागले पनि मानव बेचबिखनको कार्यलाई बढावा र बिस्तार गरेको देखिन्छ। न्यून लगानीमा अधिक नाफा हुने कम जोखिमपूर्ण धन्दाकारूपमा लिइनु नै विश्व बजारमा मानव बेचबिखन तथा ओसारपसारको कार्य बिस्तार हुनुको मूल कारण मानिन्छ। हातहतियार र लागू औषधिको अवैध कारोबारसरह अन्तरदेशीय सङ्गठित अपराधको रूपमा फैलिँदो मानव बेचबिखन तथा ओसारपसारको कार्यको विविध कारण हुन सक्ने भए पनि घरेलु हिंसा, यौन दुर्व्यवहारलगायत लैङ्गिकतामा आधारित हिंसा र द्वन्द्वबाट प्रभावित महिला तथा बालबालिकाहरू, घरबाट भागेका बालबालिका, किशोरी, युवा र महिलाहरूको संख्या र स्थितिले मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न दलालहरूलाई प्रोत्साहन पुगेको पाइन्छ।

महिला तथा किशोरीहरूलाई विश्व समाजमै आदिकालदेखि उपभोग्य वस्तुकोरूपमा हेर्ने दृष्टिकोण कायम रहँदै आएको छ। वर्तमान एक्काइसौं शताब्दीमा समेत दासत्वजन्य व्यवहार कुनै न कुनै रूपमा सामाजिक मूल्य र मान्यताका रूपमा परम्परासरी चलिरहेकै अवस्थामा रहेको देख्न सकिन्छ। यस्तो व्यवहार खासगरी यातायात, जरी, गलैंचा, गार्मेट, इँटाभट्टा, इनार खन्ने र सफा गर्नेलगायतका सेवा, व्यवसाय, उद्योग, कलकारखाना तथा डान्स बार, केबिन रेस्टुरेन्ट, मसाज पार्लर, चिया पसलहरू आदि क्षेत्रहरूमा देख्न सकिन्छ। यस क्रममा खासगरी बालबालिकाहरू यौन वा श्रम शोषणमा परेका हुन्छन्। घरेलु नोकरका रूपमा काममा लगाइएका, पढाइदिने, लाउनखान दिने नाममा धनाड्य, सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा राजनीतिक तथा सामाजिक अगुवा मानिने व्यक्तिका घर-घरमा समेत महिला तथा बालबालिकाहरूको शोषण भइरहेको यत्रतत्र देख्न पाइन्छ। अनौपचारिकरूपमा श्रम शोषणमा परिरहेका तथ्याङ्कमा नपरेका घरायसी काममा लगाइएका तथा निर्वाहमुखी कृषि क्षेत्रका मालिक वा जमिन्दारको घरखेतका चरुवा, गोठाला, खेतालाको कार्य वा घाँस काट्ने र खाजा पुऱ्याउने काममा लगाइएका गरिब परिवारका महिला तथा बालबालिकाहरूको खोजतलास तथा गणना कहीं कतै भएको अभिलेख पाइँदैन। यसरी पितृसत्ता, पुरुषत्व, शक्ति उन्माद, सम्पन्नता, उपभोगवाद, लैङ्गिक विभेदका कारण उपभोग्य वस्तुको रूपमा खासगरी महिला, बालबालिका तथा किशोर किशोरीहरू बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भइरहेका हुन्छन्।

वैदेशिक रोजगारका क्रममा पनि मानव बेचबिखन तथा ओसारपसारमा परेका महिला तथा बालबालिकाहरूको संख्या बढ्दो छ। स्वदेशमा रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगारमा जान बाध्यात्मक परिस्थितिका कारण ठगी र छलीमा परी खासगरी महिलाहरू बेचबिखन हुन पुगेका किशोरीहरूको बढ्दो माग रहेको मनोरञ्जन क्षेत्रमा मुलुकबाहिर मात्र नभई मुलुकभित्रसमेत महिलाहरूको शोषण तथा बेचबिखन भइरहेको छ। प्राकृतिक प्रकोपबाट प्रभावित स्थान र समुदायका जीवन बाँच्नकै लागि संघर्षरत गरिब परिवारका बालबालिका, किशोर तथा युवाहरू कमजोर नियमन प्रणालीका कारण बेचबिखनमा पर्न बाध्य भइरहेका छन्।

विगतमा मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले नेपाललाई बढी स्रोत (Source) मुलुकको रूपमा उल्लेख गर्ने गरेको पाइएता पनि हाल आएर देशभित्रै आन्तरिक रूपमा मानव बेचबिखनको गतिविधि बढिरहेको र कतिपय रूपमा यहाँ राखी अन्यत्र लैजाने गरेको विवरणहरू प्राप्त भएकोले हाल नेपाल पनि गन्तव्य स्थान र Transit विन्दुको रूपमा समेत विकसित भइसकेको पाइन्छ। विश्वव्यापीकरण, बजारीकरण र अन्तर्राष्ट्रिय सम्बन्धको बिस्तारले यसलाई बढावा दिइरहेको छ। सरोगेसी (भाडामा बच्चा जन्माउने) र विदेशी नागरिकहरूसँग विवाह गर्ने नाममासमेत हुने मानव बेचबिखन तथा ओसारपसारको प्रकृति र शैलीमा व्यापक परिवर्तन हुँदै आएको छ। जोखिम बढिरहेको छ। यसैले मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई उचित ढंगले सम्बोधन गर्न यसको बजारलाई आन्तरिक र बाह्य अर्थात अन्तर्राष्ट्रिय गरी दुई तहमा अध्ययन विश्लेषण गरिनु जरुरी छ।

**(क) आन्तरिक बजार**

विश्वमा भइरहेको बढ्दो जनसंख्या, शहरीकरण, बेरोजगारी तथा गरिबीका कारण यौन धन्दामा लाग्न बाध्य बनाउनेजस्ता क्रियाकलापहरूले समयको अन्तरालसँगै मानव बेचबिखनको स्वरूपमा विविधता ल्याइरहेको छ। घरेलु काममा लगाउने र रोजगारी दिने नाममा नेपालको खासगरी शहरोन्मुख बजार तथा राजमार्ग केन्द्रित स्थानकासाथै काठमाडौं विराटनगर, इटहरी,

बिर्तामोड, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढीलगायतका सहरहरूका होटेल रेस्टुरेन्टहरूमा यौन धन्दाका क्रियाकलापहरू व्यावसायिक रूपमै बढिरहेको पाइन्छ । स्थानीय दलालको रूपमा आफ्ना नातेदारहरू तथा परिवारका सदस्यसमेत मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न रहने गरेको अवस्थाले बेचबिखनको आन्तरिक बजार दिनप्रतिदिन बढ्दो रहेको सिद्ध हुन आउँछ । यसरी नेपालको आन्तरिक बजारको बढ्दो मानव बेचबिखन तथा ओसारपसारका गतिविधिहरूले जटिल रूप लिइहेको छ ।

**(ख) अन्तर्राष्ट्रिय बजार**

नेपाल र भारतबीच रहेको आपसी सम्बन्धअनुसार सीमा वारपार गरी एक देशबाट अर्को देश आवतजावतगर्न यात्रा अनुमतिपत्रको आवश्यकता नपर्ने हुनाले खुला सीमानाको प्रयोग गरी दलालहरूले छिमेकी राष्ट्र भारतको बाटोबाट नेपाल सरकारले निषेध गरेका भारतबाहेक तेस्रो देशसम्म नेपाली महिला, किशोरी तथा बालबालिकाहरू र पुरुषहरूलाई बेचबिखन गर्न पुऱ्याउने घटनाहरू बढ्दो छ ।

यसैगरी अज्ञानतावश वैदेशिक रोजगारीको नाममा भारतको अन्तर्राष्ट्रिय विमानस्थलहरूको प्रयोग गरी नेपालका विभिन्न जिल्ला तथा स्थानबाट खासगरी महिला, किशोरी तथा बालबालिका र युवा पुरुषहरू श्रम तथा यौन शोषणका लागि भारतबाहेक अन्य विभिन्न मुलुकहरूमा पुगिरहेका छन् । दलालहरूले आधुनिक प्रविधिसमेतको प्रयोग गरी मानव बेचबिखन तथा ओसारपसारको बजार धन्दा बढाइरहेको अवस्थामा नेपाली महिलाहरू वैदेशिक रोजगारीको बहानामा समेत मानव बेचबिखनको उच्च जोखिममा रहेको पाइन्छ । यसरी सङ्गठित रूपमा विभिन्न गिरोहद्वारा व्यावसायिक ढंगले भइरहेको मानव बेचबिखन तथा ओसारपसार कार्यले एक अन्तर्देशीय सङ्गठित अपराधको रूप लिइरहेको छ ।

## १.४ प्रतिवेदनको उद्देश्य

आ.व.२०७५/७६ को अवधिमा देशभर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरकारी तथा गैरसरकारी संस्थाहरूको प्रयासबाट भएगरेका क्रियाकलापहरू र त्यसको उपलब्धिहरूबारे जानकारी गराउनु यस "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७६" को प्रमुख उद्देश्यहो ।

## १.५ प्रतिवेदन तयारी विधि

प्रस्तुत प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचना संकलनका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिएका छन् :

(क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कार्यरत विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँगको छलफलबाट जानकारी प्राप्त गरिएको ।

(ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूले प्रगतिका रूपमा तयारगरेका विवरण संकलन गरिएको ।

(ग) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूबाट प्राप्त प्रकाशित तथा अप्रकाशित प्रतिवेदन तथा तथ्याङ्कको प्रयोग गरिएको ।

(घ) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूको आधार लिइएको ।

(ङ) विभिन्न निकाय तथा संस्थाहरूको वेभसाइट अध्ययन गरी सूचना तथा तथ्याङ्क साभार गरिएको ।

(च) विगत वर्षका "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन" हरूको अध्ययन र प्रयोग भएको ।

## १.६ प्रतिवेदनको सीमा

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ ले निर्धारण गरेको प्राथमिकताका क्षेत्रहरू- निरोधात्मक, संरक्षणात्मक, कानुनी कारबाही, क्षमता

विकास र साझेदारहरूको आपसी समन्वय र सहकार्यलाई यो प्रतिवेदनमा रहेका शीर्षकहरूको आधार बनाइएको छ। यसरी आ.व.२०७५/७६ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सम्पादित गतिविधिहरूको विवरण प्रस्तुत गर्दा तुलनाका लागि यसअघिका पूर्वप्रतिवेदनहरूमा रहेका केही आवश्यक अंशहरूसमेत यस प्रतिवेदनमा समेटिएका छन्।

### १.७ प्रतिवेदनको स्वरूप

यो प्रतिवेदनमा जम्मा पाँच भाग रहेको छ। पहिलो भाग परिचयको उपशीर्षकअन्तर्गत पृष्ठभूमि, मानव बेचबिखन तथा ओसारपसारको परिभाषा, मानव बेचबिखन तथा ओसारपसारको समस्या, प्रतिवेदनको उद्देश्य, प्रतिवेदन तयारी विधि, प्रतिवेदनको सीमा र प्रतिवेदनको स्वरूप रहेका छन् भने दोस्रो भाग– मानव बेचबिखन तथा ओसारपसारविरुद्धका नीति, कानुन तथा संस्थागत व्यवस्था शीर्षकको उपशीर्षकअन्तर्गत नीतिगत व्यवस्था, कानुनी व्यवस्था, संस्थागत संरचनाहरू, आवधिक योजनाहरू, राष्ट्रिय कार्ययोजनाहरू र निर्देशिका, कार्यविधि तथा मापदण्डहरू उल्लेख गरिएका छन्। तेस्रो भाग प्रतिवेदन अवधिमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्रियाकलापहरूअन्तर्गतको उपशीर्षकमा निरोधजन्य क्रियाकलापहरू, पीडित/प्रभावितहरूको संरक्षण, कानुनी कारबाही, क्षमता विकास र समन्वय, सहयोग र सहकार्यसम्बन्धी भएगरेका प्रगति उल्लेख गरिएका छन्। भाग चारमा मानव बेचबिखन नियन्त्रणका चुनौतीहरू शीर्षकअन्तर्गत निरोध, संरक्षण, कानुनी कारबाही, क्षमता विकास र समन्वय, सहयोग र सहकार्य उपशीर्षकहरूमा मानव बेचबिखनसम्बन्धी चुनौतीहरूको बुँदागत विवरण दिइएको छ। यसैगरी अन्तिम भाग पाँचमा प्रतिवेदनको निष्कर्ष र आगामी मार्गदिशाकाबारे निरोध, संरक्षण, कानुनी कारबाही, क्षमता विकास तथा समन्वय, सहयोग र सहकार्यलाई प्रभावकारी बनाउनसुझाव प्रस्तुत गरिएको छ।

अनुसूचीहरूमा अभिलेखका रूपमा रहेका केही महत्त्वपूर्ण दस्तावेज एवं आवश्यकताअनुसार सूचना/तथ्याङ्कबारे विस्तृत जानकारी दिइएको छ।

समग्रमा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आ.व. २०७४/७५ मा सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबाट सम्पादित मुख्य-मुख्य कार्यहरूको प्रगति संकलित यो प्रतिवेदन "मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८" ले निर्धारण गरेको पाँचवटा प्राथमिकता क्षेत्रहरू र सो अन्तर्गतका रणनीतिहरूलाई मुख्य आधार बनाई प्रस्तुत गरिएको छ।

# मानव बेचबिखन तथा ओसारपसारविरुद्धका नीति, कानुन तथा संस्थागत व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेपाल सरकारले अबलम्बन गर्दै आएको मुख्य मुख्य नीति, कानुन तथा संस्थागत व्यवस्था यस प्रकार रहेको पाइन्छ।

## २.१ नीतिगत व्यवस्था

### २.१.१ चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारविरुद्धको राष्ट्रिय नीति, २०५२

नेपाल सरकारले जारी गरेको चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरुद्धको यस नीतिमा मूलरूपमा चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि स्थानीयस्तरसम्मको संरचना बिस्तार, अन्तर्राष्ट्रिय क्षेत्रसँगको समन्वयलगायत बेचबिखनबाट पीडित/प्रभावितको न्यायमा पहुँच, प्रभावितहरूको व्यवसायिक सीप विकास र आत्मनिर्भरताजस्ता विषयहरू समेटिएका छन्। प्रतिवेदनको अनुसूची १ मा यस नीतिको बुँदागत विवरण प्रस्तुत गरिएको छ।

### २.१.२ वैदेशिक रोजगार नीति, २०६८

यस वैदेशिक रोजगार नीति, २०६८ ले अवलम्बन गरेको रणनीतिअन्तर्गत रोजगारका लागि विदेश जाने महिला कामदारहरूका सरोकारलाई सम्बोधन गर्ने, उनीहरूको रोजगार पाउने अधिकार सुनिश्चित गर्ने, श्रम आप्रवासनको व्यवस्थापनमा सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत विभिन्न सरोकारवालाहरूबीच समन्वय कायम गर्ने, अन्तरमुलुक सञ्जालहरू बनाई समन्वयात्मक ढंगले कार्य सञ्चालन गर्नेजस्ता विषयहरू रहेबाट यसले समग्र आप्रवासनका क्रममा हुन सक्ने मानव तस्करीलाईसमेत दुरुत्साहन गरेको देखिन्छ। यस नीतिमा रहेका खासगरी वैदेशिक रोजगारीका लागि विदेश जाने नेपाली महिला कामदारहरूको सरोकारका विषयहरू सम्बोधन गर्न समेटिएका रणनीतिक बुँदाहरू अनुसूची २ मा दिइएको छ।

### २.१.३ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

नेपाल सरकारले तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको "बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९" ले बालबालिकाहरूको संरक्षण, विकास, सहभागिता तथा न्यायका लागि राखेको उद्देश्य यस प्रकार रहेको देखिन्छ :

(क) बालबालिकाहरूलाई सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट संरक्षण गर्ने,

(ख) बालबालिकाहरू जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार, पोषण र शिक्षा प्रदान गरी उनीहरूको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,

(ग) बालबालिकाहरूसँग सम्बद्ध विषयहरूमा आफ्ना विचारहरू अभिव्यक्त गर्ने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने,

(घ) बालबालिका विरुद्धको विभेद अन्त्य गर्ने र

(ङ) बाल न्याय प्रणालीलाई सुदृढ गर्ने

यस राष्ट्रिय नीतिले बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि समेटेका विषयगत बुँदाहरू अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

## २.२ कानुनी व्यवस्था

वि.सं. १८२५ मा नेपालको एकीकरणपश्चात् पृथ्वीनारायण शाहले बनेपा, धुलिखेललगायत सात गाउँका मानिसहरूले कमाराकमारी राख्न नपाउने घोषणालेराज्य प्रशासन पहिलादेखि नै मानव बेचबिखन तथा दासताकाविरुद्ध संवेदनशील रहेको कुरा पुष्टि गर्दछ।

नेपाल सरकारले वि.सं. १९८२ वैशाख १ गतेको नेपालभर दास प्रथा उन्मूलन गर्ने घोषणा, नयाँ मुलुकी ऐन, २०२० मा मानिसको बेचबिखनलाई अपराध मानी तोकिएको सजायको व्यवस्था र २०३३ मा यसमा भएको छैटौं संशोधनबाट मानिसको बेचबिखनका लागि गरिएको अरू थप सजायको व्यवस्था तथा "जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३" आदि महत्वपूर्ण कानुनी प्रावधान हुन्।

### २.२.१ नेपालको संविधान

मानव बेचबिखनलाई निषेध गर्नका लागि नेपालको संविधानको धारा २९ को शोषणविरुद्धको हकअन्तर्गत (३) मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बँधुवा बनाउन पाइने छैन भन्ने उल्लेख गरिएको छ भने धारा ३८ को महिलाको हक र धारा ३९ को बालबालिकाको हकको व्यवस्थाबाट पनि मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई निषेध गरिएको छ।

### २.२.२ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली, २०६५

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रणका लागि तजुमा गरी लागू गरिएको 'जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३' खारेज गरी 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' र सोको 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५' कार्यान्वयनमा रहेको छ।

### २.२.३ अन्य कानुनहरू

समयको अन्तरालसँगै हाल प्रत्यक्ष वा परोक्षरूपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग बढी सम्बन्ध राख्ने तथा सहयोगी हुने अन्य केही ऐन तथा नियमावलीहरू यस प्रकार रहेका छन् ः

**ऐनहरू**

- बालबालिकासम्बन्धी ऐन, २०७५
- राष्ट्रिय महिला आयोग ऐन, २०७४
- मानव बेचबिखन तथा ओसारपसारविरुद्ध राष्ट्रिय समितिको सदस्य छनौट मापदण्ड, २०७४
- कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण ऐन, २०७१
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६
- वैदेशिक रोजगारसम्बन्धी ऐन र नियमावली, २०६४
- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३
- कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

**नियमावलीहरू**

- घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
- आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- बाल न्याय (कार्यविधि) नियमावली, २०६३

- बालबालिकासम्बन्धी नियमावली, २०५१

## २.३ संस्थागत संरचनाहरू

राज्यका तीन अंगहरू- व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा स्वतः संलग्न हुन्छन् । राज्यका यी अंगहरूअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने संघसंस्था तथा सरोकारवालानिकायहरू यसप्रकार रहेको छन् ः

### २.३.१ **व्यवस्थापिका संसदअन्तर्गत रहेको महिला तथा सामाजिक समिति**

महिला तथा सामाजिक समितिको कार्यक्षेत्रअन्तर्गत पर्ने विषयहरूमध्ये महिलासम्बन्धी मुद्दा एक हो। यस क्रममा मानव बेचबिखन नियन्त्रणमा पनि यस समितिको महत्वपूर्ण भूमिका रहन्छ।

### २.३.२ : **न्यायपालिकाअन्तर्गत**

#### २.३.२.१ **अदालतहरू**

**(क) सर्वोच्च अदालत**

सर्वोच्च अदालतले मानव बेचबिखन तथा ओसारपसारको कार्यबाट पीडित/प्रभावितहरूको संरक्षण र न्याय दिलाउने कार्यका लागि समय-समयमा विभिन्न महत्त्वपूर्ण फैसला, निर्णय तथा निर्देशनात्मक आदेशहरू जारी गर्ने महत्त्वपूर्ण भूमिका पनि निर्वाह गर्दै आइरहेको पाइन्छ।

**(ख) उच्च अदालत**

संघीय कानुनबमोजिम  उच्च अदालतले सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्नेलगायतका कार्यहरू प्रदेशप्रदेशमा स्थापित ७ वटा उच्च अदालत तथा उक्त उच्च अदालतका विभिन्न ९ वटा इजलास र २ वटा अस्थायी इजलास गरी कुल १८ वटा अदालत तथा इजलासहरूबाट सम्पादन गर्दै आएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी मुद्दा छिटो छरितो ढंगले फछ्र्यौट गर्न यस किसिमको व्यवस्था निश्चय पनि बढी प्रभावकारी मानिएको छ।

**(ग) जिल्ला अदालत**

मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा जिल्ला तहका अदालतहरूबाट समयमै मुद्दा फैसला गरी न्याय दिलाउन सुनुवाइको प्रक्रिया निरन्तर राख्ने, गोपनीयता कायम राख्ने, पीडित तथा साक्षीको संरक्षण गर्ने, पीडितकातर्फबाट बहस पैरवी गर्ने कानुन व्यवसायी नियुक्त गर्ने, हुँदैसम्मको सजाय तोक्ने, पीडितलाई क्षतिपूर्ति भराउनेजस्ता निकै प्रभावी र उदाहरणीय फैसला तथा निर्णय हुने गरेको पाइन्छ।

#### २.३.२.२ **महान्यायाधिवक्ताको कार्यालय**

सरकारको मुख्य कानुनी सल्लाहकारको रूपमा महान्यायाधिवक्ताले सरकारलाई संवैधानिक एवं कानुनी विषयमा राय सल्लाह प्रदान गर्ने गर्दछ । मानव बेचबिखन तथा ओसारपसारविरुद्धका मुद्दा सरकारवादी मुद्दा हुनेहुँदा मानव बेचबिखन नियन्त्रणमा महान्यायाधिवक्ताको कार्यालयको समेत महत्वपूर्ण भूमिका हुन्छ। यसको अभियोजन, वहस पैरवी तथा प्रतिरक्षा सबै कायहरू महान्यायाधिवक्ता वा मातहतका सरकारी वकिल कार्यालय, विशेष सरकारी वकिल कार्यालय तथा सबै जिल्ला सरकारी वकिल कार्यालयहरूबाट सम्पादन हुदै आएका छन्।

### २.३.३ : **कार्यपालिका**

#### २.३.३.१ : **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

देशको प्रशाासनिक क्षेत्रको सर्वोच्च निकायको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबै मन्त्रालयहरूको कामकारबाहीमा समन्वय कायम गर्ने, नीति निर्माण गर्ने र तिनको अनुगमन तथा मूल्याङ्कन गर्ने गर्दछ। मानव बेचबिखन तथा ओसारपसारका कार्यहरू नियन्त्रण गर्न खासगरी मानव बेचबिखन तथा ओसारपसारबारे पर्न आउने उजुरी तथा गुनासाहरूलाई

सम्बन्धित विषयगत निकायमार्फत सम्बोधन गर्नका लागि आवश्यक समन्वय मिलाउने एवम् मार्गदर्शन निर्देशन गर्ने कार्य प्रधानमन्त्रीको कार्यालयबाट हुदै आएको छ।

#### २.३.३.२ : **राष्ट्रिय योजना आयोग**

राष्ट्रिय योजना आयोगको मुख्य कार्य देशको आवधिक योजना तर्जुमा गर्नु हो। आयोगबाट तजुमा भएका विभिन्न क्रमागत आवधिक योजनाहरूमा महिला सशक्तीकरण, लैङ्गिक समानता तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी विषयलाई विशेषरूपमा उल्लेख गरी प्राथमिकता दिइँदै आएको देखिन्छ।

#### २.३.३.३ : **कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले नेपाल सरकारका क्षेत्रगत मन्त्रालयहरूले तयार गरेको कानुन, ऐन, नियमको मस्यौदा परिमार्जनलगायत विभिन्न कानुनी विषयहरूमा राय परामर्श प्रदान गरी अन्य सबै मन्त्रालयहरूलाई कानुनसम्बन्धी विज्ञताको सेवा प्रदान गर्दछ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कानुन निर्माण गरेकोबखत कानुनलाई अन्तिम रूप दिने कार्य स्वभावतः यस मन्त्रालयबाट हुदै आएको छ।

#### २.३.३.४ : **गृह मन्त्रालय**

मुलुकमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य उद्देश्य हो। बेचबिखन र ओसारपसार जस्ता कार्यको सूक्ष्म निगरानी गर्ने, पीडितको खोजी तथा उद्धार गर्ने,अपराधीलाइ पक्राउ गर्ने, अपराधको पुर्पक्षमा रहेका वा कैद सजाय पाएका अभियुक्तहरूलाई कारागारमा राख्ने, नेपाल भारत सीमामा भारतीय समकक्षीहरूसँग सम्पर्क, सम्बन्ध, समन्वय गर्न लगाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने, बेचबिखनका पीडित/प्रभावितहरूको संरक्षणका लागि आवश्यक पहल, उद्धार, स्वदेश फिर्ती गराउनेजस्ता कार्यहरू गृह मन्त्रालय वा अन्तर्गका प्रहरी प्रशासन, कारागार प्रशासन तथा जिल्ला प्रशासन कार्यालयहरूको संलग्नता अपरिहार्य रहेको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय समितिमा गृह मन्त्रालयको प्रतिनिधि रहने व्यवस्था गरिएकोछ भने जिल्लास्तरमा समेत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको अध्यक्षमा पनि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई तोकिएको छ। यसप्रकार मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कार्यलाइ नियन्त्रण गर्न गृह मन्त्रालय र यस अन्तर्गतका निकायहरूको महत्वपूर्ण भूमिका रहेको छ।

#### २.३.३.५ : **परराष्ट्र मन्त्रालय**

मानव बेचबिखन तथा ओसारपसारको कार्य कुनै विशेष एक स्थान वा देशसँगमात्र सम्बन्धित हुन सक्दैन। यो विश्वमै एउटा अन्तर्राष्ट्रिय सङ्गठित अपराधको रूपमा विस्तार भइरहेको अपराध हो। यसैले यस मुद्दाको कारबाहीमा पनि एकभन्दा बढी देशहरूका संलग्नता आवश्यक हुन्छ। विश्वमै एक मुलुकले अर्को मुलुकसँग सम्पर्क गर्नुपर्दा आआफ्नो परराष्ट्र मन्त्रालयमार्फत गर्नुपर्ने सर्वस्वीकार्य नियम हो। यसैले मुलुकभन्दा बाहिर घटेका वा विदेशी नागरिक संलग्न रहेको मानव बेचबिखन तथा ओसारपसारजस्तो अमानवीय अपराधिक घटना वा मामिलाको अनुसन्धान तथा कारबाही परराष्ट्र मन्त्रालयको संलग्नता वा सहभागिताविना सम्भव हुदैन। विदेशमा भएका बेचबिखनका पीडितलाइ सम्बन्धित देशको नेपाली राजदूतावासमार्फत स्वदेश फिर्तापठाउने व्यवस्था मिलाउने कार्यमा परराष्ट्र मन्त्रालयको प्रमुख भूमिका रहेको हुन्छ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि गठितराष्ट्रियसमितिमा परराष्ट्र मन्त्रालयको पनि प्रतिनिधि रहने व्यवस्था छ। यसरी मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित तथा पीडितहरूको उद्धार तथा स्वदेश फिर्ती कार्यमा नेपालको परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग तथा विभिन्न मुलुकहरूमा रहेका नेपाली राजदूतावासहरू संलग्न हुदै आएका छन्।

#### २.३.३.६ : **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र अन्तर्गत**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी विषयहरूको

जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकेको छ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको जिम्मेवारी पूरा गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न मन्त्रालयले विभिन्न नीतिगत, कानुनी तथा आफ्नो संरचनालगायतको व्यवस्था गर्दै आएको छ। मन्त्रालयअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा, महिला तथा बालबालिका विभाग, पुनर्स्थापना केन्द्र, सेवा केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, समाज कल्याण परिषद् आदि निकायहरू मानव बेचबिखन नियन्त्रण कार्यमा संलग्न रहेका छन् ।

#### २.३.३.७ : **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गत**

वैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्या वर्षेनी बढ्दो देखिन्छ। हरेक वर्ष चारलाखभन्दा बढी नेपाली युवाहरू वैदेशिक रोजगारीमा गइरहेको तथ्यांक देखिन्छ। वैदेशिक रोजगारका क्रममा हुने मानव तस्करी र मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण कार्यमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिका रहन्छ। बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा यस मन्त्रालयबाट पनि प्रतिनिधि रहने व्यवस्था रहेको छ । सो मन्त्रालय र अन्तर्गतका वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, वैदेशिक रोजगार न्यायाधीकरण कार्यालयहरूबाट समेत वैदेशिक रोजगारका क्रममा हुन सक्ने मानव बेचबिखन तथा ओसारपसारका क्रियाकलापहरू नियन्त्रण गर्न विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ।

#### २.३.३.८ : **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत देशभर स्थापित विभिन्न तहका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकीहरूबाट देशका सम्पूर्ण नागरिहरूले स्वास्थ्य उपचारको सेवा प्राप्त गरिरहेका हुन्छन् । मानव बेचबिखन तथा ओसारपसारलगायत लैङ्गिक हिंसाबाट पीडित प्रभावितहरूले पनि यीनै स्वास्थ्य निकायहरूबाट स्वास्थ्य परीक्षण तथा शारीरिक र मानसिक स्वास्थ्य उपचारको सेवा प्राप्त गनुपर्ने हुन्छ। यसरी मानव बेचबिखन तथा ओसारपसारलगायत विशेष गरी लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूलाई स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, सेवा गृह, कानुनी संरक्षण, व्यक्तिगत सुरक्षा र व्यावसायिक सीप तालिमलगायतका बहुक्षेत्रगत सेवाहरू प्रदान गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एकद्वार संकट व्यवस्थापन केन्द्रहरू सञ्चालन र विस्तार गर्दै आइरहेको छ।

#### २.३.३.९: **प्रदेश तथा स्थानीय सरकार**

नेपालको शासन प्रणालीमा संघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था लागू भइ राज्य पुनर्ससंरचना भएपछि पुरानो राज्य प्रणालीका विभिन्न तह र स्तरका संरचनाहरू कति खारेजी भए, कति समायोजन भए त कतिपय पुराना संरचनाको स्थानमा नयाँ संरचनाको व्यवस्था भयो । साविक महिला तथा बालबालिका कार्यालयहरू खारेज भइ प्रदेश तथा स्थानीय तहमा समायोजन भएका छन् । र, महिला तथा बालबालिकाका सवालहरू प्रदेश तथा स्थानीय तहका विभिन्न संरचनाहरूमा समायोजन समाहित गरिएका छन् । महिला तथा बालबालिकाका विषयहरूको सम्बोधन प्रदेश र स्थानीय सरकारको कार्यविभाजन नियमावलीबाट गरिएकाछन् । साविकका महिला तथा बालबालिका कार्यालयहरूबाट सम्बोधन हुँदै आएको मानव बेचबिखन तथा ओसार पसारविरुद्ध निरोधात्मक, संरक्षणात्मक तथा न्यायमा पहुँच अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रमहरू हाल प्रदेश तथा स्थानीय सरकारबाट सञ्चालन हुन थालेका छन् । यस क्रममा प्रदेश तथा स्थानीय सरकारबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी विषयहरू पनि सम्बोधन गरिएका हुन्छन् ।

#### २.३.३.१० : **संवैधानिक आयोगहरू**

नेपालको संविधानमा व्यवस्था गरिएका विभिन्न संवैधानिक आयोगहरूले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा परिस्थिति र आवश्यकताअनुसार विभिन्न तहमा आफ्नो भूमिका निभाउँदै आएका छन् । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा प्रत्यक्ष रूपमै संलग्न हुने संवैधानिक आयोगहरूमध्ये राष्ट्रिय मानवअधिकार आयोग तथा राष्ट्रिय महिला आयोग रहेका छन् ।

## २.४ आवधिक योजनाहरू

नेपालको आवधिक योजनाहरूको इतिहासमा तेऱ्हौं योजना (२०७०/०७१-२०७२/०७३) देखिमात्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषयलाई छुट्टै परिच्छेदमा राखी प्रस्तुत गर्न थालिएको देखिन्छ। यस विषयलाई तेऱ्हौँ योजना अघिसम्म लैङ्गिक समानता तथा महिला सशक्तीकरणसम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरूअन्तर्गत संक्षिप्तरूपमा राख्ने गरिएको पाइन्छ । सो प्रावधानलाई पन्ध्रौं योजना (२०७६/७७-२०८१/८२) मा पनि निरन्तरता दिई मानव बेचबिखन नियन्त्रणको विषयलाई विस्तृत रूपमा अरू प्रस्टताका साथ प्रस्तुत गरिएको छ। समय अन्तरालको माग र आवश्यकतासँगै विभिन्न विषयले प्राथमिकता पाउँदै आएको नेपालको आवधिक योजनाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषयले पछिल्ला योजनाहरूमा प्राथमिकता पाउँदै आएको छ।

## २.५ राष्ट्रिय कार्ययोजनाहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक (साविक समाज कल्याण) मन्त्रालयलेलागू गरेको "मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसार पसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८" र यसको समयबद्ध र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरू, कार्यसम्पादनको मापन सूचक, समयावधि र त्यसको नतिजा, निर्दिष्ट कार्यहरू सम्पादनका लागि आवश्यक बजेट, सहयोगी निकाय, मुख्य तथा अन्तिम जिम्मेवार निकायसमेत तोकिएको कार्ययोजना कार्यान्वयन योजना, २०७१ कार्यान्वयनमा रहेको छ। नयाँ परिस्थितिमा राष्ट्रिय कार्ययोजना, २०६८ संशोधन गर्नुपर्ने जरुरी देखिन्छ।

## २.६ अन्य कार्ययोजनाहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकै लागि बनेका कार्ययोजनाहरूको अतिरिक्त देहायबमोजिमका केही विषयगत कार्ययोजनाहरू पनि मानव बेचबिखन नियन्त्रण कार्यमा संलग्न विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूबाट प्रयोग हुँदै आइरहेका पाइन्छ :

- बालश्रम उन्मूलनका लागि गुरु योजना, २०५७ (२००१)
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० (२००४)
- बालबालिकासम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना २०६०-२०७० (२००४-२०१४),
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण (बेइजिङ कार्ययोजना) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१ (२००४),
- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, (२०६७/०६८-२०७१/०७२),
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, (२०६९/०७०-२०७३/०७४),
- चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/०७२ - २०७५/०७६)
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६८ २०७८

## २.७ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न सम्बन्धित निकायहरूबाट निर्माण भई लागू गरिएका केही निर्देशिका, कार्यविधि तथा मापदण्डहरू देहायबमोजिम रहेको पाइन्छ जो मानव बेचबिखन नियन्त्रणका कार्यक्रमहरू

समयबद्ध र प्रभावकारीरूपमा सञ्चालन गर्न सहायकसिद्ध देखिन्छन् ः

- बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४
- छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४
- विशेष प्रकृतिको मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४
- नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रक्रिया, २०६५
- श्रमजीवी महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्नेसम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५
- वैदेशिक रोजगारसँग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाहीसम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८
- पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८
- मनोसामाजिक परामर्श निर्देशिका, २०६९
- आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९
- मानव बेचबिखनविरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०
- मानव बेचबिखनविरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७० अन्तर्गत नगरस्तरीय समितिको गठन तथा परिचालन निर्देशिका, २०७२
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि तालिम पुस्तिका, २०७२
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय समितिका सदस्यहरूको छनौट मापदण्ड, २०७४
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०७४

## २.८ प्रतिवेदन

- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना (२०६८–२०६८) को “मध्यावधि मूल्याङ्कन प्रतिवेदन”

# प्रतिवेदन अवधिमा सम्पादन गरिएका क्रियाकलापहरू

मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आ.व.२०७५/७६ मा विभिन्न सरकारी निकायहरू तथा गैरसरकारी संघसंस्थाहरूबाट मानव सम्पादित उपलब्ध भएसम्मका क्रियाकलापहरूको प्रगतिको स्थिति यस भागमा उल्लेख गरिएको छ।

## ३.१ : निरोधजन्य क्रियाकलापहरू

सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूबाट आ.व.२०७५/७६ मा मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सम्पादन भएका निरोधजन्य क्रियाकलापहरूको स्थिति यस प्रकार रहेको पाइन्छ।

### ३.१.१ : संवेदनशील स्थानहरूको पहिचान र स्थानीय समितिहरूको गठन

(**राष्ट्रिय कार्ययोजनाको रणनीति १.१ सँग सम्बन्धित**)

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ ले राखेको लक्ष्य प्राप्तीका लागि आम जनवर्गलाई सङ्गठित गरी स्थानीयस्तरबाटै मानव बेचबिखन नियन्त्रण गर्ने उद्देश्यले स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७० जारी भयो। यस निर्देशिकाबमोजिम साविक गाविस, नगरपालिका तथा वडास्तर सम्मका स्थानीय समितिहरू गठन भएका छन्। विगत समयमा यिनीहरूको भूमिका प्रभावकारी रहँदै आएको भएपनि नयाँ शासन प्रणाली सुरुवात भइसकेको वर्तमान अवस्थामा आ.व.२०७४/७५ देखि यस किसिमका स्थानीय समितिहरूको परिचालनमा अन्योलता सृजना हुँदा यी समितिहरूको सक्रियता कम भएको देखिन्छ। क्रमागत रूपमा, तीन तहको राज्य शासन प्रणालीअन्तर्गत यस किसिमका स्थानीय समितिहरूको गठन र सञ्चालनलाई व्यवहारिक ढङ्गले समायोजन गर्ने पहल भने स्थानीय तहको सरकारबाट थालनी हुँदै गरेको छ।

### ३.१.२ बालबालिकाहरूको संरक्षण

(**राष्ट्रिय कार्ययोजनाको रणनीति १.२ सँग सम्बन्धित**)

नेपालको संविधान भाग ३, धारा ३९ बाट बालबालिकाहरूको मौलिक हक प्रत्याभूत गरिएको छ। संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धि, १९८९ लाई अनुमोदन गरेको तीसौं वर्ष भइसकेको छ (अनुमोदन मिति भदौ २९, २०४७) । यसैले संविधानको मर्म र महासन्धिका विषयहरू व्यवहारमा उतार्नु राज्यको दायित्व हुन आउँछ। यसको नीतिगत तथा कानुनी व्यवस्थाका लागि नेपाल सरकारले आ.व. २०७४/७५ सम्म बालबालिका ऐन, २०४८ एवम् नियमावली, २०५१ का साथै बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। नयाँ संविधान जारी भएको सन्दर्भमा बालबालिका ऐन, २०४८ को सट्टा नयाँ बालबालिका ऐन, २०७५ जारी भइ कार्यान्वयनमा आइसकेको छ) । यसबमोजिम बालबालिका सम्बन्धी नियमावली २०५१ लाई संशोधन गरिएको छ। यसरी बालबालिकाको हक स्थापना, सुरक्षा, प्रबर्द्धन तथा संरक्षणार्थ विगत वर्षहरूमा जस्तै आ.व. २०७५/७६ मा देशभर विभिन्न क्रियाकलापहरू सम्पन्न भएका छन्।

### (क) केन्द्रीय बालकल्याण समिति : राष्ट्रिय बाल अधिकार परिषद्

बाल अधिकारका लागि साविकको केन्द्रीय बाल कल्याण समितिको व्यवस्था रहेकोमा नयाँ बालबालिका सम्बन्धी ऐन, २०७५ बाट स्थापित राष्ट्रिय बाल अधिकार परिषद्, सो ऐनको दफा ५९ उपदफा (१) बमोजिम बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनका गर्ने विशिष्टीकृत निकाय हो । मूलतः राष्ट्रिय बाल अधिकार परिषद्को जिम्मेवारी बालबालिकाहरूको बचावट, संरक्षण, विकास तथा सहभागिता निश्चितताका निमित्त क्रियाशील रही बालबालिकाको अधिकार संरक्षण तथा प्रबर्द्धन गर्नु रहेको देखिन्छ। साविकको केन्द्रीय बाल कल्याण समितिका कार्यहरूको जिम्मेवारी यस परिषद्मा सरेको छ भने केन्द्रअन्तर्गत रहेका जिल्ला बाल कल्याण समितिहरू विघटन भएको स्थितिमा नयाँ ऐन बमोजिम प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति गठन प्रक्रियामा रहेको छ। यी समितिहरू संघीय संरचनामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्वदायी एवम् समन्वयकारी भूमिकामा चाँडै गठन हुनेछन् । यसबाट देशभर बाल अधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि बालबालिकाहरूको जन्म दर्ता, शिक्षाका लागि विद्यालय भर्ना, बाल विवाह उन्मूलन, बाल श्रम निषेध, बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको कार्यक्रम र अभिभावकहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन, बालक्लबहरू र यसका सञ्जाल निर्माणजस्ता क्रियाकलापहरू साविकमा भन्दा थप प्रभावकारी ढंगले क्रियाशील हुन जाने अपेक्षा गरिएको छ।

उक्त अवस्थामा बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसँग सम्बन्धित विविध विषयगत पक्षहरूमा स्थानीय सरकारले गर्नुपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरिसकेको देखिन्छ।

### (ख) बालबालिका खोजतलास समन्वय केन्द्र

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, तत्कालीन केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरीको व्यवस्थापन तथा समाज कल्याण परिषद् एवम् विभिन्न संघसंस्थाहरूको आपसी समन्वय, सहयोग तथा साझेदारीमा काठमाडौंको भृकुटी मण्डपमा चौबिसै घन्टा खुल्ला रहने गरी खोलिएको बालबालिका खोजतलास समन्वय केन्द्र यस आ.व.मा पनि क्रियाशील रह्यो । हराएका, बेवारिस फेला परेका, आपत्मा परेका बालबालिकाको राहत तथा तत्काल सहयोग यसको उद्देश्य रहेको छ। यस केन्दबाट एक दशक अघिदेखि नै - निःशुल्क टेलिफोन नं. १०४ प्रयोग र सञ्चालन भैरहेको छ। यो १०४ को सेवालाई काठमाडौं उपत्यकाबाहिरका विभिन्न जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्रमासमेत जडान गरी सञ्चालन गरिएको छ।

मानव बेचबिखन तथा ओसारपसारको चँगुलमा जुनसुकै वर्ग वा समूह पनि पर्न सक्दछन् । स्वभावतः अबोध र अनेक दृष्टिकोणबाट अत्यन्त जोखिममा रहने कलिला बालबालिकाहरू- त्यसमाथि हराएका बालबालिका अझ बढी बेचबिखन तथा ओसारपसारमा पर्ने जोखिममा हुन्छन् । यिनीहरूको खोजतलास तथा संरक्षण र पुनर्स्थापना कार्यका लागि सबैको संयुक्त प्रयास जरुरी देखिन्छ। राष्ट्रिय बाल अधिकार परिषद्को प्रकाशन "नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६" ले ३,४२२ जना बालबालिका हराएको र तीमध्ये २,५४० जना खोजतलासबाट फेला परेको देखाएको छ। गत वर्षको २३३० भन्दा यस वर्ष हराएको बालबालिकाको संख्या बढी रहेकोमा फेला परेको संख्याभने ४३.७ बाट बढेर ७४.२३ प्रतिशत भएको देखिन्छ।

**हराएका र फेला परेका बालबालिकाहरूको स्थिति, २०७५/०७६**

| प्रदेश | हराएका बालबालिका | | | हराएकामध्ये फेला परेका | | | खोजतलास जारी | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | हराएको | फेला परेको |
| प्रदेश नं.१ | ११३ | ४०६ | ५१९ | ८६ | २७२ | ३५८ | २७ | १३४ | १६१ | १५.१७ | १०.४६ |
| प्रदेश नं.२ | १३९ | ५१४ | ६५३ | ८९ | २६६ | ३५५ | ५० | २४८ | २९८ | १९.०८ | १०.३७ |

| प्रदेश | | हराएका बालबालिका | | | हराएकामध्ये फेला परेका | | | खोजतलास जारी | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | हराएको | फेला परेको |
| बागमती | उपत्यका | १४८ | ८० | २२८ | १११ | ७३ | १८४ | ३७ | ७ | ४४ | ६.६६ | ५.३८ |
| | उपत्यका बाहेक | १४२ | ३५० | ४९२ | १३४ | ३० | ४४० | ८ | ४४ | ५२ | १४.३८ | १२.८६ |
| गण्डकी प्रदेश | | ९१ | १८१ | ३७२ | ७६ | ६२१९ | २९५ | १५ | ६२ | ७७ | १०.८७ | ८.६२ |
| प्रदेश नं.५ | | १८३ | ३६१ | ५४४ | १६६ | ३२४ | ४९० | १७ | ३७ | ५४ | १५.९० | १४.३२ |
| कर्णाली प्रदेश | | १०५ | १८३ | २८८ | ७३ | १२२ | १९५ | ३२ | ६१ | ९३ | ८.४२ | ५.७० |
| सुदूर पश्चिम प्रदेश | | १३० | १९६ | ३२६ | ९० | १३३ | २२३ | ४० | ६३ | १०३ | ९.५२ | ६.५२ |
| **जम्मा** | | १,०५१ | २,३७१ | ३,४२२ | ८२५ | १,७१५ | २,५४० | २२६ | ६५६ | ८८२ | १०० | ७४.२३ |

*श्रोतः नेपालमा बालबालिकाको स्थिति, २०७६, राष्ट्रिय बाल अधिकार परिषद्*

प्रदेशका आधारमा माथिको तालिकामा रहेको तथ्याङ्क अध्ययन गर्दा हराएका बालबालिकाहरूमध्ये सबभन्दा कम कर्णाली प्रदेश २८८ जना र सबभन्दा बढी बागमती प्रदेशबाट ७२० जना रहेको देखिन्छ। यो संख्या प्रतिशतका आधारमा क्रमशः ८.४१ र २१.०४ प्रतिशत हुन आउँछ। कुल हराएकामध्ये सबै प्रदेशहरूमा बालिकाको संख्या बढी देखिन्छ भने फेला परेकामा बाग्मती प्रदेशमा बालक बढी र अन्य सबैमा बालिका बढी रहेका छन्। कुलमा हराएकामध्ये ७४.२३ प्रतिशत फेला पारिएको देखिन्छ।

**(ग) बाल हेल्पलाइन**

बालबालिकाको आपत्कालीन उद्धार गरी आवश्यक राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सेवा प्रदान गर्न राष्ट्रिय बाल अधिकार परिषद्को संयोजनमा विभिन्न सातवटा संघसंस्थाहरूको सहकार्यमा काठमाडौं, मोरङ, मकवानपुर, बाँके, कास्की, कैलाली, चितवन, उदयपुर, सुनसरी, दैलेख, सुर्खेत र बाजुरा गरी देशका १२ जिल्लामा सञ्चालनमा रहेको बालहेल्प लाइन अर्थात निःशुल्क टेलिफोन नम्बर १०९८ ले यस वर्ष पनि निरन्तरता पाएको छ। यसबाट आ.व. २०७५/०७६ मा आपतमा परेका जम्मा ३,५०१ जना बालबालिकाले सेवा प्राप्तगरेका छन्। विस्तृत विवरण तल तालिका ३.१.२.१ मा दिइएको छ।




**तालिका ३.१.२.१**

**बाल हेल्पलाइनमार्फत उद्धार गरिएका बालबालिकाहरूको विवरण**

| क्र.सं. | जिल्लाको नाम | बालक | | बालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ |
| १ | मोरङ | १०९ | ६९ | १४९ | ९७ | २५८ | १६६ |
| २ | उदयपुर | ४२ | १५ | ५२ | २ | ९४ | १७ |
| ३ | काठमाडौं | ३५७ | ५७८ | ४११ | ५७४ | ७६८ | ११५२ |

| क्र.सं. | जिल्लाको नाम | बालक | | बालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ |
| ४ | मकवानपुर | ७० | ८० | १०४ | १२५ | १७४ | २०५ |
| ५ | चितवन | ३८ | १७ | ११ | १३ | ४९ | ३० |
| ६ | कास्की | ११९ | ९ | ७१ | २१ | १९० | ३० |
| ७ | बाजुरा | ११ | १४ | १५ | ११ | २६ | २५ |
| ८ | बाँके | १६० | ३२ | १४४ | ४० | ३०४ | ७२ |
| ९ | सुर्खेत | १२८ | ३ | २१८ | ७३ | ३४६ | १०९ |
| १० | कैलाली | ६३ | ६७५ | ५८ | ९७ | १२१ | १७२ |
| ११ | दैलेख | ४१७ | ४७० | ५०६ | ६११ | ९२३ | १,०८१ |
| १२ | सुनसरी | १५० | १८७ | ९८ | १३९ | २४८ | ३२६ |
| जम्मा | | १,६६४ | १५८२ | १,८३७ | १८०३ | ३,५०१ | ३,३८५ |

*श्रोतः नेपालमा बालबालिकाको स्थिति, २०७६, राष्ट्रिय बाल अधिकार परिषद्*

नेपाल प्रहरीमा दर्ता भएका विभिन्न घटनाहरूमध्ये बालबालिकाहरू पनि मानव बेचबिखन, जबरजस्ती करणी, बालविवाहलगायत घरेलुहिंसाजस्ता घटनाहरूमा परेका हुन्छन् । यस्ता लैङ्गिक हिंसाका घटनाहरूबाट पीडित १८ वर्षमुनिका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**१८ वर्षमुनिका लैङ्गिक हिंसाबाट पीडित बालबालिकाको संख्या २०७५/७६**

| प्रदेश | मानव बेचबिखन | | बालविवाह | | घरेलु हिंसा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बलिका | बालक | बालिका |
| प्रदेश-१ | १ | ३० | ० | ७ | १ | १३ | २ | ५० |
| प्रदेश-२ | ० | १७ | ० | १७ | १ | ५३ | १ | ८७ |
| प्रदेश-३ | १ | १६ | ० | ६ | ० | ३९ | १ | ६१ |
| प्रदेश-४ | ० | ५ | ० | २ | ३ | १७ | ३ | २४ |
| प्रदेश-५ | ३ | २९ | ० | २१ | १ | ४६ | ४ | ९६ |
| प्रदेश-६ | ० | ३ | ० | १७ | ० | १४ | ० | ३४ |
| प्रदेश-७ | ४ | १७ | ० | ३ | ० | १३ | ४ | ३३ |
| उपत्यका | १ | १२ | ० | ३ | २ | ५३ | ३ | ६८ |
| जम्मा | १० | १२९ | ० | ७६ | ८ | २४८ | १८ | ४५३ |

*श्रोतः नेपालमा बालबालिकाको स्थिति, २०७६, राष्ट्रिय बाल अधिकार परिषद्*

यसैगरी आम सञ्चार माध्यममा आएका घटनाहरूमध्ये नेपालमा बालबालिकाको स्थिति, २०७६, राष्ट्रिय बाल अधिकार परिषद् (पेज ७६) अनुसार "आर्थिक वर्ष २०७४/०७५ मा बेचबिखन तथा ओसार पसारबाट ५८ जना बालबालिका प्रभावित भएको घटना आम सञ्चार माध्यममा आएको थियो भने आर्थिक वर्ष २०७५/०७६ मा ९६ जना बालबालिका (५९ बालक र ३७ बालिका) बेचबिखन तथा ओसार पसारमा परेको घटना प्रकाशमा आएका छन् । यसमध्ये ७० जना बालबालिका

अवैधरूपमा एक जिल्लाबाट अर्को जिल्लामा लैजाँदै गर्दा प्रहरीले उद्धार गरेको, १७ जना बालबालिकालाई भारतमा कामदार तथा अन्य प्रयोजनका लागि लगेको र ९ जनालाई भारततर्फ लागू औषध ओसार पसार गर्न लगेको लगायतको घटना प्रकाशमा आएको देखिएको छ। बालबालिकाको बेचबिखन तथा ओसार पसारका घटना यस आर्थिक वर्षमा बढेको जानकारी सञ्चार माध्यमबाट देखिएको छ।"

(घ) **सडक बालबालिका**

बालबालिका सम्बन्धी ऐन, २०७५ ले जोखिममा परेका वा सडकमा बस्ने बालबालिकाको तोकिएबमोजिम विशेष संरक्षण पाउने अधिकारलाई सुनिश्चित गरेको छ। नेपाल सरकारले सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ जारी गरेको छ। "बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन" भन्ने उद्घोष नै गरेको छ। यस उद्घोषका पछाडिको मुख्य कारणमध्ये सडक बालबालिका मानव बेचबिखन तथा ओसारपसारको दृष्टिमा बढीभन्दा बढी जोखिममा रहनु पनि हो। बढ्दो सहरीकरणसँगै सडक बालबालिकाको संख्या पनि दिनपरदिन बढी रहेको स्थितिले मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई झनझन जटिल बनाउँदै लगेको छ। सडकमा रहेका बालबालिकाहरूलाई आवश्यक स्वास्थ्य सेवा, मनोविमर्श सहायता प्रदान गर्ने तथा बेचबिखनको जोखिमबाट मुक्त गर्ने कार्यमा देशभर विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संघसंस्थाहरू कार्यरत रहेको पाइन्छ। आ.व.२०७५/०७६ मा प्राप्त भएको जम्मा ६२ जिल्लाको विवरणअनुसार जम्मा १,०११ जना बालबालिकाको उद्धारपश्चात व्यवस्थापन गर्ने कार्य भइरहेको छ। यसमध्ये ९०३ बालक (८९%) र १०८ जना बालिका (११%) रहेको देखिन्छ। यसरी उद्धार गरिएका सबभन्दा बढी सडक बालबालिका पाइएका १० जिल्लाहरू र बालबालिकाको विवरण यसप्रकार रहेको छ :

| सि.नं. | जिल्ला | बालबालिकाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठमाडौं | १११ | ११ |
| २ | काभ्रे | ७४ | ७ |
| ३ | सिन्धुपाल्चोक | ६९ | ७ |
| ४ | धादिङ | ६० | ६ |
| ५ | मकवानपुर | ६० | ६ |
| ६ | सिन्धुली | ४६ | ४ |
| ७ | दोलखा | ३६ | ५ |
| ८ | रामेछाप | ४६ | ५ |
| ९ | नुवाकोट | ३५ | ३ |
| १० | सर्लाही | ३४ | ३ |
| ११ | अन्य ५३ जिल्ला | ४४० | ४३ |
| जम्मा | | १,०११ | १०० |

(ङ) **महाभूकम्प**

वि.स.२०७२ वैशाखको विनासकारी महाभूकम्पबाट खानपिन, आश्रय, न्यानो कपडा, सरसफाइ, शिक्षा तथा स्वास्थ्यजस्ता आधारभूत सुविधाबाट वञ्चित हुन पुगेका लाखौं बालबालिकाहरू संरक्षणका लागि साविक केन्द्रीय बालकल्याण समितिले तत्काल सुरु गरेका कार्यहरूलाई राष्ट्रिय बाल अधिकार परिषद्ले आवश्यकताका आधारमा अद्यापि निरन्तरता दिदै आएको छ। यसबाट महाभूकम्पकाबखत दुखद अवस्थामा पुगेका बालबालिकाहरूलाई विभिन्न प्रलोभनमा पारी परिवार तथा समुदायबाट अलग्याउने, ओसारपसार गरी स्थानान्तरण गर्नेजस्ता हर्कतहरू निरुत्साहित हुन पुगेको छ।

यस प्रकार भूकम्प प्रभावित बालबालिकाको घटना व्यवस्थापन तथा सहयोगी आपत्कालीन कार्यक्रमबाट लाभान्वित

भएका वा हुने बालबालिका नुवाकोट, गोरखा, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, काठमाडौं, सिन्धुली, रामेछाप, काभ्रे, ललितपुर जिल्लाका रहेका छन् ।

(च) सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा विभागमार्फत सीमान्तकृत समुदायका र अति जोखिममा रहेका बालबालिकाहरूलाई प्रदान गर्दै आएको छात्रवृत्ति कार्यक्रमले निरन्तरता पाउँदै आएको छ ।

(छ) साविक शान्ति तथा पुनर्स्थापना मन्त्रालयबाट आमा बुबा गुमाएका बालबालिका पुनर्स्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८ अनुसार देहायको अवस्थाका १८ वर्षको उमेर पूरा नगरेका बालबालिकाहरूको पुनर्स्थापनाका लागि प्रत्येक बालबालिकालाई प्रत्येक महिना रु. ५,००० का दरले वार्षिक रु. ६०,००० उपलब्ध गरिइँदै आएको राहत तथा पुनर्स्थापना कार्यक्रम जारी रहेको छ ।

(१) द्वन्द्वका क्रममा आमाबुबा दुवैको मृत्यु भई टुहुरा भएका, बेपत्ता पारिएका वा

(२) द्वन्द्वका क्रममा बुबा वा आमामध्ये कुनै एकको मृत्यु भएको वा बेपत्ता पारिएको र बुबा वा आमामध्ये एकको अन्य कुनै कारणले मृत्यु वा बेपत्ता भई दुवै नभएको वा

(३) बुबाको द्वन्द्वको क्रममा मृत्यु वा बेपत्ता पारिएको र आमाले अर्को विवाह गरी आमाबुबा दुवै नभएको अवस्थाका १८ वर्षको उमेर पूरा नगरेका

(ज) राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयबाट बाल अधिकार, महिला अधिकार र आप्रवासीको अधिकारलाई सुनिश्चित गर्न मानव बेचबिखनसम्बन्धी निरोध (रोकथाम), संरक्षण, अभियोजन र सूचना, अध्ययन तथा अनुगमनजस्ता क्रियाकलापलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि सरकारका सम्बन्धित कार्यालयहरूलाई सिफारिस हुँदै आएको छ ।

### ३.१.३ किशोर किशोरीहरूको जोखिम न्यूनीकरणका लागि औपचारिक/अनौपचारिक शिक्षा

**(राष्ट्रिय कार्ययोजनाको रणनीति १.३ सँग सम्बन्धित)**

(क) मानव बेचबिखनका तथा ओसारपसारको दृष्टिमा तुलनात्मक रूपले महिला, त्यसमाथि बढी मात्रामा किशोर किशोरीहरू बढी जोखिमवर्ग मानिन्छन् । दलाल अपराधीहरूले बेचबिखनका लागि बढी मात्रामा उनीहरूलाई नै लक्ष्य बनाएको देखिन्छ । यस किसिमबाट किशोर किशोरीहरूमाथि हुने बेचबिखनको जोखिमलाई न्यूनीकरण गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्क्रम विकास केन्द्रले औपचारिक तथा अनौपचारिक दुवै किसिमका शिक्षातर्फ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सहयोग पुऱ्याउन विद्या आर्जन गर्ने विद्यार्थी जीवनकालदेखि नै यसबारे चेतना जगाउने खालका विषय/पाठहरू विभिन्न तह र कक्षाको पाठ्यक्रममा समावेश गर्दै आइरहेको देखिन्छ ।

यसरी पाठ्यक्रम विकास केन्द्रले औपचारिक एवम् अनौपचारिक शिक्षाको पाठ्यक्रममा मानव बेचबिखनलगायत विभिन्न सामाजिक समस्या र विकृति न्यूनीकरणका लागि सजग बनाउने खालका विषयवस्तुहरू समावेश गर्दै आएको देखिन्छ । यसैगरी केन्द्रको शैक्षिक रेडियो कार्यक्रमअन्तर्गत खासगरी लैङ्गिक हिंसा न्यूनीकरण, महिला सशक्तीकरण, किशोरावस्थामा यौनजन्य व्यवहार न्यूनीकरण, महिलामैत्री विद्यालयजस्ता विषयहरूबारे जानकारीमूलक सामग्रीहरू रेडियो नेपालबाट प्रचार प्रसार गर्दै आइरहेको छ ।

आ.व. २०७५/७६ सम्म औपचारिक शिक्षातर्फ विद्यालय तहमा विभिन्न कक्षाको पाठ्यक्रममा समावेश गरिएका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी पाठहरूको विवरण देहायबमोजिम रहेको पाइन्छ :

**तालिका ३.१.३ क. १**

**विद्यालय तहको पाठ्यक्रममा मानव बेचबिखन**

| क्र.सं | विषय | कक्षा | इकाई | पाठ/विषयवस्तु | सुरु साल |
|---|---|---|---|---|---|
| १ | सामाजिक अध्ययन | ४ | तीन, सामाजिक समस्या र समाधान | १. बालश्रम,<br>२. देउकी प्रथा | २०६५ |
| | | ६ | तीन, सामाजिक समस्या र समाधान | १. सामाजिक समस्या पेज ३४,<br>२. मानव बेचबिखन (महिला तथा बालबालिका) बारेमा विद्यार्थीहरूलाई सचेत गराउने विषयवस्तु | २०६९ |
| | | ७ | तीन, सामाजिक समस्या र समाधान | मानव बेचबिखन पेज ४०, कारण प्रभाव रसमाधानका उपाय | २०६९ |
| | | ९ | चार, सामाजिक समस्या र समाधान | देह ब्यापार, दुर्ब्यसन र दुर्ब्यवहार, पेज ६७ | २०७२ |
| | | १० | सामाजिक समस्या र समाधान | सामाजिक समस्याका रूपमा मानव बेचबिखन, पेज ५६-५८ (मानव बेचबिखन, चेलीबेटी बेचबिखन, बालबालिका बेचबिखन, मानव अंग बेचबिखन | २०७२ |
| २ | ऐ. नागरिक शास्त्र | ९ | एकाइ ५ (कानुन र कानुनी उपचार प्रक्रिया) | १. मुलुकी ऐन र यसका विशेषता<br>२. महिलाका कानुनी पहुँच | २०७६ |
| | | १० | एकाइ ५ (कानुन र कानुनी उपचार प्रक्रिया) | १. नेपालमा कानुनी उपचारको प्रक्रियाको विद्यमान अवस्था<br>२. कानुनी उपचारको अभ्यास | २०७६ |
| | | १० | एकाइ ७ (लोकतन्त्र र मानव अधिकार) | १. मानव अधिकारको विश्वब्यापी अवधारणा र विकासक्रम<br>२. नेपालमा मानव अधिकार सम्बध्द संस्थाहरू र तिनको योगदान | २०७६ |
| ३ | ऐ. समाज शास्त्र | १० | एकाइ ५ (नेपाली समाजका समस्याहरू तथा नियन्त्रणका उपायहरू) | सामाजिक समस्याको रूपमा मानव बेचबिखन र नियन्त्रणका उपायहरू | २०७६ |
| | | १२ | एकाइ ७ (मुलुकी संहिता ऐनको परिचय) | मुलुकी संहिता, २०७४ को सामाजिक र लैङ्गिक पक्षको प्रावधान र व्यवहारिक प्रयोग | २०७७ |

*स्रोत : नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी*

गत वर्षसम्म अनौपचारिक शिक्षातर्फ खासगरी निरन्तर शिक्षा, तह एक र दुईको पाठ्य पुस्तकमा समावेश गरिएका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण लक्षित विषय वस्तुहरू तल तालिका ३.१.३ क.२ मा प्रस्तुत गरिएको छ ः

**तालिका ३.१.३ क.२**

**अनौपचारिक शिक्षाको पाठ्यक्रममा मानव बेचबिखन**

| क्र.सं | क्षेत्र | सिकाइ सक्षमताहरू | पाठ्य पुस्तक |
|---|---|---|---|
| १ | सामाजिक जीवन | सामाजिक विकृतिहरू(महिला हिंसा, बालविवाह र दाइजो प्रथा) प्रति सचेत भई जानकारी लिन/दिन | निरन्तर शिक्षा, तह एक (पृष्ठ ९५, पाठ ः १८, सरसफाइ) |
| २ | सामाजिक जीवन | –सामाजिक विकृतिहरूप्रति सचेत भई त्यसको समाधानमा योगदान दिन<br>–सामाजिक मूल्य मान्यताको पालना गर्न र बहुसंस्कृतिको सम्मान गर्न | निरन्तर शिक्षा, तह दुई (पृष्ठ १६ , पाठ ः तीन, सामाजिक विकृति र विकृति) |
| *स्रोत ः नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र, सानो ठिमी,* | | | |

(ख) औपचारिक शिक्षाबाट वञ्चित विशेषगरी किशोरकिशोरी, महिला तथा युवाहरूलाई अनौपचारिक शिक्षामार्फत जानकारी गराउने उद्देश्यले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूबाट विगतदेखि सञ्चालन भइआएका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी विभिन्न क्रियाकलापहरू लाई यस वर्ष पनि निरन्तरता प्रदान गरिएको छ।

### ३.१.४ सीमान्तकृत समुदायको सशक्तीकरण

**(राष्ट्रिय कार्ययोजनाको रणनीति १.४ सँग सम्बन्धित)**

राज्यको कम पहुँच, दुर्गम क्षेत्र, अशिक्षित, गरिब, कमजोर स्थिति भएका वर्गको संरक्षण राज्यको दायित्व हो। मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले यस्ता वर्ग बढी जोखिमोन्मुख हुन्छन्। नेपालमा यस्ता वर्गको सुरक्षा, संरक्षण, सेवा सुविधाका लागि नेपाल सरकारले विभिन्न प्रकारको व्यवस्था गरेको देखिन्छ। नेपाल सरकारले लोपोन्मुख समूहमा पर्ने कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवडिया तथा अति सीमान्तकृत समूह माझी, सियार, ल्होमो, थुदाम, धानुक, चेपाङ, सतार, थामी, झागड, बोटे, दनुवार, बरामुजस्ता २२ जातिका बालबालिकाहरूको शिक्षामा पहुँच बढाउन निश्चित सामुदायिक विद्यालयहरूमा उनीहरूका लागि दिवा खाजाको व्यवस्था गर्दै आएको छ। यस किसिमको व्यवस्था गर्न शिक्षा मन्त्रालयले छुट्टै "सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि, २०७३" निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

### ३.१.५ आन्तरिक बेचबिखन नियन्त्रणका लागि नियमन र अनुगमन

**(राष्ट्रिय कार्ययोजनाको रणनीति १.५ सँग सम्बन्धित)**

विगतमा देशभित्र आन्तरिक बजारमा मानव बेचबिखनका घटनाहरू खासै सुनिँदैनथ्यो। मानव बेचबिखन तथा ओसार पसारका दृष्टिले नेपाललाई गन्तव्य मुलुक मानिँदैनथ्यो। स्रोत मुलुकको रूपमा मात्रै लिइएको थियो। देशमा बढ्दो बेरोजगारी र गरिबीका कारण केही समययता मानव बेचबिखन तथा ओसारपसारका गतिविधिहरू बढ्न थाल्यो। यसले गर्दा मानव बेचबिखनका क्रियाकलापहरूले देशभित्रै आन्तरिक बजारको रूप लिन थाल्यो। होटल, डान्स बार, रेस्टुरेन्ट, क्याबिन र मसाज पार्लरजस्तो वृद्धिसँगै मानव बेचबिखनको आन्तरिक बजार बढ्न थालेको देखिन्छ। यस्तो बजारमा खासगरी यौन उत्पीडनजन्य कार्यका लागि महिला तथा बालिकाहरूको बेचबिखन तथा ओसारपसार हुन थाले। यस क्रममा मानव बेचबिखन तथा ओसार पसारकाविरुद्ध परेको मुद्दामा वि.सं.२०६५ मा नेपालका श्रमजीवी महिलाहरूप्रति रेस्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न सम्मानित सर्वोच्च अदालतले एक निर्देशिका नै जारी गऱ्यो। सो निर्देशिकाबमोजिम हरेक जिल्लामा

डान्स बार, रेस्टुरेन्ट, क्याबिन र मसाज पार्लरजस्ता क्षेत्रको नियमन गर्नाका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अनुगमन तथा कारबाही समितिहरू गठन गरिएका छन् । यी समितिहरूबाट देशभित्रै मानव बेचबिखन तथा ओसारपसार हुन सक्ने जोखिमयुक्त क्षेत्र तथा स्थानको अनुगमन, बेचबिखनको जोखिममा रहेका वा बेचबिखनमा परेका बालबालिकाहरूको उद्धार र उनीहरूलाई संरक्षणका लागि सुरक्षा घर वा सरोकारवाला संस्थाहरूमा प्रेषण गर्ने कार्य हुँदै आएको छ ।

### ३.१.६ विपन्न समुदायका महिला तथा किशोरकिशोरीलाई सीप विकास र आय आर्जन

**(राष्ट्रिय कार्ययोजनाको रणनीति १.६ सँग सम्बन्धित)**

(अ) विपन्न समुदायका महिला तथा किशोरकिशोरीलाई सीप विकास र आय आर्जनका माध्यामबाट आर्थिक सशक्तीकरण गरी त्यस्ता महिलाहरूलाई आत्मनिर्भर बनाउने उद्धेश्यका साथ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र महिला तथा बालबालिका विभागमार्फत विभिन्न सीप विकास तालिम भएका छन् । यस वर्ष मन्त्रालयले २ वटा प्रदेशमा गरी ७१ जना महिलाहरूलाई उद्धमशीलता विकास तथा वित्तिय पहुँच सम्बन्धी ३ दिनको तालिम प्रदान गरेको छ भने विभागमार्फत जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिएको छ । जसमा मानव विकास सुचकांकमा पछाडि परेका ३० जिल्लाका अति विपन्न परिवारका २२५० जना महिलालाइ ५ दिनको व्यावसायीक सीप विकाससम्बन्धी तालिम प्रदान गरी महिला स्वयंले व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्नका लागि विउ पुँजीका लागि प्रतिव्यक्ति रु. १७,००० नगद समेत प्रदान गरिएको छ ।

त्यसैगरी महिला उद्धमीहरूलाई उत्प्रेरित गर्नका लागि ४ स्थानमा महिला उद्धमीहरूबाट उत्पादित सामाग्रीहरूको प्रदर्शनी मेला आयोजना गरिएको छ । सो मेलामा १०५ स्टलहरू राखी महिलाहरूबाट उत्पादित विभिन्न सामाग्रीहरूको प्रचार प्रसार र बजारीकरणलाई टेवा पुर्याइएको छ ।

### ३.१.७ जोखिम र प्रभावितहरुबारे एकीकृत तथ्याक्त व्यवस्थापन तथा सूचना प्रणालीको विकास

**(राष्ट्रिय कार्ययोजनाको रणनीति १.७ सँग सम्बन्धित)**

(क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूबाट सम्पादन भएका क्रियाकलापहरूको एकीकृत विवरणयुक्त प्रतिवेदन प्रकाशन गर्ने क्रमलाई निरन्तरता दिँदै आ.व. २०७५/७६ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन, २०७६" प्रकाशन गरेको छ ।

(ख) "संघीयताको महत्वपूर्ण सार, मानव बेचबिखन अन्त्यकालागि जिम्मेवारी र सहकार्यसहित गरौं खबरदार" भन्ने मूल नाराकासाथ मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बाह्रौं राष्ट्रिय दिवसको उपलक्ष्यमा "मानव बेचबिखन विरुद्धको यात्रा" नामक सूचनामूलक बुलेटिन प्रकाशन गरिएको छ ।

### ३.१.८ मानव बेचबिखन तथा ओसारपसारको प्रकृति, कारण र असरका सूचकहरूबारे शिक्षा/जनचेतना अभिवृद्धि

**(राष्ट्रिय कार्ययोजनाको रणनीति १.८ सँग सम्बन्धित)**

(क) नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू कार्यरत रहेको देखिन्छ । यस्ता संस्थाहरूबाट मानव बेचबिखनविरुद्धको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस मनाउने, विद्यालय तथा आमसञ्चार माध्यमबाट सचेतना जगाउने, वैदेशिक रोजगारका क्रममा हुन सक्ने मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सचेतना अभिवृद्धि गर्नेजस्ता विभिन्न निरोधात्मक क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन् । यस क्रममा आ.व. २०७५/७६ मा देशभर स्थानीय तहको वडास्तरसम्म रहेका मानव बेचबिखन तथा ओसारपसार विरुद्धका विभिन्न संघसंस्थाहरूबाट खासगरी जनचेतना अभिवृद्धिका विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् जसमा राजनीतिक दलका प्रतिनिधिहरू, समुदायका अगुवाहरू तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरू सहभागी रहेको देखिन्छ । यसरी आम समाजमा मावन बेचबिखनविरुद्ध पूर्ण चेतना विकासका लागि विभिन्न

सरकारी निकायहरू तथा गैरसरकारी संघ-संस्थाहरूद्वारा मानव बेचबिखनविरुद्ध विभिन्न कार्यक्रमहरू यस आ.व.मा पनि सञ्चालन गरिएका छन् ।

(ख) "संघीयताको महत्वपूर्ण सार, मानव बेचबिखन अन्त्यकालागि जिम्मेवारी र सहकार्यसहित गरौं खबरदार" भन्ने मूल नाराकासाथ यस वर्ष पनि भाद्र २० का दिन मानव बेचबिखन तथा ओसार पसारविरुद्धको बार्‍हौं राष्ट्रिय दिवस सम्पन्न भएको छ। वि.सं. २०६३ भाद्र २० गतेका दिन तत्कालीन व्यवस्थापिका संसद्‌बाट महिला तथा बालबालिकाविरुद्धको सार्क महासन्धि, २००२ लाई अनुमोदन गरेको दिन पारी प्रत्येक वर्ष भाद्र २० लाई मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय दिवस मनाउने क्रममा यस दिवसका उपलक्ष्यमा थुपै सरकारी निकायहरू तथा गैरसरकारी संघसंस्थाहरूद्वारा मानव बेचबिखनविरुद्ध सचेतनामूलक विभिन्न किसिमका कार्यक्रमहरू आयोजन गरिएका छन् । यसको विवरण दिवसको सन्दर्भमा प्रकाशित मानव बेचबिखनविरुद्धको "यात्रा" नामक बुलेटिनको सातौं अंकमा प्रस्तुत गरिएको छ ।




(ग) मानव बेचबिखन नियन्त्रण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने देहायअनुसारका विभिन्न व्यक्तिहरू तथा संघ-संस्थालाई यस आ.व.२०७५/७६ मा पनि भाद्र २०, २०७५ का दिन सम्पन्न मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवस पारी पुरस्कार तथा सम्मान प्रदान गरिएको छ ः

**पुरस्कारतर्फ**

(क) श्री सुशिला चौधरी म.वि.अ. सिराहा

(ख) श्री सिविन नेपाल, काठमाडौँ

(ग) श्री लोग्सरी कुँवर, महिला खबरडट.कम

(घ) श्री बाल कुमारी दर्लामी, अध्यक्ष, शक्ति समूह

(ङ) श्री  ठाकुर सिंह थारु, कान्तिपुर दैनिक, बाँके

(च) श्री तनुजा श्रेष्ठ, प्र.स.नि., जि.प्र.का. पर्सा

**सम्मानतर्फ**

(क) श्री महिला, कानुन र विकास मञ्च

(ख) श्री अम्बिका नेपाली, सीमा निगरानीकर्ता, माईती नेपाल

(ग) श्री निलिफा सुब्बा, वि.एफ.दि.यस. रेडियो यु.के.

(घ) सीमा श्रीवास्तव, रेडियो बीरगञ्ज, पर्सा

(घ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा देशभर कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट विगतदेखि सञ्चालन हुँदै आइरहेका आ-आफ्ना शिक्षा तथा सचेतनामूलक परियोजना तथा कार्यक्रमहरूको विवरण यसै प्रतिवेदनको विभिन्न अनुच्छेदमा उल्लेख गरिएको छ ।

### ३.१.९ सुरक्षित आप्रवासनसम्बन्धी सूचना केन्द्रहरूको स्थापना

**(राष्ट्रिय कार्ययोजनाको रणनीति १.९ सँग सम्बन्धित)**

(क) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार वैदेशिक रोजगारसम्बन्धी नीति, कानुन, मापदण्ड, व्यवस्थापन र नियमनका कार्यहरू श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन् । देशभित्र रोजगारीका अवसरहरू अपर्याप्त हुँदा वैदेशिक रोजगारमा जानु नेपालीहरूका लागि बाध्यता जस्तै भएको छ। हरेक दिन आधिकारिक रूपमा श्रम स्वीकृति लिई विभिन्न मार्ग भइ रोजगारीका लागि विदेशिने युवाहरूको संख्या १,००० भन्दा बढी रहेको छ। भारत तथा बिनास्वीकृति अन्य मुलुकमा जाने कामदारको आधिकारिक एकिन तथ्यांकगत अभिलेख छैन । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नेपाल सरकारले वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयनमा ल्याएको छ। यस नीतिअनुरूप मन्त्रालय र अन्तर्गत विभाग तथा कार्यालयहरूबाट वैदेशिक रोजगारको व्यवस्थापन, नियमन तथा प्रवर्द्धनसम्बन्धी विभिन्न किसिमका कार्यहरू सञ्चालन हुँदै आएका छन् । वैदेशिक रोजगार बोर्डकाअनुसार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारका लागि विभिन्न मुलुकमा जाने नेपालीहरूको संख्या ५० लाखभन्दा बढी रहेको छ।[१]

यस आ.व.२०७५/७६ मा पनि वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूबाट विभिन्न किसिमका चेतनामूलक कार्यक्रमहरू सम्पन्न गरिएका छन् । यस्ता कार्यक्रमहरूबाट वैदेशिक रोजगारमा जानेहरूलाई खासगरी वैदेशिक रोजगार जानुपूर्व श्रम स्वीकृति लिई अभिलेखबद्ध हुनुपर्ने जानकारी दिइएको पाइन्छ। विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको समन्वय, सहकार्य तथा साझेदारीमा यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने सूचना तथा परामर्श केन्द्रहरू देशभर क्रियाशील रहेका छन् ।

(ख) "वैदेशिक रोजगार अभिमुखीकरण तालिम दिग्दर्शन, २०६०", "विदेशमा काम गर्न जाने कामदारहरूका लागि प्रस्थानपूर्वको अभिमुखीकरण तालिम कार्यक्रमको पाठ्यक्रम, २०६०", "वैदेशिक रोजगार अभिमुखीकरण तालिम सञ्चालन गर्ने निर्देशिका, २०६९", "अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था दर्ता तथा नवीकरणसम्बन्धी कार्यविधि, २०७१", "वैदेशिक रोजगारमा घरेलु कामदारलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका, २०७३", "रोजगारमुलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५" जस्ता कानुनी व्यवस्था गरी सीपमूलक तालिमलाई नियमित र व्यवस्थित गरी न्यूनतम सीपयुक्त जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउने नेपाल सरकारको नीतिअनुरूप वैदेशिक रोजगारीमा जान लागेका नेपाली कामदारहरूलाई प्रस्थानपूर्व गन्तव्य देशकाबारे आवश्यक जानकारी तथा सीपमूलक तालिम प्रदान गर्ने कार्य भैरहेको देखिन्छ। अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोगसमेतमा अभिमुखीकरण तथा तालिम प्रदान गर्ने अभियानमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू क्रियाशील रहेका छन् ।

(ग) विभिन्न संघसंस्थाहरूबाट विदेश जान चाहने अर्थात सम्भावित कामदारहरूलाई लक्षित गरी बढी वैदेशिक रोजगारमा जाने क्षेत्र, भेग तथा जिल्लाका उपयुक्त स्थानहरूमा वैदेशिक रोजगारसम्बन्धी जानकारीमूलक विवरण उल्लिखित होर्डिङबोर्डहरू राख्ने कार्यले निरन्तरता पाएका छन् ।

(घ) नेपालबाट वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका नेपाली कामदारहरूको आ.व.२०६८/६९ देखि आ.व.२०७५/७६ सम्मको विवरण यसप्रकार रहेको देखिन्छ :

१ वैदेशिक रोजगार प्रबर्द्धन बोर्डको सचिवालयको एक दशक स्मारिका, २०७५ ।,

**श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका कामदारहरूको विवरण** (आ.व. २०६८/६९–२०७५/७६)

| आ.व | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २०६८/६९ | २२,९५८ | ३,६१,७०७ | ३,८४,६६५ |
| २०६९/७० | २७,७१३ | ४,२५,८३० | ४,५३,५४३ |
| २०७०/७१ | २९,३६८ | ४,९८,४४६ | ५,२७,८१४ |
| २०७१/७२ | २२,०२८ | ४,९०,८५९ | ५,१२,८८७ |
| २०७२/७३ | १९,३०७ | ३,९९,४०६ | ४,१८,७१३ |
| २०७३/७४ | ३३,६३५ | ६,२५,५६५ | ६,५९,२०० |
| २०७४/७५ | ३२,९६४ | ५,७९,७२१ | ६,१२,६८५ |
| २०७५/७६ | ३२,०३६ | ४७६३८२ | ५०८४१८ |
| स्रोत : वैदेशिक रोजगार विभाग, :www.dofe.gov.np | | | |

आ.व.२०७४/७५ को तुलनामा आ.व. २०७५/७६ मा वैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्या एकलाखभन्दा बढीले घटेको छ। यस वर्ष श्रम स्वीकृति लिएर वैदेशिक रोजगाारमा जाने व्यक्तिहरू महिला ३२,०३६ र पुरुष ४,७६,३८२ गरी कुल संख्या ५,०८,४२८ रहेको देखिन्छ। यसमा इपीएस(कोरिया) जानेको संख्या गणना गरेको देखिदैन। यसमध्ये संस्थागत र व्यक्तिगत प्रयासबाट वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने व्यक्तिहरूको विस्तृत विवरण तल दिइएबमोजम रहेको छ :

| विवरण | आ.व. २०७३/७४ | | | आ.व. २०७४/७५ | | | आ.व. २०७५/७६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| संस्थागत स्वीकृति | १६८०४ | ३४८१३९ | ३६४९४३ | १९३०८ | ३०४५६८ | ३२३८७६ | १७३२५ | १९१०२७ | २०८३५२ |
| वैधानीकरण स्वीकृति | २१८१ | १८३०५ | २०४८६ | १३८४ | १९९१६ | २१३०० | १३५९ | १६९७९ | १८३३८ |
| व्यक्तिगत नयाँ स्वीकृति | १३०३ | ७२६६ | ८५६९ | १७२५ | ७१८१ | ८९०६ | १८०७ | ७३०४ | ९१११ |
| व्यक्तिगत पुन : स्वीकृति | १३०५२ | २४७२०० | २६०२५२ | १०५४७ | २४८०५६ | २५८६०३ | ११५४५ | २६१०७२ | २७२६१७ |
| इपीएस (कोरिया) | २९५ | ४६५५ | ४९५० | ३८४ | ७४८९ | ७८७३ | – | – | – |
| जम्मा | ३३६३५ | ६२५५६५ | ६५९२०० | ३३३४८ | ५८७२१० | ६२०५५८ | ३२०३६ | ४७६३८२ | ५०८४१८ |
| स्रोत : वैदेशिक रोजगार विभाग, www.dofe.gov.np | | | | | | | | | |

माथि दिइएको आ.व. २०७५/७६ को तालिकाअनुसार व्यवसायी संस्थामार्फत संस्थागतरूपमा वैदेशिक रोजगारमा जाने महिला ३२,०३६ र पुरुष ४,७६,३८२ गरी कुल कामदारहरूको संख्या ५,०८,४१८ रहेको छ। कुलमा गत वर्षको तुलनामा यो संख्या थोरै मात्रामा घटेको छ। व्यक्तिगतरूपमा पुनः स्वीकृति लिई वैदेशिक रोजगारमा जाने कामदारहरूमा महिला ११,५४५ र पुरुष २,६१,०७२ गरी कुल २,७२,६१७ रहेको छ भने व्यक्तिगत नयाँ स्वीकृति लिई विदेश जाने महिला १,८०७ र पुरुष ७,३०४ रहेका छन्। वैधानिकृत स्वीकृति लिई वैदेशिक रोजगारमा जानेमध्ये महिला १,३५९ र पुरुष १६,९७९ गरी जम्मा १८,३३८ रहेको देखिन्छ।

त्यसैगरी देशगतरूपमा वैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्यात्मक विवरण तल दिइएको छ।

**देशगतरूपमा वैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्यात्मक विवरण, २०७४/७५ र २०७५/७६**

| सि.नं. | देश | आ.व.२०७४/७५ | | | आ.व. २०७५/७६ | | |
|---|---|---|---|---|---|---|---|
| | देश | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | कतार | १७८६४९ | ४८९३ | १,८३,५४२ | १,५६,३२८ | ४,८८७ | १,६१,२१५ |
| २ | मलेसिया | १३३२७८ | ४०३३ | १,३७,३११ | ४०,८९७ | १,२४९ | ४२,१४६ |
| ३ | सउदी अरब | १०७०७३ | १३४१ | १,०८,४१४ | १,१५,८७१ | २,०३३ | १,१७,९०४ |
| ४ | यूएई | १०२८१५ | १२१२६ | १,१४,९४१ | १,०६,३८३ | १३,४७२ | १,१९,८५५ |
| ५ | कुबेत | २४६१५ | २५३४ | २७,१४९ | २३,७२९ | २,२६७ | २५,९९६ |
| ६ | बहराइन | ७८३२ | ६२२ | ८,४५४ | ७,९२७ | ७४७ | ८,६७४ |
| ७ | ओमन | ५१८६ | ५२७ | ५,७१३ | ४,९७२ | ४६५ | ५,४३७ |
| ८ | दक्षिण कोरिया | १५७ | ० | १५७ | | | |
| ९ | लेबनान | ५४ | ५१ | १०५ | | | |
| १० | इजरायल | २१६ | ४७१ | ६८७ | | | |
| ११ | अफगानिस्तान | १४४१ | १ | १,४४२ | | | |
| १२ | जापान | ३३८३ | ९३ | ३,४७६ | ४,१२२ | १४२ | ४,२६४ |
| | | | | साइप्रस | २२८ | २,११२ | २,३४० |
| | | | | मकाउ | २२८ | २,११२ | २,३४० |
| १३ | अन्य | १४०२२ | ६२७२ | २१,२९४ | १२,१०३ | ४,५८४ | १८,६८७ |
| १४ | कोरिया इ.पी.एस. | ७४८९ | ३८४ | ७८७३ | | | |
| | जम्मा | ५८७२१० | ३३३४८ | ६२०५५८ | ४,७६,३८२ | ३२०३६ | ५०८४१८ |
| | *स्रोत : वैदेशिक रोजगार विभाग* | | | | | | |

तालिकामा रहेको देशगत विवरणअनुसार आ.व. २०७४/७५ को तुलनामा आ.व. २०७५/७६ मा वैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्यामा केही परिवर्तन भएको देखिन्छ। आ.व. २०७४/७५ मा वैदेशिक रोजगारका लागि सबभन्दा बढी नेपालीजाने गन्तव्य मुलुकका रूपमा प्रथमदेखि पाँचौंसम्मका देशहरूमा क्रम : कतार, मलेसिया, यूएई, सउदी अरब र कुबेत थिए भने आ.व. २०७५/७६ क्रमशः कतार, यूएई, सउदी अरब, मलेसिया र कुबेत रहेका छन्। दोश्रो, तेश्रो र चौथो फरक रहेका छन्। यसैगरी वैदेशिक रोजगारमा जाने पुरुष महिलाहरूको संख्यागत क्रममा पनि केही फरक देखिन्छ। यसरी संख्यागत आधारमा तलमाथि देखिएपनि एकदेखि पाँचभित्रका देशहरू भने सबै खाडीअन्तर्गतका यूएई, कतार, यूएई, कुबेत, सउदी अरब, बहराइन र  मलेसिया नै रहेका छन्। वैदेशिक रोजगार विभागले यस आ.व.२०७५/७६ मा वैदेशिक रोजगारमा जानेहरूको सीपअका आधारमा उच्च दक्ष, व्यवसायिक, अर्धदक्ष, दक्ष  र अदक्ष गरी पाँच वर्गमा विभाजन गरिएको संख्यात्मक विवरण पनि आफ्नो वेभपेजमा राखिएको देखिन्छ। यसको विवरण यस प्रकार रहेको छ।

| सि.नं. | सीप | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | उच्च दक्ष | १९१ | १९ | २१० |
| २ | व्यवसायिक | ७३१ | ५६ | ७८७ |
| ३ | अर्धदक्ष | ३९,३२६ | ३,४५८ | ४२,७८४ |
| ४ | दक्ष | १,७०,४५३ | ९,१४८ | १७९६०१ |
| ५ | अदक्ष | २,६६,००३ | १९,४४२ | २८५४४५ |
| | जम्मा | ४,७६,७०४ | ३२,१२३ | ५,०८,८२७ (४०९ बढी देखिएको) |

यस तालिकाले नेपालबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरूमध्ये ५६ प्रतिशतभन्दा बढी अदक्ष रहेको देखाउँछ ।

(ङ) वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन वैदेशिक रोजगार बोर्डले रेडियो नेपालमार्फत 'सात समुद्र पारि' तथा अन्य विभिन्न एफ.एम. र टेलिभिजनहरूबाट वैदेशिक रोजगारमा जाने सम्भावित कामदारहरू लक्षित सचेतनामूलक सन्देश प्रशारण कार्यलाई नियमित रूपमा सञ्चालन गर्दै आइरहेको पाइन्छ ।

यसरी नेपाल सरकारले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनका लागि विभिन्न माध्यमबाट देहायबमोजिमका कार्यहरू सञ्चालन गर्दै आइरहेको छ ः

(१) विभिन्न संस्थाहरूसँग सहकार्य गरी वैदेशिक रोजगार प्रस्थानपूर्व आवश्यक पर्ने जानकारी प्रदान गर्ने,

(२) प्रतिकूल अवस्थाको सामना गरी फर्किनु परेका महिला कामदारहरूका लागि घटना व्यवस्थापन गर्नका लागि समन्वय गर्ने,

(३) सुरक्षा गृह (सेफ हाउस) को व्यवस्था मिलाई आवास, स्वास्थ्य उपचार, कानुनी सहायता एवं मनोविमर्श सेवा उपलब्ध गराउने र

(४) विदेशबाट फर्केका कामदारहरूलाई नेपालमै उद्योगधन्दा सञ्चालन गर्न आवश्यक परामर्श उपलब्ध गराउने ।

### ३.१.१० सञ्चारमाध्यामको क्षमता र संवेदनशीलताको अभिवृद्धि

(**राष्ट्रिय कार्ययोजनाको रणनीति १.१० सँग सम्बन्धित**)

(क) महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालयमा सचिवालय रहेको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत संघ-संस्थाहरूको ठेगाना, कार्यक्षेत्र र सर्म्पक टेलिफोन नम्बरसहितको जानकारीमूलक पुस्तिका अध्यावधिक गरी प्रकाशन र वितरण गर्ने कार्यलाई जारी राखेको छ ।

(ख) मानव बेचबिखन तथा ओसारपसारविरुद्धको अभियानमा केन्द्र, प्रदेश तथा स्थानीय तहमा विभिन्न टेलिभिजन, एफ.एम. रेडियो, पत्रपत्रिका एवं सामाजिक सञ्जालहरूजस्ता राष्ट्रिय तथा स्थानीय विद्युतीय तथा छापा माध्यमहरूलाई संलग्न गराइएको/भएको पाइन्छ । यस क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसलगायत विभिन्न अवसरमा सञ्चारकर्मीहरूसँग अन्तर्क्रिया छलफल गर्ने, विभिन्न किसिमका सन्देशहरू प्रचारप्रसार गर्न लगाउनेजस्ता कार्यहरूले निरन्तरता पाएका छन् । यसबाट जनचेतनामा बृद्धि आउने मात्र नभइ मिडियाको क्षमता अभिवृद्धिमा सहयोय पुगेको देखिन्छ । यसले गर्दा छापा तथा रेडियो, टेलिभिजनजस्ता विद्युतीय माध्यमबाट मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी हिंसा न्यूनीकरण लक्षित जनचेतनामूलक सन्देश, भिडियो क्लिप, पीएसएहरूबाट प्रचार प्रसारमा वृद्धि भइ यस क्षेत्रमा छापा तथा रेडियो, टेलिभिजनजस्ता विद्युतीय माध्यमको प्रयोग बढ्न गएको छ ।

(ग) भाद्र २०, २०७५ मा मनाइएको बारौं मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय दिवसको अवसरमा छापा तथा विद्युतीय माध्यमबाट मानव बेचबिखन तथा ओसारपसारविरुद्धको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाइ पुरस्कार र सम्मानद्धारा प्रोत्साहन गरिएको छ ।

### ३.१.११ अध्ययन र प्रतिवेदन

(**राष्ट्रिय कार्ययोजनाको रणनीति १.११ सँग सम्बन्धित**)

(क) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले प्रेस काउन्सील नेपालमार्फत महिलाविरुद्ध

हुने मानव बेचबिखन तथा ओसारपसारमात्र नभई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न पत्रपत्रिकामा एक आ.व.भित्र प्रकाशित लेख, रचना, समाचार वा अन्य सूचनाको क्लीप्स प्राप्त गरी मावन बेचबिखनलगायतका हिंसाको समाचार र निरन्तर सम्प्रेषण तथा सरोकार र लैङ्गिक संवेदनशीलताका विषयवस्तुलाई कसरी सम्प्रेषण गरेको छ भन्नेबारे अध्ययन गरी प्रतिवेदन प्रकाशन गरेको छ। यसको विस्तृत प्रतिवेदन मन्त्रालयको वेभपेजमा अपलोड गरिएको छ।

(ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सचिवालय रहेको मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिले आ.व.२०७५/७६ भरि सरकारी तथा गैरसरकारी क्षेत्रबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्पन्न भएका क्रियाकलापहरूको प्रगति समेटिएको “मानव बेचबिखन नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७६” प्रकाशन गरेको छ।

(ग) मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले सम्वेदनशील जिल्लाहरूमा जोखिममा रहेका तथा जोखिमोन्मूख समूह र समुदाय पहिचानका लागि सर्वेक्षण विधि तयका लागि पाइलटिङ रूपमा सिन्धुपाल्चोक र मकवानपुर जिल्लामा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा अनुसन्धानको प्रगति प्रतिवेदन प्राप्त भएको छ।

(घ) लैंगिक तथ्यांक अद्यावधिक गरी Social Statistics प्रकाशन गरिएको छ (वार्षिक प्रतिवेदन, २०७५/७६ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय)।

(ङ) बाऱ्हौं राष्ट्रिय मानव बेचबिखन तथा ओसारपसारविरुद्धको दिवस मनाउने क्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मावन बेचबिखनसम्बन्धी सूचनामूलक “यात्रा” नामको सातौं अंकको बुलेटिन प्रकाशन गरेको छ।

## ३.२. संरक्षणात्मक क्रियाकलापहरू

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको सहयोग तथा संरक्षणका लागि आ.व. २०७४/७५ मा सम्पादित क्रियाकलापहरूको विस्तृत विवरण यस प्रकार रहेको देखिन्छ।

### ३.२.१ उद्धार तथा स्वदेश फिर्ती

(**राष्ट्रिय कार्ययोजनाको रणनीति २.१ सँग सम्बन्धित**)

१. नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरूसँग सम्पर्क, समन्वय र सहकार्य गरी मानव बेचबिखन तथा ओसारपसारपरी विभिन्न मुलुकहरूमा बेचिन पुगेका, श्रम तथा यौन शोषणमा परेका पीडित व्यक्तिहरूको उद्धार र स्वदेश फिर्तीको कार्य गर्दै आएको छ। यस कार्यका लागि मन्त्रालयले २०६७ देखि नै विदेशस्थित विभिन्न नेपाली दूतावासहरूलाई उनीहरूको माग र आवश्यकताअनुसार रकम उपलब्ध गराउँदै आएको छ। दूतावासहरूलाई यस किसिमको रकम निकासा यस मन्त्रालयको अलावा वैदेशिक रोजगार बोर्डबाट पनि उपलब्ध गराउने व्यवस्था रहेको देखिन्छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलबाट यस आ.व.२०७५/७६ सम्म विदेशस्थित विभिन्न नेपाली राजदूतावास, नेपाली महावाणिज्य दूतावास तथा नेपाली नियोगसमेतलाई निकासा भएको बजेटको विवरण यस प्रकार रहेको देखिन्छ :

**तालिका ३.२.१.१**

**पीडित/प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्तीका लागि कूटनीतिक नियोगहरूलाई निकासा दिइएको रकमको विवरण**

**(आ.व. २०७०/७१-२०७५/७६)**

| नियोग | २०७०/७१ सम्म | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|---|
| नेपाली राजदूतावास, नयाँदिल्ली | १०,००,००० | - | – | २,००,००० | ० | |
| महावाणिज्य दूतावास, कोलकाता | ८,००,००० | - | ८,००,००० | ८,००,००० | ० | |
| नेपाली राजदूतावास, थाइल्यान्ड | - | १०,००,००० | १०,००,००० | – | ० | |
| नेपाली राजदूतावास, अबुधाबी | - | - | १०,००,००० | – | ० | |
| परराष्ट्र मन्त्रालय | श्रीलंकामा अलपत्र परेकी नेपाली चेलीको उद्धार गर्न | | ३२,९३२ | – | – | |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय।*

२. आ.व. २०७५/७६ को अवधिमा मानव बेचबिखन तथा ओसारपसारमा परी विदेश पुऱ्याइएका महिला तथा बालबालिकाहरूको विदेशस्थित नेपाली राजदूताबास तथा महाबाणिज्य दूतावासहरूबाट उद्धार गरी नेपाल फर्काउन भए गरेका कार्यहरूको विवरण देहायबमोजिम रहेको छ :

**(क) मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूलाई नेपाल फिर्ती**

| क्र.स. | नेपाली राजदूतावास | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | जम्मा | उद्धार गरिएका स्थान/मुलुक | उद्धार सेवा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बालिका | बालक | | | | |
| १ | नयाँदिल्ली | २९२ | ४१ | ३ | १८ | ३५४ | भारत | दूतावासको समन्वयमा नेपाल फिर्ता | |
| २ | इस्लामावाद | ५ | १४ | ० | ० | १९ | पाकिस्तान, इरान, टर्की | | |
| ३ | महाबाणिज्य दूतावास, कोलकाता | २ | ० | ४ | ९ | १५ | कोलकाता, पश्चिम बंगाल | पश्चिम बंगालका विभिन्न अदालत, प्रहरी कार्यालय, अस्पतालसँग समन्वय गरी विभिन्न उद्धार गृहहरूबाट नेपाल फर्काइएको | |

| क्र. स. | नेपाली राजदूतावास | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | जम्मा | उद्धार गरिएका स्थान/मुलुक | उद्धार सेवा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बालिका | बालक | | | | |
| ४ | कायरो | २० | ५८ | ० | - | ७८ | नाइजेरिया, लिबिया, इजिप्ट, सिरिया, जोर्डन, लेबनान, अल्जेरिया | IOM, Caritas, सुरक्षा वा अध्यागमन निकायहरूसँग समन्वय गरी समस्यामा परेका नेपालीहरूलाई नियोगबाट ट्राभल डकुमेन्टसमेत जारी गरी नेपाल पठाएको । | |
| ५ | बैंकक | ० | ३२ | ० | ० | ३२ | थाइल्यान्ड, कम्बोडिया तथा लाओस | दूतावासको समन्वयमा नेपाल फिर्ता पठाएको (धेरै नेपालीहरूलाई विदेश पठाइदिँछु भनी रकम ठगी गर्ने पर्शुराम गुरुङलाईसमेत नेपाल डिपोट गरिएको | |
| ६ | कुवेत | ३५० | ० | ० | ० | ३५० | कुवेत | नेपाल फिर्ता गरिएको | |
| ७ | प्रिटोरिया | १६ | २ | ० | ० | १८ | केन्या र दक्षिण अफ्रिका | डान्सबारबाट केन्या प्रहरीले १६ जना महिलाहरूलाई उद्वार गरेकोमा दूतावासको समन्वय र अवैतनिक नेपाली बाणिज्यदूतावास, नैराबीको पहलमा नेपाली महिलाहरूलाई नेपाल फर्काइएको । | |
| ८ | महाबाण्ज्यि दूतावास, जेद्दा | १७ | १०८ | ० | ० | १२५ | जेद्दा | कामदारहरूले पाउनुपर्ने तलब दिलाई वैधानिक तवरबाट नेपाल फिर्ता गराइएको । | |
| ९ | बेइजिङ | ४४ | ० | ० | ० | ४४ | Dandong Risheng Factory ल्याओनिङ प्रान्त, चीन | चिनीयाँ निकायहरूको सहयोग र संलग्नतामा ती महिलाहरूलाई नेपाल फिर्ता गरिएको | |
| १० | पेरीस | ० | १६ | ० | ० | १६ | ग्रीस तथा पोचुगल | अवैधानिक बसाइको कारण स्थानीय प्रहरीले पक्राउ गरेकोमा IOM तथा स्थानीय नेपाली समुदायसँग समन्वय गरी रद्वार गरिएको र नेपाल फिर्ता पठाइएको । | |

| क्र. स. | नेपाली राजदूतावास | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | जम्मा | उद्धार गरिएका स्थान/मुलुक | उद्धार सेवा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बालिका | बालक | | | | |
| ११ | मनामा | १३ | २५ | ० | ० | ३८ | बहराइन | कम्पनीबाट भागेकालगायत भने बमोजिम सेवा सुविधा नपाएका, करार अवधिपश्चात पनि नेपाल फर्कन नपाएका, कम्पनी बन्द भएका आदि कारणहरूबाट अलपत्र परेका नेपाली कामदारहरू खान, बस्न, एकतर्फी यात्रा अनुमतिपत्र तथा हवाई टिकटको व्यवस्था गरी राजदूतावासबाट उद्धार गरी पठाइएको । | |
| १२ | अबुधावी | ३२ | ४०७ | ० | ० | ४३९ | युएई | दूतावासको समन्वयमा उद्धार गरी नेपाल फिर्ता पठाइएको । | |
| १३ | रियाद | ३६ | ३७२ | ० | ० | ४०८ | साउदी अरबियाका विभिन्न सहर | दूतावासको समन्वयमा उद्धार तथा नेपाल फिर्ता । | |

*स्रोत : परराष्ट्र मन्त्रालय*

**(ख) सुरक्षित आवास गृहको अवस्था**

आवश्यक भएको अवस्था भएपनि विदेशस्थित कतिपय नेपाली राजदूतावासहरूमा छुट्टै सुरक्षा गृह रहेको पाइँदैन । यसको मूल कारण साधनस्रोतको कमी बताइन्छ। यसरी छुट्टै सुरक्षा गृह नभएको भएपनि विदेशमा विभिन्न समस्यामा परी दूतावास पुग्ने नेपालीहरूलाई दूतावासको परिसरमै आश्रय दिने गरिएको छ। छुट्टै सुरक्षा गृह सञ्चालन गरेका राजदूतावासहरूबाट आ.व. २०७५/७६ मा मानव बेचबिखन तथा ओसारपसारमा परेका वा विदेशमा अलपत्र परेका वा कुनै कारणबाट शोषणमा परी दूतावास पुगी सुरक्षा गृहबाट सेवा प्राप्त गरेका सेवाग्राहीहरूको विवरण यस प्रकार रहेको देखिन्छ।

| क्र. सं | सुरक्षा गृह भएको देश | सुरक्षा गृह सञ्चालन मिति | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उपलब्ध सेवा |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालिका | बालक | |
| १ | कतार | १ अक्टोबर २०१५ | ०७ | ० | ० | ० | खाने तथा बस्ने, नेपाल पठाउन आवश्यक पर्ने कागजात बनाइदिने, आवश्यकताअनुसार सम्बन्धित निकायहरूसँग समन्वय गर्ने । |
| २ | कुबेत | सन २०१० देखि सञ्चालनमा रहेको | ३१६ | ० | ० | ० | खाने तथा बस्ने, नेपाल पठाउन आवश्यक पर्ने कागजात बनाइदिने, आवश्यकताअनुसार सम्बन्धित निकायहरूसँग समन्वय गर्ने । |

| क्र. सं | सुरक्षा गृह भएको देश | सुरक्षा गृह सञ्चालन मिति | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उपलब्ध सेवा |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालिका | बालक | |
| ३ | सउदी अरब | नियमित संचालित | ३६ | ५५ | ० | ० | खाने तथा बस्ने, नेपाल पठाउन आवश्यक पर्ने कागजात बनाइदिने, आवश्यकताअनुसार सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।<br><br>नेपाली नागरिक वेद बहादुर भुजेल विगत एक वर्षदेखि पूर्ण अपाङ्गता भई राजदूतावासको सेल्टरमा रहेका र उनको सरसफाई(दिशापिसाब लगायतका सेवाहरू) राजदूतावासका स्थानीय कर्मचारीबाट हुँदै आएको । भगौटा भएका अवस्थामा दुर्घटना गरी अस्पताल भर्ना भएका उनको उपचारमा ने.रु. दुई करोड पचास लाखभन्दा बढी खर्च भएपछि अस्पतालले राजदूतावासमा ल्याई छाडेको । अस्पतालको रकम भुक्तानी भएको छैन । |
| | | | | | | | *स्रोत : परराष्ट्र मन्त्रालय* |

(ग) मानव बेचबिखन तथा ओसारपसारविरुद्ध विभिन्न मुलुकस्थित नेपाली राजदूतावासहरूले यस आ.व.मा पनि विभिन्न किसिमका तालिम, गोष्ठी, अन्तर्क्रिया, अध्ययन आदि कार्यक्रमहरू सम्पन्न गरेका छन् । यसको विस्तृत विवरण यस प्रतिवेदनको कूटनीतिक क्षमता अभिवृद्धिअन्तर्गत दिइएको छ ।

### ३.२.२ उद्धार संयन्त्रहरूको निर्माण

(**राष्ट्रिय कार्ययोजनाको रणनीति २.२ सँग सम्बन्धित**)

३. यस प्रतिवेदनको भाग २ को २.३ संस्थागत संरचनाअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यका लागि प्रत्यक्ष्य वा परोक्षरूपमा जिम्मेवार नेपाल सरकारको बृहत्तर संस्थागत संरचनाकाबारे उल्लेख गरिएको छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यको जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकिएको छ । यस विशेष जिम्मेवारीका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन तथा नियमावलीले तोकेबमोजिम राष्ट्रियस्तरमा गठन गरिएको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय समिति मन्त्रालयमा रहेको छ । साबिक जिल्लाहरूमागठित जिल्ला समिति अद्यापि अस्तित्वमा रहेको देखिन्छ । संघीय शासन प्रणाली लागू भएपश्चात् जिम्मेवारी हेरफेरमा अन्यौल तथा महिला विकास कार्यालयको खारेजीका कारण यस अवधिमा जिल्लास्थित समितिले समेत पूर्ण हुन सकेन । प्रदेश तहमा यो विषय सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्रभित्र रहेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ अनुसार मूलतः विदेशमा अलपत्र परेका पीडितको उद्धार कार्य राष्ट्रिय समितिको र जिल्लाभित्र मानव बेचबिखन तथा ओसार पसारको जोखिममा रहेका व्यक्तिको उद्धार तथा संरक्षण कार्य मानव बेचबिखन नियन्त्रण जिल्ला समितिको काम, कर्तव्य र अधिकारभित्र राखिएको छ । यसैगरी मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूबीच समन्वय गर्ने गराउने सम्पर्क निकायको भूमिका उक्तबमोजिमका समितिहरूद्धारा निर्वाह हुँदै आएको देखिन्छ । प्रदेश तथा स्थानीय तहको पूर्ण व्यवस्थालगत्तै मानव बेचबिखन नियन्त्रणको कार्य बढी प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

४. मानव बेचबिखन तथा ओसारपसारको दृष्टिबाट बढी जोखिमोन्मुख खासगरी खुला सीमाना रहेको छिमेकी मुलुक भारतसँगको सीमाना/नाकाहरूमा सरकार (नेपाल प्रहरी) बाट स्थापित निगरानी तथा सूचना/परामर्श केन्द्रहरू क्रियाशील छन् । यस कार्यमा गैरसरकारी संघसंस्थाहरूसमेतको संलग्नता र सहयोग रहँदै आएको देखिन्छ । यसरी सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको आपसी समन्वय, सहयोग तथा सहकार्यमा बेचबिखनबाट पीडित वा प्रभावित व्यक्तिहरूको उद्धार गर्ने कायर्ले यस वर्ष पनि निरन्तरता पाएको छ। यस क्रममा बेचबिखनमा परेका पीडितहरूलाई बाह्य मुलुकहरूबाट उद्धार गरी स्वदेश फिर्ती गर्ने कार्यमा स्वभावतः सम्बन्धित मुलुकस्थित नेपाली कूटनीतिक नियोगहरूको पनि संलग्नता रहेको देखिन्छ। क्रमागत अभ्यासका आधारमा यस किसिमको कार्यमा सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूबीचको आपसी समन्वय, साझेदारी, सहकार्य, सहयोगमा पनि वृद्धि भएको देखिन्छ।

### ३.२.३ पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन

(**राष्ट्रिय कार्ययोजनाको रणनीति २.३ सँग सम्बन्धित**)

५. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित वा प्रभावित व्यक्तिहरूको उद्धार तथा संरक्षण कार्यलाई अझ प्रभावकारी बनाउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा निर्मित पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ कार्यान्वयनमा रहेको छ। पुनर्स्थापना केन्द्रहरूको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनमा यो निर्देशिका सहयोगीसिद्ध भएको पाइन्छ।

६. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण तथा पुनर्स्थापनाका लागि यसपूर्व स्थापित १० वटा पुनर्स्थापना केन्द्रहरू नै यस आ.व.२०७५/७६ मा पनि कायम रहे । विगत वर्षहरूदेखि नै सञ्चालनमा रहेका यी केन्द्रहरूको सञ्चालनको जिम्मा दिइएका गैरसरकारी संस्थाहरू र तिनीहरूको कार्याधिकार क्षेत्र निम्नबमोजिम तोकिएको छ :

**तालिका ३.२.३.१**

**पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्थाहरूको नाम**

| क्र.सं. | पुनर्स्थापना केन्द्र सञ्चालन भएको जिल्ला | पुनर्स्थापना केन्द्र व्यवस्थापन करार गर्ने संस्था | क्षेत्राधिकारका जिल्लाहरू |
|---|---|---|---|
| १ | झापा | माइती नेपाल | ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर |
| २ | सिन्धुपाल्चोक | शक्ति समूह | सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, दोलखा |
| ३ | काठमाडौँ | ए.बी.सी. नेपाल | रसुवा, नुवाकोट, धादिङ, सोलुखुम्बु, भक्तपुर, काठमाडौँ, ललितपुर, ओखलढुङ्गा, खोटाङ |
| ४ | पर्सा | माइती नेपाल | बारा, रौतहट, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, सिन्धुली, उदयपुर, सिराहा, सप्तरी |
| ५ | चितवन | आदर्श नारी विकास केन्द्र | चितवन, मनाङ, मुस्ताङ, तनहुँ, लमजुङ, गोर्खा, मकवानपुर |
| ६ | रूपन्देही | माइती नेपाल | गुल्मी, अर्घाखाँची, रूपन्देही, कपिलवस्तु, पाल्पा, स्याङजा, नवलपरासी, म्याग्दी, बागलुङ, पर्वत |
| ७ | बाँके | साथी | सल्यान, बर्दिया, बाँके, जाजरकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा, रूकुम, रोल्पा, दाङ, प्यूठान |

| क्र.सं. | पुनर्स्थापना केन्द्र सञ्चालन भएको जिल्ला | पुनर्स्थापना केन्द्र व्यवस्थापन करार गर्ने संस्था | क्षेत्राधिकारका जिल्लाहरू |
|---|---|---|---|
| ८ | कैलाली | सिर्जनशील समाज | दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ्ग, कैलाली, कञ्चनपुर, बाजुरा, अछाम, डोटी, दैलेख, कालिकोट |
| ९ | कास्की | थ्री एन्जेल्स | बाग्मती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश |
| १० | सुर्खेत | आवाज | कालीकोट, दैलेख, वर्दिया, सुर्खेत |
| | | | *स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय* |

### ३.२.४ पुनर्स्थापना सेवाहरू

**(राष्ट्रिय कार्ययोजनाको रणनीति २.४ सँग सम्बन्धित)**

७. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३ तथा नियमावलीको नियम ११ ले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित महिला तथा बालबालिकाहरूलाई उद्धार गरी पुनर्स्थापना गर्नका लागि पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था तोकेको छ । यसै व्यवस्थाको आधारमा बेचबिखनमा परी स्वदेश फर्केका र फर्काइएका पीडितहरूलाई पुनर्स्थापनाको सेवा प्रदान गर्न सरकारी तथा गैरसरकारी क्षेत्रको पहलबाट विभिन्न नाममा सुरक्षित गृहहरू सञ्चालन भइरहेको पाइन्छ। सामान्यत सरकारको सहयोगमा सञ्चालित गृहहरूलाई पुनर्स्थापना केन्द्र र गैरसरकारी संस्थाहरूबाट सञ्चालित गृहहरूलाई सुरक्षा गृह भन्ने गरिएको पाइन्छ।

सरकारको तर्फबाट सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापनका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिले गैरसरकारी संस्थाहरूले करारमा लिई सञ्चालन भइरहेका थिए । पीडित/प्रभावितहरूको आवश्यकताअनुसार आवास, खाना, स्वास्थ्य उपचार, मनोविमर्श सेवा तथा कानुनी सहायतालगायतका अत्यावश्यक सेवाहरू यस्ता पुनर्स्थापना केन्द्रहरूबाट प्रदान गर्ने गरेको पाइन्छ। यस्ता केन्द्रहरूमा मानव बेचबिखन तथा ओसारपसारका मात्र नभई अन्य लैङ्गिक हिंसाका घटनाहरूबाट पीडित/प्रभावितहरूलाई समेत सेवा उपलब्ध गराइँदै आएको देखिन्छ । तथापी हाल महिला विकास कार्यालयहरू खारेज भएको सन्दर्भमा जिल्ला समिति पूर्ण हुन नसकेकोले पुनस्थापना केन्द्रहरूमा सरकारको व्यवस्थापन तथा सञ्चालन समेत प्रभावित हुन पुगेको देखिन्छ ।यसरी विभिन्न पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गरेका पीडित प्रभावितहरूकोआ.व. २०६८/६९ देखि २०७५/७६ सम्मको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२.४.१**

**सरकारी सहयोगमा सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित/प्रभावितको विवरण**

**(आ.व. २०६८/६९-२०७५/७६)**

| क्र.सं. | पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला | आ.व. | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | |
| १ | झापा | ४१२ | ६३५ | २१२ | २४४ | ४९४ | १५७ | ३३२ | ३०३ | २७८९ |
| २ | सिन्धुपाल्चोक | ६६ | १९ | २५ | २३१ | ३३ | ६१ | ३१ | ३३ | ४९९ |

| क्र.सं. | पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला | आ.व. | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | |
| ३ | काठमाडौँ | ६९ | ८ | १४ | २८ | ४१ | ३६ | २१२ | १६५ | ५७३ |
| ४ | पर्सा | २४० | १७६ | ६८ | ११४ | २७८ | ४६ | २२० | २५ | ११६७ |
| ५ | चितवन | ४३ | १०७ | १०९ | १३ | ११२ | ६७ | ४२ | १२३ | ६१६ |
| ६ | रूपन्देही | १९५ | २३३ | १५७ | ९० | ४११ | १२१ | २६४ | १७२ | १६४३ |
| ७ | बाँके | २५४ | २५४ | १२६ | १६५ | २५३ | ७ | २६७ | २९ | १३५५ |
| ८ | कैलाली | ३२ | २६ | २९ | १८ | ७५ | २९० | ३२ | २३७ | ७३९ |
| ९ | कास्की | – | – | – | – | – | | ३५ | ६० | ९५ |
| १० | सुर्खेत | – | – | – | – | – | | १९९ | ३२८ | ५२७ |
| ११ | कोलकता म.बा.दू. | – | – | २५ | १६ | – | – | – | | ४१ |
| १२ | मन्त्रालयबाट | | | | | | | | २०२ | २०२ |
| | **जम्मा** | १,३११ | १,४५८ | ७६५ | ९११ | १६९७ | ७८५ | १६३४ | १६७७ | १०२४६ |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

८. पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन र सञ्चालन कार्यलाई स्तरीय तथा प्रभावकारी बनाउनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जारी भइ हालसम्म कार्यान्वयनमा रहेका राष्ट्रिय न्यूनतम मापदण्ड र निर्देशिकाहरू यसप्रकार छन् ।

(क) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड र

(ख) पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८

समय-समयमा परिमार्जन हुदै आएका उक्त मापदण्ड तथा निर्देशिकाले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि परिवार मिलन तथा एकीकरणसम्मका सेवाहरू प्रदान गर्नका लागि तोकेका व्यवस्थाहरू निम्न प्रकारको रहेको देखिन्छ :

(क) स्वदेश फिर्तीदेखि आवासीय सेवा, खाना, लत्ता कपडा, स्वास्थ्य सेवा,

(ख) कानुनी सेवा,

(ग) मनोविमर्श, मनोचिकित्सक तथा मनोरञ्जनात्मक सेवा,

(घ) सिफारिस, दोहोरो सिफारिस प्रणाली, प्रेषण, पुनर्मिलन तथा भेटघाट,

(ङ) अनुगमन/पुन : भेटघाट, परिवारमा पुनर्स्थापना र पुन : एकीकरण,

(च) शिक्षा-दीक्षा तथा सीपमूलक तालिम तथा जीविकोपार्जन व्यवसाय सुरुका लागि बीउ पुँजी प्रदान ।

पुनर्स्थापना केन्द्रहरू यी मापदण्ड तथा निर्देशिकाहरूले निर्धारण गरेको न्यूनतम खर्चको मानकअनुसार सबै प्रकारका सेवाहरू प्रवाह गर्न केन्द्रित हुनु पर्ने गरिएको छ।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिबाट पुनर्स्थापना केन्द्रहरूको समय-समयमा अनुगमन गर्ने क्रममा यस आ.व.२०७५/७६ मा कास्की,

सिन्धुपाल्चोक, पर्सा तथा चितवन गरी ४ वटा पुनर्स्थापना केन्द्रहरूको निरीक्षण गरिएको छ। यसरी अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने कार्य सालबसाली रूपमा नियमित भइ रहेको पाइन्छ।

### ३.२.५ पीडित/प्रभावितहरूको परिचयको सुनिश्चितता

**(राष्ट्रिय कार्ययोजनाको रणनीति २.५ सँग सम्बन्धित)**

१०. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ७ (क) ले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूका लागि आवश्यक परेको खण्डमा परिचय खुल्ने आधिकारिक कागजात प्रदान गर्न सकिने व्यवस्था गरेको छ। यस किसिमको परिचय खुल्ने आधिकारिक कागजात बनाउनका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिले आवश्यक सिफारिस गर्ने गर्दछन्। यस कार्यलाई यो आर्थिक वर्षमा पनि जारी राखिएको छ।

### ३.२.६ पीडित/प्रभावितहरूको सुरक्षा चासोको सम्बोधन

**(राष्ट्रिय कार्ययोजनाको रणनीति २.६ सँग सम्बन्धित)**

११. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धारको क्रममा उद्धारकर्मी, सुरक्षाकर्मी एवं पीडित/प्रभावितका लागि लाग्ने यातायात भाडा, खाना र होटेल बासको खर्च पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०६८ मा तोकिएको मापदण्डअनुसार महिला, बालबालिका तथा ज्येष्ठ नाथरिक मन्त्रालयले उपलब्ध गराइ आएको छ। यसरी मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार, स्वदेश फिर्ती, पुनर्स्थापना केन्द्रहरूमा रहने, अदालतमा उपस्थित गराउने, सुरक्षा प्रदान गर्नेजस्ता अत्यावश्यक कार्यहरूमा खर्च गर्नका लागि यस आ.व.२०७५/७६ मा विभिन्न पुनर्स्थापना केन्द्रहरूलाई उपलब्ध गराइएको रकमको विवरण यसै प्रतिवेदनको पुनर्स्थापना केन्द्र सञ्चालनका लागि निकासा शीर्षकको तालिकामा दिइएको छ।

### ३.२.७ पारिवारिक पुनः एकीकरण

**(राष्ट्रिय कार्ययोजनाको रणनीति २.७ सँग सम्बन्धित)**

१२. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धार, पुनर्स्थापना, परिवार तथा समुदायमा पुनर्मिलन र पुनः एकीकरण गर्ने कार्यका लागि विभिन्न निकायहरूको समन्वय, सहकार्य एवम् संयुक्त प्रयास जरुरी हुन्छ। यस कार्यमा विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको संलग्नता रहँदै आएको पाइन्छ्। यस आ.व.मा पीडित/प्रभावितहरूको उद्धार तथा पुनर्स्थापना, परिवार तथा समुदायमा पुनर्मिलनपश्चातको अनुगमन (follow up) गर्ने गरिएको भए पनि यसरी पुनर्स्थापना, पुनर्मिलन र पुनः एकीकरण गरिएका व्यक्तिहरूको कुनै अभिलेख उपलब्ध हुन सकेन।

### ३.२.८ निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवाको व्यवस्था

**(राष्ट्रिय कार्ययोजनाको रणनीति २.८ सँग सम्बन्धित)**

१३. लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई चरणगत रूपमा आवश्यक स्वास्थ्य सेवा, मनोविमर्श, कानुनी सहायताजस्ता विभिन्न सेवाहरू एकीकृत रूपमा एकै स्थानबाट प्रदान गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत अस्पतालहरूमा आधारित विभिन्न जिल्लाहरूमा स्थापित एकद्वार संकट व्यवस्थापन केन्द्रहरूले यस आ.व.२०७५/७६ मा पनि निरन्तरता पाएका छन्। हालसम्म स्थापित एकद्वार संकट व्यवस्थापन केन्द्रहरूले एक प्रकारले नियमित सालबसाली कार्यक्रमको रूप लिएको देखिन्छ। अस्पतालमा आधारित यी केन्द्रहरूले नियमित सेवाको अलावा मानव बेचबिखन तथा ओसारपसारलगायत लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई आवश्यक पर्ने विशेष प्रकारको विशेषज्ञ तथा विशिष्ट सेवाहरूका लागि अन्य सम्बन्धित

निकायहरूमा सिफारिस/प्रेषण गर्ने कार्य पनि गर्ने गरेका छन् । आ.व. २०७५/७६ मा यी एकद्वार संकट व्यवस्थापन केन्द्रहरूबाट उद्देश्यमुताविक प्रदान गरिएको सेवाहरूको अद्यावधिक फेहरिस्त उपलब्ध हुन सकेन ।

१४. मानव बेचबिखन तथा ओसारपसारका पीडित/प्रभावित व्यक्तिलाई उपलब्ध गराइने औषधोपचार बापतको खर्च (रकम)का सम्बन्धमा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०६८ ले गरेको व्यवस्था निम्नबमोजिम रहेको छ :

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिले तोकेको अस्पतालमा उपचार गराउँदा लागेको खर्च,
- पुनर्स्थापना गृहमा रहेको अवधिमा पीडित/प्रभावित व्यक्ति तथा कुरुवा एक/एक जनालाई अस्पतालमा आउँदा जाँदाको खर्च,
- नियमित उपचार तथा प्रेषित वा आकस्मिक उपचार गराउँदा लागेको रकम तथा
- स्वास्थ्यकर्मीको प्रेसक्रिप्सन अनुसार लागेको बिलबमोजिमको खर्च ।

### ३.२.९ पुनर्स्थापना कोष परिचालन

**(राष्ट्रिय कार्ययोजनाको रणनीति २.९ सँग सम्बन्धित)**

नेपाल सरकारले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत मानव बेचबिखन तथा ओसापसारबाट पीडित/प्रभावितलाई खाना, बास, कपडालगायत आधारभूत आवश्यकताकासाथै स्वास्थ्य उपचार, मनोविमर्श, कानुनी सहायता, सीप विकास तालिम र बीउ पुंजी उपलब्ध गराउने उद्देश्यलागि छुट्टै एक पुनर्स्थापना कोष स्थापना गरेको छ। वि.सं. २०६५ सालदेखि नियमितरूपमा केन्द्रीय तथा जिल्लास्तरीय गरी दुईतहमा बजेट विनियोजन यस कोषको आ.व. २०६९/७० देखि २०७५/७६ सम्मको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२.५.१**

**कार्यक्रम बजेट**

| आ.व. | केन्द्रीयस्तर | जिल्लास्तर | पुनर्स्थापना कोष | सञ्चित रकम |
|---|---|---|---|---|
| २०६९/७० | २०,००,००० | ३७,५०,००० | १,००,००,००० | |
| २०७०/७१ | ३१,६८,००० | १,९२,००,००० | १,२०,००,००० | |
| २०७१/७२ | ३३,१५,००० | १,८७,८२,००० | - | १,५९,२८,५५० |
| २०७२/७३ | ५६,१५,००० | १,८७,८२,००० | – | १,१३,९५,६१३ |
| २०७३/७४ | ३०१००००० | | | १,७२,६३,९७० |
| २०७४/७५ | २,०५,५०,००० | ८७,५८,००० | | १,०१,५७,५५१ |
| २०७५/७६ | १,२६,५०,००० | | १,००,००,००० | २,६६,००,३८७ |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिकोद्ध सचिवालय*

१५. देशको राज्य प्रणालीमा आएको परिवर्तनसँगै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यक्रम र बजेटमा भएको फरकपनाको तुलनाका लागि आ.व. २०७४/७५ र आ.व. २०७५/७६ का विवरण तल प्रस्तुत गरिएको छ :

**तालिका ३.२.५.२**

**आ.व.२०७४/७५ र २०७५/७६ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यक्रमको विवरण**

| क्र. सं. | क्रियाकलाप | बजेट २०७४/७५ | खर्च | बजेट २०७५/७६ |
|---|---|---|---|---|
| | केन्द्रस्तर कार्यक्रम बजेट | २,०५,५०,००० | | १,२६,५०,००० |
| १ | सार्वजनिक निर्माण सुधार (परिसर निर्माण) विराटनगर (भवन) | ५०,००,००० | | ० |
| २ | मानव बेचबिखन तथा ओसारपसारविरुद्ध राष्ट्रिय समितिको बैठक सञ्चालन तथा व्यवस्थापन (गोष्ठी तथा कार्यशाला) | ४,००,००० | | ४००,००० |
| ३ | राष्ट्रिय समिति र जिल्ला समितिबीच अन्तर्क्रिया कार्यक्रम (गोष्ठी तथा कार्यशाला) | ६,००,००० | | |
| ४ | मानव बेचबिखन तथा ओसारपसारविरुद्धका उपसमितिहरूको बैठक सञ्चालन (गोष्ठी तथा कार्यशाला) | १,००,००० | | २,००,००० |
| ५ | पुनर्स्थापना केन्द्रहरू महिला तथा बालबालिका कार्यालयसँगको अन्तर्क्रिया कार्यक्रम (गोष्ठी तथा कार्यशाला) | ३,५०,००० | | |
| ६ | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को कार्यान्वयन योजना, २०७१ मध्यावधि मूल्याङ्कनसम्बन्धी कार्यशाला गोष्ठी १ दिने (गोष्ठी तथा कार्यशाला) | ४,००,००० | | |
| ७ | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी सचेतनामूलक सामग्री फ्ल्येक्स, पोस्टर तथा बुकलेट डिजाइन तथा छपाइ गर्ने, डकुमेन्ट्री निर्माण तथा प्रसारण (प्रचार तथा प्रसार सामग्री उत्पादन तथा प्रकाशन र वितरण) | ८,००,००० | | |
| ८ | मानव बेचबिखन तथा ओसारपसारविरुद्ध भएको नीतिगत तथा कार्यक्रमगत प्रयासहरूको एकीकृत राष्ट्रिय प्रगति प्रतिवेदन निर्माण तथा प्रकाशन (प्रचार तथा प्रसार सामग्री उत्पादन तथा प्रकाशन र वितरण) | ३,००,००० | | |
| ९ | Desk Review को आधारमा मानव बेचबिखन तथा ओसार पसारको दृष्टिले संवेदनशील जिल्लाहरूमा जोखिममा रहेका तथा जोखिमउन्मूख समूह समुदाय पहिचानका लागि सर्वेक्षण कार्यक्रम (अध्ययन, सर्वेक्षण, अनुसन्धान) | १५,००,००० | | |

| क्र. सं. | क्रियाकलाप | बजेट २०७४/७५ | खर्च | बजेट २०७५/७६ |
|---|---|---|---|---|
| | केन्द्रस्तर कार्यक्रम बजेट | २,०५,५०,००० | | १,२६,५०,००० |
| १० | मानव बेचबिखनबाट पीडित प्रभावितहरूका लागि स्थापित पुनर्स्थापना कोषमा रकम थप (काठमाडौँ, सिन्धुपाल्चोक, कैलाली, झापा, पर्सा, रूपन्देही, बाँके, चितवन कास्की र सुर्खेत जिल्लामा पुनर्स्थापना केन्द्र (विस्तार र अन्य) | १००,००,००० | | १,००,००,००० |
| ११ | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन संशोधन, उद्धार तथा स्वदेश फिर्ती नियमावली निर्माण (अन्य) | ५,००,००० | | |
| १२ | मानव बेचबिखन तथा ओसारपसारविरुद्धको दिवस भदौ २० मा मनाउने(दिवससम्बन्धी खर्च) | ६,००,००० | | ३,००,००० |
| १३ | मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशील जिल्लाहरूमा जोखिममा रहेका तथा जोखिमउन्मूख समूह, समुदाय पहिचानका लागि सर्वेक्षण सम्बन्धमा विधि तथा कार्यक्रम सञ्चालन (२ जिल्ला पाइलटिङ) (अन्य) | | | १०,००,००० |
| १४ | मानव बेचबिखनबाट पीडित प्रभावितहरूका लागि स्थापित पुनर्स्थापना केन्द्ररूको अनुगमन (अन्य) | | | १,५०,००० |
| १५ | सेवा । पुनर्स्थापना केन्द्रका व्यवस्थापक तथा कर्मचारीहलाई पुनर्ताजगी तालिम | | | ३,००,००० |
| १६ | मानव बेचबिखन तथा ओसारपसारविरूद्धको वार्षिक राष्ट्रिय प्रतिवेदन तयारी (अन्य) | | | ३,००,००० |
| *स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय* | | | | |

## ३.३ न्यायमा पहुँच र कानुनी कारबाही

(**राष्ट्रिय कार्ययोजनाको रणनीति ३.१ सँग सम्बन्धित**)

आ.व.२०७४/७५ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धका फौजदारी न्याय प्रणालीद्वारा दण्डहीनताको अन्त्य गरी पीडित/प्रभावितहरूलाई न्याय दिलाउने कार्यलाई प्रभावकारी बनाउने हेतु विभिन्न निकायहरूबाट सम्पादन भएका क्रियाकलापहरूको स्थिति देहायबमोजिम रहेको देखिन्छ ।

१६. **३.३.१ प्रभावकारी कानुन तथा अनुसन्धान प्रणालीको विकास** : विशेष गरी महिला तथा बालबालिकाहरूको आन्तरिक तथा बाह्यरूपमा हुन सक्ने बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि खासगरी राष्ट्रिय राजमार्गका बिर्तामोड, इटहरी, बुटवल, अत्तरिया, बर्दिबास, मिर्चैया, पथलैया, मुग्लिन, लमही तथा कोहलपुरलगायतका रणनीतिक स्थानहरूमा स्थापित निगरानी केन्द्र र पशुपतिनगर, भद्रपुर, काँकडभिट्टा, ठाडी धनुषा, मलंगवा, गौर,

इनरुवा, त्रिवेणी, महेशपुर, कृष्णनगर, बेलहिया, गुलरिया, धनगढी, बेलौरी, गड्डाचौकी, भिट्टामोड, बाह्रबिसे, जमुनिया, रानी र वीरगञ्जजस्ता रणनीतिक स्थानहरूमा स्थापित नाकाका चेक प्वाइन्टहरूमा नेपाल प्रहरीबाट खटिएका प्रहरी कर्मचारीहरूले "मानव बेचबिखन तथा ओसारपसारविरुद्धको निगरानी केन्द्र सञ्चालन कार्यविधि,२०७३" अनुसारको कार्यलाई निरन्तरता दिएको पाइन्छ।

१७. नेपाली समाज तथा परिवारको संरचनागत परिवर्तनसँगै महिला लक्षित हिंसाले नयाँ-नयाँ स्वरूप लिइरहेको छ। देखासिकी र उच्च महत्वकांक्षाका कारण घर परिवारकै सदस्यहरूबाटै समेत विभिन्न किसिमका हिंसाको चुनौतीहरू बढ्दो छ। जबरजस्ती करणी, महिला तथा बालबालिकाहरूको बेचबिखनजस्ता जोखिम बढी रहेको छ। यस किसिमका गतिविधिहरूलाई नियन्त्रण गरी यसका अभियुक्तलाई कानुनबमोजिम अधिकतम कारबाही र महिला तथा बालबालिकाहरूलाई सुरक्षा प्रदान गर्न नेपाल प्रहरीबाट यस वर्ष पनि जबरजस्ती करणी अपराध नियन्त्रण अभियान, जिल्लास्तरीय कार्यशाला सञ्चालन निर्देशिका, २०७१ अनुसार विभिन्न किसिमका तालिमहरू सञ्चालन भएका छन्।

### ३.३.२ प्रचलित कानुनहरूमा समसामयिक सुधार

(**राष्ट्रिय कार्ययोजनाको रणनीति ३.२ सँग सम्बन्धित**)

१८. नेपालको संविधानले प्रत्याभूत गरेको बालबालिका र महिलाका विशेष अधिकारका साथै अपराध पीडितको हक अधिकारअनुसार लैङ्गिक हिंसा अन्त्य र लैङ्गिक समानता कायम गर्न नेपाल सरकारले केही नेपाल कानुनलाई संशोधन गर्ने ऐन, २०७२ जारी गरेको छ। सो अनुरूप मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ मा गरेको संशोधनको विवरण अनुसूची ४ मा दिइएको छ।

१९. मानव बेचबिखन अनुसन्धान ब्यूरोलाई क्रियाशील बनाउन गरिएको प्रहरी नियमावलीको संशोधन नेपाल राजपत्रमा प्रकाशन गरिएको।

२०. मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ संशोधनको प्रक्रियामा रहेको छ।

### ३.३.३ कानुनी कारबाही

(**राष्ट्रिय कार्ययोजनाको रणनीति ३.३ सँग सम्बन्धित**)

२१. मानव बेचबिखन तथा ओसारपसार एक संठित अपराध भएकोले यसको नियन्त्रण सजिलो छैन। यसका लागि संयुक्त र सङ्गठित पहल आवश्यक पर्दछ। नेपालमा मानव बेचबिखनका घटनाउपर कानुनी कारबाही गर्ने कार्यमा विभिन्न निकायहरू संलग्न रहेका हुन्छन्। रपनि व्यवहारतः नेपाल प्रहरीको भूमिका र संलग्नता अत्यन्त महत्वपूर्ण देखिन्छ। यसका लागि प्रहरीअन्तर्गत छुट्टै मानव बेचबिखन अनुसन्धान ब्यूरो नै स्थापना भएको छ। अपराध अनुसन्धान विभाग तदारुकताकासाथ लागिरहेको पाइन्छ। मानव बेचबिखन अनुसन्धान कार्यमा नेपाल प्रहरीले एक महत्वपूर्ण हतियारको रूपमा "लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन तथा कार्य सञ्चालन कार्यविधि २०७२" कार्यान्वयन गरेको छ।

२२. नेपालमा खासगरी ग्रामीण क्षेत्रका विपन्न महिला तथा किशोरीहरू विभिन्न प्रकारका हिंसा सहन बाध्य छन्। यसको मूल कारण शिक्षा र ज्ञानको कमी हो। यस स्थितिमा उनीहरूमा कानुनी ज्ञान स्वतः कम हुने नै भयो। जवकी कानुनको अज्ञानतालाई क्षम्य मानिदैन। यसैले सङ्गठितरूपमा हुने मानव बेचबिखन तथा ओसार पसारको अपराधबाट उनीहरूलाइ जोगाउन र पीडित/प्रभावितहरूलाई न्याय दिलाउन विभिन्न सरकारी तथा गैरसरकारी संस्था, नागरिक समाज एवं समुदायहरूको अत्यन्त ठूलो भूमिका हुन आउँछ। नेपालमा देशभर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत यस किसिमका विभिन्न सरकारी निकाय

तथा गैरसरकारी संघ-संस्थाहरूले आपसी समन्वय, सहयोग तथा सहकार्य गरी बेचबिखनबाट प्रभावित एवम् पीडितहरूको उद्धार, राहत, संरक्षण तथा पारिवारिक एवम् सामाजिक पुनरमिलन गराउनेसम्मका कार्यहरू सम्पन्न गर्दै आएका छन् । यसको विवरण प्रतिवेदनको विभिन्न भागमा प्रस्तुत गरिएको छ ।

### ३.३.४ उजुरी लिने प्रकियामा सरलीकरण

२३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले गरेको व्यवस्थाअनुसार मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले पनि प्रहरीमा उजुर गर्न सक्दछ । अर्थात मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुरको उजुरी नजिकको प्रहरी कार्यालयमा दिनुपर्दछ । ऐनअनुसार उजुरीकर्ताले चाहेमा उसको नाम गोप्य राखिन्छ । नेपाल प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरण अनुसार आ.व. २०६८/६९ देखि २०७५/७६ सम्मको मानव बेचबिखन तथा ओसारपसारविरुद्ध दर्ता भएका उजुरीहरू र मुद्दाका पीडित/प्रभावित व्यक्तिहरूको स्थिति यस प्रकार रहेको देखिन्छः

**तालिका ३.३.४.१**

**मानव बेचबिखन तथा ओसारपसारविरुद्ध दर्ता मुद्दा र पीडित/प्रभावित व्यक्तिहरूको संख्या**


**आ.व.२०६८/६९ देखि आ.व.२०७५/७६ सम्म**

| विवरण | दर्ता मुद्दा | कूल पीडित | पीडित महिला | पीडित बालिका | पीडित बालक | पीडित पुरुष |
|---|---|---|---|---|---|---|
| आ.व. २०६८/६९ | ११८ वटा | १४३ जना | ६७ जना | ६३ जना | ४ जना | ९ जना |
| आ.व. २०६९/७० | १४४ वटा | १६१ जना | ६१ जना | ९७ जना | ३ जना | ० |
| आ.व. २०७०/७१ | १८५ वटा | २९६ जना | १६० जना | १३६ जना | ० | ० |
| आ.व. २०७१/७२ | १८१ वटा | २८० जना | १३१ जना | ११२ जना | ३५ जना | २ जना |
| आ.व. २०७२/७३ | २१२ वटा | ३५२ जना | २४१ जना | १०९ जना | ० | २ जना |
| आ.व. २०७३/७४ | २२७ वटा | ३११ | ३०८ | ० | ० | ३ |
| आ.व. २०७४/७५ | ३०५ | ५४६ | २९७ | १३० | ५० | ६९ |
| आ.व. २०७५/७६ | २५८ | ३८७ | १७७ | १३९ | ११ | ६० |
| जम्मा | १,६३० | २,४७६ | १,४४२ | ७८६ | १०३ | १४५ |

*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय*

माथि दिइएको आठ आ.व.को मानव बेचबिखन तथा ओसारपसारविरुद्ध दर्ता भएका मुद्दाहरूको संख्यात्मक अवस्था अध्ययन गर्दा मुद्दा दर्ताका आधारमा आ.व. २०७०/७१ को तुलनामा आ.व. २०७१/७२ मा २.२ प्रतिशतले र आ.व. २०७४/७५ को तुलनामा आ.व. २०७५/७६ मा १५.४० प्रतिशतले घटेको देखिन्छ । बाँकी अन्य प्रत्येक आ.व.हरूमा बढेको पाइन्छ । आ.व.२०६८/६९ को तुलनामा आ.व. २०६९/७० मा र आ.व. २०६९/७० को तुलनामा आ.व. २०७०/७१ मा उजुरी दर्ता क्रमशः २२ र २८.५ प्रतिशतले वृद्धि भएको प्रष्ट देखिन्छ । तालिकाबाट देखिन आउने यी तथ्यहरूलाई तलको बारचार्टमा सजिलै देख्न सकिन्छ ।

नेपाल प्रहरीमा दर्ता भएका मुद्दा संख्या





*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय*

यसरी मुद्दा दर्ताको संख्या हेर्दा आ.व.२०७५/७६ मा अघिल्लो आ.व.२०७४/७५ को तुलनामा १५.४० प्रतिशतले घटेको देखिन्छ। घटेको अनुपात थोरैनै रहेको भएपनि मानव बेचबिखनजस्तो पेंचिलो समस्याको सन्दर्भमा यसलाई शुभ संकेतको रूप मान्नु पर्दछ।

२४. प्रहरी प्रधान कार्यालयबाट प्राप्त उक्त तथ्याङ्क तालिकामा आ.व. २०६८/६९ देखि आ.व. २०७५/७६ सम्म मानव बेचबिखन तथा ओसारपसारका मुद्दामा पीडित/प्रभावित व्यक्तिहरूको संख्या क्रमशः कुल ११८ मुद्दामा १४३ जना (महिला ६७, बालिका ६३, बालक ४ र पुरुष ९), १४४ मुद्दामा १६१ जना (महिला ६१, बालिका ९७ र बालक ३), १८५ मुद्दामा २९६ जना (महिला १६० र बालिका १३६) र १८१ मुद्दामा २८० जना (महिला १३१, बालिका ११२, बालक ३५ र पुरुष २), २१२ मुद्दामा ३५२ जना (महिला २४१, बालिका १०९, र पुरुष २), २२७ मुद्दामा ३११ जना (महिला ३०८ र पुरुष ३), ३०५ मुद्दामा ५४६ जना (महिला २९७, बालिका १३०, बालक ५० र पुरुष ६९) र २५८ मुद्दामा ३८७ जना (महिला १७७, बालिका १३९, बालक ११ र पुरुष ६०) व्यक्तिहरू रहेको देखिन्छ।

२५. यसरी तालिकामा रहेको आठ वर्षको अवधिमध्ये आ.व.२०७२/७३ को तुलनामा आ.व.२०७३/७४ मा ११.६४ प्रतिशतले र आ.व.२०७४/७५ को तुलनामा आ.व.२०७५/७६ मा २९.१२ प्रतिशतले घटेकोबाहेक अन्य आ.व.हरूमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडितहरूको संख्या बढेको देखिन्छ। अर्थात आठ वर्षहरूमा दुई वर्षबाहेक अन्य ६ वर्षमा बढेको छ। यसले मानव बेचबिखनबाट पीडितहरूको संख्या निरन्तर ढंगले बढीरहेको देखिन आउँछ।

२६. यसरी अध्ययन अवधिसम्मका आठ आ.व.हरूमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कुल १६३० मुद्दाका २४७६ पीडितहरूमध्ये सबैभन्दा बढी पीडित महिला १४४२ जना रहेका छन् भने त्यसपश्चात् क्रमशः बालिका ७८६, बालक १०३ र पुरुष १४५ रहेको देखिन्छ। पछिल्ला आ.व.हरू २०७४/७५ र २०७५/७६ मा महिला पीडितको संख्या घटेको देखिएपनि बालिका तथा पुरुषको संख्या बढेको छ। यसले मानव बेचबिखन नियन्त्रण कार्यमा खासै प्रगति तथा सकारात्मक संकेत देखाउँदैन। पीडित व्यक्तिहरूको संख्यात्मक विवरण तलको बारचाटमा प्रस्तुत गरिएको छ।




*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय*


नेपाल प्रहरी प्रधान कार्यालय, मानव बेचबिखन अनुसन्धान ब्यूरो, प्रशाासन शाखाबाट प्राप्त तथ्याङ्कअनुसार यस आ.व.२०७५/७६ कोमानव बेचबिखन मुद्दाको प्रदेश तथा जिल्लागत विवरण देहायबमोजिम रहेको छ :

| जिल्ला | मुद्दा | जिल्ला | मुद्दा | जिल्ला | मुद्दा | जिल्ला | मुद्दा | जिल्ला | मुद्दा |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश-१ जम्मा मुद्दा : ५१ | | | | | | | | | |
| झापा | १५ | इलाम | ६ | पाँचथर | २ | ताप्लेजुङ | ० | मोरङ | ७ |
| सुनसरी | १९ | धनकुटा | ० | भोजपुर | ० | संखुवासभा | १ | सोलुखुम्बु | ० |
| खोटाङ | ० | तेह्रथुम | ० | उदयपुर | १ | ओखलढुङ्गा | ० | | |
| प्रदेश-२ जम्मा मुद्दा : १९ | | | | | | | | | |
| पर्सा | ७ | बारा | १ | रौतहट | २ | सर्लाही | २ | मओत्तरी | २ |
| धनुषा | २ | सिराहा | ३ | सप्तरी | ० | | | | |
| प्रदेश-३ जम्मा मुद्दा : २२ | | | | | | | | | |
| चितवन | ४ | मकवानपुर | ५ | काठमाडौं | - | ललितपुर | - | भक्तपुर | - |
| धादिङ१ | १ | नुवाकोट | ६ | रसुवा | ० | काभ्रे | १ | सिन्धुपाल्चोक | ३ |
| दोलखा | ० | रामेछाप | ० | सिन्धुली | २ | | | | |
| प्रदेश-४ जम्मा मुद्दा : ७ | | | | | | | | | |
| न.पूर्व | १ | बाग्लुङ | ० | गोर्खा | १ | तनहूँ | ० | स्याङ्जा | १ |
| लमजुङ | १ | मनाङ० | ० | मुस्ताङ | ० | म्याग्दी | १ | पर्वत | ० |
| कास्की | २ | | | | | | | | |
| प्रदेश-५ जम्मा मुद्दा : ४८ | | | | | | | | | |
| नं. पश्चिम | ११ | रूपन्देही | १७ | कपिलवस्तु | ३ | पाल्पा | १ | अर्घाखाँची | ३ |
| गुल्मी | ० | दाङ | ४ | प्यूठान | ० | रोल्पा | ० | रुकुम पूर्व | ० |


| जिल्ला | मुद्दा | जिल्ला | मुद्दा | जिल्ला | मुद्दा | जिल्ला | मुद्दा | जिल्ला | मुद्दा |
|---|---|---|---|---|---|---|---|---|---|
| बाँके | ५ | बर्दिया | ४ | | | | | | |
| प्रदेश-६ जम्मा मुद्दा : ८ | | | | | | | | | |
| डोल्पा | ० | जुम्ला | ० | मुगु | ० | हुम्ला | ० | कालीकोट | १ |
| सल्यान | १ | रुकुम प. | १ | जाजरकोट | ० | दैलेख | २ | सुर्खेत | ३ |
| प्रदेश-७ जम्मा मुद्दा : ३६ | | | | | | | | | |
| बाजुरा | २ | बझाङ | ० | अछाम | ० | डोटी | २ | कैलाली | १८ |
| कञ्चनपुर | १२ | डडेलधुरा | १ | बैतडी | १ | दार्चुला | ० | | |
| उपत्यकामा जम्मा मुद्दा : ५३ | | | | | | | | | |
| काठमाडौं | ५२ | भक्तपुर | ० | ललितपुर | १ | | | | |
| ब्यूरोमा जम्मा मुद्दा : १४ | | | | | | | | | |
| काठमाडौं | १४ | | | | | | | | |
| देशभर जम्मा मुद्दा : २५८ | | | | | | | | | |
| | | | | | | | | | *श्रोत : नेपाल प्रहरी प्रधान कार्यालय* |

२७. नेपाल प्रहरीप्रधान कार्यालयबाट प्राप्त मानव बेचबिखनसम्बन्धी मुद्दाको उक्त तथ्यांक अध्ययन गर्दा उपत्यका र ब्यूरोबाहेक सात प्रदेशहरूमध्ये सबभन्दा बढी प्रदेश १ मा ५१ र सबभन्दा कम प्रदेश ४ मा जम्मा ७ वटा मुद्दा दर्ता भएका छन् जो प्रतिशतका दृष्टिमा क्रमसः १९.७ प्रतिशत र २.७ प्रतिशत हुन आउँदछ । यसरी बढीबाट कम मुद्दा रहेका प्रदेश र मुद्दाहरूमा क्रमसः प्रदेश १ मा मुद्दा ५१, प्रदेश ५ मा मुद्दा ४८, प्रदेश ७ मुद्दा ३६, प्रदेश ३ मा मुद्दा २२, प्रदेश २ मा मुद्दा १९, प्रदेश ६ मा मुद्दा ८ र प्रदेश ४ मा मुद्दा ७ परेका छन् । त्यसोत उपत्यका (काठमाडौं, ललितपुर, भक्तपुर) मा मात्र ५३ वटा मुद्दा परेको देखिन्छ । त्यसैगरी मानव बेचबिखन अनुसन्धान ब्यूरोमा १४ वटा मुद्दा दर्ता भएको तथ्यांक छ ।

२८. यसरी आ.व.२०७५/७६ मा देशभर मानव बेचबिखनविरुद्ध दर्ता भएका कुल २५८ मुद्दाहरूको प्रदेशअनुसार वितरणको स्थितिलाई तल बारचित्रमा प्रस्तुत गरिएको छ ।




२९. देशभरका ७७ जिल्लाहरूमध्ये सबभन्दा बढी मानव बेचबिखनविरुद्ध दर्ता हुन आएका मुद्दाका घटना भएका १० जिल्लाहरूको विवरण तलको चार्टमा प्रस्तुत गरिएको छ ।




यसरी देशभरका ७७ जिल्लाहरूमध्ये सबभन्दा बढी मानव बेचबिखनविरुद्ध दर्ता हुन आएका मुद्दाका घटना भएका जिल्लाहरूमा १ देखि १० सम्म क्रमशः सुनसरी, कैलाली, रूपन्देही, झापा, कञ्चनपुर, न.पश्चिम, मोरङ, पर्सा, नुवाकोट तथा इलाम परेका छन् ।

३०. मानव बेचबिखन तथा ओसारपसार मुद्दाका पीडित/प्रभावितहरूको संख्या लिङ्ग, उमेर र वैवाहिक स्थितिअनुसार फरक-फरक रहेको छ । लिङ्गको आधारमा महिला र बालिकाको बेचबिखन तथा ओसारपसारको प्रतिशत सबभन्दा उच्च रहँदै आएको देखिन्छ । आ.व.२०७५/७६ मा पीडितहरूको कुल संख्या ३८७ मध्ये लिङ्गका आधारमा स्त्रीलिङ्ग महिला तथा बालिकाको रहेको छ । बेचबिखन तथा ओसारपसारमा पर्ने उमेर समूहमा सबभन्दा बढी १८ वर्षसम्मका बालिका तथा बालकहरूको संख्या ३८.७५ प्रतिशत र १९-२५ वर्षका ३५.६५ प्रतिशत भने २६-३५ वर्ष समूहका १६.२७ प्रतिशत रहेको देखिन्छ र बाँकी ३६ वर्ष माथिका रहेका छन् । वैवाहिक स्थितिको आधारमा हेर्दा विवाहित भन्दा अविवाहितको संख्या धेरै रहेको छ । विवाहित ३८.५० प्रतिशत र अविवाहित ५०.१२ प्रतिशत देखिन्छन् भने बाँकीको वैवाहिक स्थिति खुलेको छैन । यसरी आ.व. २०६८/६९ देखि आ.व. २०७५/७६ सम्म मानव बेचबिखन तथा ओसारपसारबाट पीडित हुने वर्गमा महिला, पुरुष, विवाहित, अविवाहित, बालक, बालिका, किशोरी सबै समूहका व्यक्तिहरू रहेको तथ्य तल दिइएको तथ्याङ्क तालिकाबाट देखिन आउँदछ ।

**तालिक ३.३.४.२**


**लिङ्ग, उमेर र वैवाहिक स्थितिका आधारमा बेचबिखन पीडित/प्रभावितको विवरण**

**(आ.व. २०६८/६९-२०७५/२०७६)**

| विवरण | आ.व. २०६८/२०६९ | आ.व. २०६९/२०७० | आ.व. २०७०/२०७१ | आ.व. २०७१/२०७२ | आ.व. २०७२/२०७३ | आ.व. २०७३/२० ७४ | आ.व. २०७४/२०७५ | आ.व. २०७५/२०७६ |
|---|---|---|---|---|---|---|---|---|
| **लिङ्गको आधारमा** | | | | | | | | |
| महिला | १३० जना | १५८ जना | २९६ जना | २४४ जना | ३५० जना | ३०८ जना | ४२७ जना | ३१६ जना |
| पुरुष | ११ जना | ३ जना | - | ३६ जना | २ जना | ३ जना | ११९ जना | ७१ जना |
| **उमेरको आधारमा** | | | | | | | | |

| विवरण | आ.व. २०६८/२०६९ | आ.व. २०६९/२०७० | आ.व. २०७०/२०७१ | आ.व. २०७१/२०७२ | आ.व. २०७२/२०७३ | आ.व. २०७३/२० ७४ | आ.व. २०७४/२०७५ | आ.व. २०७५/२०७६ |
|---|---|---|---|---|---|---|---|---|
| १८ वर्ष सम्मका | ६५ जना | १०० जना | १३६ जना | १४७ जना | १०९ जना | ८९ जना | १८० जना | १५० जना |
| १९ - २५ | ५२ जना | ४० जना | १०४ जना | ९२ जना | १३१ जना | १०४ जना | १६८ जना | १३८ ज्ना |
| २६ - ३५ | १९ जना | १४ जना | ३८ जना | २८ जना | ९३ जना | ६७ जना | १४८ जना | ६३ जना |
| ३६ वर्ष माथि | ५ जना | ७ जना | १८ जना | १३ जना | १९ जना | ५३ जना | ५० जना | ३६ जना |
| **वैवाहिक स्थितिको आधारमा** | | | | | | | | |
| विवाहित | ५७ जना | नखुलेको | १२६ जना | १०० जना | १८८ जना | १५८ जना | २३० जना | १४९ जना |
| अविवाहित | ८४ जना | नखुलेको | १७० जना | १८० जना | १६४ जना | १५३ जना | २४५ जना | १९४ जना |
| नखुलेको | ० | नखुलेको | ० | ० | ० | ० | ७१ जना | ४४ जना |
| *श्रोत नेपाल प्रहरी, प्रधान कार्यालय* | | | | | | | | |

३१. मानव बेचबिखन तथा ओसारपसारको घटनालाई ७ प्रदेशहरू, उपत्यका र ब्यूरोको आधारमा विभाजन गरी अध्ययन गर्दा आ.व.२०७५/७६ मा उपत्यका र ब्यूरोबाहेक सबैभन्दा बढी प्रदेश १ मा ६५जना पीडितहरू रहेको देखिन्छ। यसपश्चात् दोस्रो, तेस्रो, चौथो र पाँचौंमा क्रमशः प्रदेश ५, ७, ३ र २ रहेका छन्। सबभन्दा कम पीडित प्रदेश ४ मा मात्र ८ जना रहेका छन्। ब्यूरो र उपत्यकामा क्रमशः ३५ र १०३ जना देखिन्छन्। यसलाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ।




तुलनाका लागि आ.व.२०७४/२०७५ र २०७५/२०७६ को मानव बेचबिखन तथा ओसारपसार मुद्दाहरूका पीडित/प्रभावितहरूको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

**तालिका ३.३.४.३**
**मानव बेचबिखन तथा ओसारपसार मुद्दाहरूमा पीडित/प्रभावितहरूको संख्या**
**(आ.व.२०७४/२०७५ र २०७५/२०७६)**

| प्रदेश | बालक | | बलिका | | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| प्रदेश-१ | ३ | १ | २२ | ३० | ० | ० | ५० | ३४ | ७५ | ६५ |
| प्रदेश-२ | ० | ० | १८ | १७ | १ | १ | २० | १२ | ३९ | ३० |
| प्रदेश-३ | ० | १ | ८ | १६ | ० | २ | २८ | १२ | ३६ | ३१ |
| प्रदेश-४ | ० | ० | ५ | ५ | ० | ० | २ | ३ | ७ | ८ |
| प्रदेश-५ | ५ | ३ | ३५ | २९ | ० | ० | १३२ | ३१ | १७२ | ६३ |
| प्रदेश-६ | ३९ | ० | १६ | ३ | ० | ० | २ | ६ | ५७ | ९ |
| प्रदेश-७ | ३ | ४ | १० | १७ | ० | ० | १८ | २२ | ३१ | ४३ |
| जम्मा | | ९ | | ११७ | | ३ | | १२० | | २४९ |
| उपत्यका | ० | १ | १५ | २२ | १ | २८ | ३१ | ५२ | ४७ | १०३ |
| ब्यूरो | ० | १ | १ | ० | ६७ | २९ | १४ | ५ | ८२ | ३५ |
| कुल | ५० | ११ | १३० | १३९ | ६९ | ५० | २९७ | १७७ | ५४६ | ३८७ |

*श्रोत : नेपाल प्रहरी, प्रधान कार्यालय*

यसरी प्रदेशअनुसारको उक्त तथ्याङ्कमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित हुने व्यक्तिहरू सबै लिङ्ग, विभिन्न जाति, धर्म तथा पेसबाट परेको देखिन्छ। समाजको सबै वर्ग, पक्ष वा क्षेत्र मानव बेचबिखनको चपेटामा पारेको पाइन्छ। नेपाल प्रहरीबाट प्राप्त यस आ.व. २०७५/७६ को तथ्याङ्कगत विवरणलाई विभिन्न आधारमा विश्लेषण गर्दा देखिन आउने केही तालिकाहरू तल प्रस्तुत गरिएको छ :

**लिङ्गका आधारमा मानव बेचबिखन मुद्दाका पीडितहरूको विवरण**
**आ.व.२०७५/७६**

| | महिला | पुरुष | जम्मा | प्रदेशमा महिला प्रतिशत | देशभर कुल महिलामा महिला प्रतिशत | देशभर कुल पीडितमा महिला प्रतिशत |
|---|---|---|---|---|---|---|
| प्रदेश-१ | ६४ | १ | ६५ | ९८.४ | २०.२५ | १६.५३ |
| प्रदेश-२ | २९ | १ | ३० | ९६.६६ | ९.१७ | ७.४९ |
| प्रदेश-३ | २८ | ३ | ३१ | ९०.३२ | ८.८ | ७.२३ |
| प्रदेश-४ | ८ | ० | ८ | १०० | २.५३ | २.०६ |
| प्रदेश-५ | ६० | ३ | ६३ | ९५.२३ | १८.९८ | १५.५० |
| प्रदेश-६ | ९ | ० | ९ | १०० | २.८ | २.३२ |
| प्रदेश-७ | ३९ | ४ | ४३ | ९०.६९ | १२.३४ | १०.०७ |
| उपत्यका | ७४ | २९ | १०३ | ७१.८४ | २३.४१ | १९.१२ |

| | महिला | पुरुष | जम्मा | प्रदेशमा महिला प्रतिशत | देशभर कुल महिलामा महिला प्रतिशत | देशभर कुल पीडितमा महिला प्रतिशत |
|---|---|---|---|---|---|---|
| ब्यूरो | ५ | ३० | ३५ | १४.२८ | १.५८ | १.२९ |
| जम्मा | ३१६ | ७१ | ३८७ | ८१.६५ | १०० | ८१.६५ |
| *स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय।* | | | | | | |

उक्त तथ्यांक तालिका अनुसार आ.व. २०७५/७६ मा लिङ्गका आधारमा भएका मानव बेचबिखन घटनाका मुद्दाहरूमा कुल ३८७ पीडितहरू रहेका छन्। लिङ्गका आधारमा हेर्दा यसमध्ये ३१६ जना अर्थात ८१.६५ प्रतिशत महिला रहेको देखिन्छ। यसले मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूमा बढी मात्रामा महिलाहरू जोखिम मा रहेको पुष्टि गर्दछ। प्रदेश ४ र ६ को पीडित समूहमा शतप्रतिशत महिलाहरू रहेका छन् भने उपत्यका र ब्यूरोअन्तर्गत बाहेक अन्य सबै प्रदेशहरूमा पनि ९० प्रतिशत भन्दा बढी पीडित महिला नै रहेको देखिन्छ।

**शैक्षिक योग्यताका आधारमा मानव बेचबिखन मुद्दाका पीडितहरूको विवरण**

**आ.व.२०७५/७६**

| प्रदेश | अनपढ | | सा.ले.प. | | ६-१० | | एसएलसी | | १० प्लस | | बीए | | नखुलेको | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | जम्मा |
| प्रदेश-१ | ० | ० | १ | ४५ | ० | १२ | ० | ५ | ० | २ | ० | ० | ० | ० | १ | ६४ | ६५ |
| प्रदेश-२ | ० | ८ | १ | १० | ० | १० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | २९ | ३० |
| प्रदेश-३ | ० | ० | २ | २२ | ० | ४ | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ | २८ | ३१ |
| प्रदेश-४ | ० | २ | ० | ४ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ८ |
| प्रदेश-५ | ० | ० | ३ | ४९ | ० | ९ | ० | १ | ० | १ | ० | ० | ० | ० | ३ | ६० | ६३ |
| प्रदेश-६ | ० | १ | ० | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ९ | ९ |
| प्रदेश-७ | २ | १ | १ | २७ | १ | ८ | ० | १ | ० | २ | ० | ० | ० | ० | ४ | ३९ | ४३ |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| उपत्यका | ० | ० | २१ | ४३ | १ | १४ | १ | १० | ३ | ५ | ० | २ | ३ | ० | २९ | ७४ | १०३ |
| ब्यूरो | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३० | ५ | ३० | ५ | ३५ |
| कुल | २ | १२ | २९ | २०४ | २ | ६१ | १ | २० | ३ | १० | ० | २ | ४ | ७ | ७१ | ३१६ | ३८७ |
| *श्रोत : नेपाल प्रहरी, प्रधान कार्यालय* | | | | | | | | | | | | | | | | | |

शैक्षिक योग्यताका आधारमा आ.व. २०७५/७६ अवधिको मानव बेचबिखन मुद्दाका पीडितहरूको विश्लेषण गर्दा अनपढअन्तर्गत जम्मा १४ जना पीडितमध्ये प्रदेश ७ को पुरुष २ महिला १ बाहेक अन्य सबै प्रदेशका पीडितहरू अनपढ रहेको देखिन्छ। उपत्यका र ब्यूरोअन्तर्गत कुनै पीडित अनपढ रहेका छैनन्।

साधारण लेखपढ गर्ने (सालेप) कुल २३३ पीडितमध्ये महिलाको संख्या २०४ रहेको छ भने कक्षा ६ देखि १० सम्म पढेका ६३ जनामध्ये ६१ महिला रहेको देखिन्छ। एसएलसी योग्यता रहेका २१ मध्ये २० जना र १० प्लस गर्ने १३ मध्ये १० जना महिला रहेका छन्। बी.ए. योग्यता रहेका दुवै पीडित पनि म हिला नै देखिन्छन्। यसरी मानव बेचबिखनका पीडितहरू अनपढमात्र नभएर उच्च शिक्षा हासिल गरेका पनि रहेको देखिन्छ।

### जातिका आधारमा मानव बेचबिखन मुद्दाका पीडितहरूको विवरण
### पीडित प्रभावितहरूको जनजातिको विवरण
### आ.व.२०७५/७६

| प्रदेश | ब्राह्मण | | क्षेत्री | | जनजाति | | दलित | | मधेसी | | ठकुरी | | विदेशी | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | जम्मा |
| प्रदेश-१ | ० | ५ | ० | ७ | ० | ३३ | १ | ८ | ० | ११ | ० | ० | ० | ० | १ | ६४ | ६५ |
| प्रदेश-२ | ० | ० | ० | ५ | ० | १४ | ० | ६ | १ | ३ | ० | ० | ० | १ | १ | २९ | ३० |
| प्रदेश-३ | १ | २ | ० | ३ | २ | २० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ३ | २८ | ३१ |
| प्रदेश-४ | ० | १ | ० | २ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ८ |
| प्रदेश-५ | ० | ३ | ० | ६ | १ | १९ | १ | २६ | १ | ६ | ० | ० | ० | ० | ३ | ६० | ६३ |
| प्रदेश-६ | ० | १ | ० | १ | ० | १ | ० | ५ | ० | ० | ० | १ | ० | ० | ० | ९ | ९ |
| प्रदेश-७ | ० | ८ | ० | १५ | २ | ९ | १ | ६ | ० | ० | १ | १ | ० | ० | ४ | ३९ | ४३ |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| उपत्यका | २ | २ | १६ | २१ | ७ | ४२ | १ | ५ | ० | २ | ० | १ | ३ | १ | २९ | ७४ | १०३ |
| ब्यूरो | ४ | १ | १० | १ | ११ | ३ | ३ | ० | २ | ० | ० | ० | ० | ० | ३० | ५ | ३५ |
| कुल | ७ | २३ | २६ | ६१ | २३ | १४६ | ७ | ५९ | ४ | २२ | १ | ३ | ३ | २ | ७१ | ३१६ | ३८७ |

*श्रोत : नेपाल प्रहरी, प्रधान कार्यालय*

मानव बेचबिखन तथा ओसारपसारबाट पीडितहरूको उक्त तालिकामा रहेका विदेशीसमेतका सात जातिमध्ये सबभन्दा बढी संख्या जनजातिको संख्या ४३.६६ प्रतिशत देखिन्छ। जनजातिभित्र पनि महिलाको संख्या ८६.३९ प्रतिशत रहेको छ। अन्य जातिहरूमा पनि पीडितहरूको संख्यामध्ये महिलाकै संख्या बढी रहेबाट मानव बेचबिखन तथा ओसारपसारबाट मूलतः महिलाहरू पीडित/प्रभावित रहेको प्रष्टिन आउँदछ।

यसरी मानव बेचबिखन तथा ओसारपसारबाट जुनसुकै वर्ग, धर्म, जाति, लिङ्ग, पेसामा रहेका अनपढदेखि शिक्षित व्यक्तिहरू पनि प्रभावित/पीडित हुन पुगेको पाइन्छ। यस समस्याबाट विश्वका कुनै पनि देश अछुतो रहन नसक्ने हुँदा यसको नियन्त्रणका लागि संयुक्त पहल आवश्यक रहेको छ।

३२. नेपाल मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले केही वर्षयता स्रोत, गन्तव्य तथा ट्रान्जिट मुलुक भइसकेको पाइन्छ। नेपालबाट बाह्य देशमामात्र नभई मानव बेचबिखन तथा ओसारपसारको घटना देशभित्रको आन्तरिक बजारमा पनि मौलाउन थालेको पाइन्छ। यस तथ्यलाई तल दिइएको नेपाल प्रहरीबाट प्राप्त आ.व.२०७४/७५ र आ.व.२०७५/७६ को आन्तरिक र बाह्य बजारमा भएको मानव बेचबिखन घटनाका पीडितहरूको विवरणले प्रष्ट पार्दछ।


### पीडितका आधारमा मानव बेचबिखन तथा ओसारपसारको प्रकार
### (आ.व.२०७४/७५ र २०७५/७६)

| बेचबिखन बजार | पीडित/प्रभावित | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व.२०७४/७५ | | | | | आ.व.२०७५/७६ | | | | |
| | महिला | पुरुष | बालक | बालिका | जम्मा | महिला | पुरुष | बालक | बालिका | जम्मा |
| आन्तरिक | २३० | ० | ३० | ११४ | ३७४ | १४३ | ३५ | ० | ८४ | २६२ |

| बेचबिखन बजार | पीडित/प्रभावित | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व.२०७४/७५ | | | | | आ.व.२०७५/७६ | | | | |
| | महिला | पुरुष | बालक | बालिका | जम्मा | महिला | पुरुष | बालक | बालिका | जम्मा |
| सीमापार | ५५ | २३ | २० | १५ | ११३ | ५१ | १९ | ० | २४ | ९४ |
| तेस्रो मुलुक | १२ | ४६ | ० | १ | ५९ | १० | २१ | ० | ० | ३१ |
| जम्मा | २९७ | ६९ | ५० | १३० | ५४६ | २०४ | ७५ | ० | १०८ | ३८७ |

*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय,*

उक्त तालिकामा रहेको आ.व.२०७४/७५ र आ.व.२०७५/७६ को मानव बेचबिखनको तथ्यांकलाई तुलनार्थ तलको पाइचार्टमा प्रस्तुत गरिएको छ।




*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय,*

यसरी प्राप्त तथ्यांकलाई प्रतिशतमा विश्लेषण गर्दा गत आ.व. २०७४/७५ मा बेचबिखनबो आन्तरिक बजारबाट प्रभावित हुनेहरू ६८.४९ प्रतिशत, थिए भने यस आ.व. २०७५/७६ मा ६७.७० रहेको देखिन्छ। यसैगरी गत आ.व. २०७४/७५ मा सीमापारको बजारमा पीडित २०.६९ रहेकोमा यस आ.व. २०७५/७६ मा २४.२८ प्रतिशत भएको देखिन्छ। तेश्रो मुलुकको बजारमा गत वर्षभन्दा यस वर्ष करिब दुई प्रतिशतले कमी आएको छ। समग्रमा, आन्तरिक तथा बाह्य बजारको स्थितिमा खासै ठूलो अन्तर आएको देखिँदैन। यसको अर्थ नेपालमा मानव बेचबिखनको आन्तरिक तथा बाह्य दुवै बजार उस्तै रूपमा सक्रिय रहेको अनुमान गर्न सकिन्छ।

३२. प्रहरी प्रधान कार्यालयबाट प्राप्त तथ्याङ्कअनुसार मानव बेचबिखन तथा ओसारपसारका प्रयोजनहरू, जो आफैमा कारण पनि हुन्, विविध रहेको देखिन्छ। आ.व.२०७५/७६ मा घटेको मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी घटनाको प्रयोजन/कारण र यसविरुद्ध परेको मुद्दाका पीडित/ प्रभावितहरूको विवरणयस प्रकार रहेको देखिन्छ।

**मानव बेचबिखन तथा ओसारपसारको प्रयोजन/कारण तथा यसकाविरुद्धको मुद्दाका पीडित/ प्रभावितहरूको संख्या (२०७५/७६)**


| क्र.सं | प्रयोजन/कारण | जम्मा | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | प्रदेश ६ | प्रदेश ७ | उपत्यका | ब्यूरो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वेश्यावृत्ति | ७४ | १ | ९ | १० | १ | ९ | ३ | १३ | २८ | ० |
| २ | श्रमशोषण | ८० | १३ | १ | ११ | ३ | १४ | २ | ८ | २ | २६ |
| ३ | विदेश पठाउने भनी | १२ | २ | ० | ० | ० | ० | ० | ० | १० | ० |
| ४ | अंग भिक्ने | २ | ० | ० | १ | ० | ० | ० | ० | १ | ० |
| ५ | जबजर्स्त विवाह | २९ | ११ | ० | २ | ० | ८ | ४ | २ | २ | ० |
| ६ | यौनशोषण | ४२ | १० | ७ | ३ | ० | ८ | १ | १ | १२ | ० |
| ७ | पीआरदिलाउने | ६४ | १३ | ४ | ० | ० | १५ | ० | ५ | २७ | ० |
| ८ | बेचबिखन | ८४ | १८ | ९ | ३ | ३ | १० | ६ | ८ | १८ | ९ |
| | जम्मा | ३८७ | ६८ | ३० | ३० | ७ | ६४ | १६ | ३७ | १०० | ३५ |

*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय*

उक्त तालिकामा रहेको विवरणअनुसार आ.व.२०७५/७६ मा देशभर मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका व्यक्तिहरूमध्ये ७४ जना बेश्यावृत्ति, ८० जना श्रमशोषण, १२ जना विदेश पठाउने, २ जना अंग भिक्ने, २९ जना जबर्जस्ती विवाह गर्ने, ४२ जना यौन शोषण, ४ जना पीआर दिलाउने र ८४ जना सिधै बिक्री गर्ने प्रयोजनका लागि बेचबिखन तथा ओसारपसार गरिएको देखिन्छ। यसलाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ।

उक्त तालिकामा रहेको शीर्षक अध्ययन गर्दा कुल ३८७ पीडितहरूमध्ये सबभन्दा बढी ८४ (२१.७० प्रतिशत) जनालाई सिधै बिक्री प्रयोजनका लागि बेचबिखन तथा ओसारपसारमा गरिएको देखिन्छ। श्रम शोषण, वेश्याबृत्ति, पीआर दिलाउने प्रयोजन क्रमशः दोश्रो, तेश्रो तथा चौथो रहेको पाइन्छ। पीडितमध्ये सबभन्दा कम अंग भिक्ने प्रयोजनका लागि बेचबिखन भएको देखिन्छ। यसरी मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू विभिन्न प्रयोजनका लागि भइरहेको पाइन्छ।


उक्त अनुसार यसरी विभिन्न प्रयोजनका लागि बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूको प्रदेश र प्रयोजनअनुसारको संख्यालाई तलको बार चित्रमा प्रस्तुत गरिएको छ




*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय।*

३३. मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्ति, दलाल वा अभियुक्तहरूलाई चिन्न सजिलो छैन। यिनीहरूको पहिचानबिना मानव बेचबिखन तथा ओसारपसारको समस्या समाधान तथा नियन्त्रण हुन सक्दैन। बेचबिखनको कार्यमा संलग्न व्यक्तिहरूमा महिला तथा पुरुष दुवै भएपनि अधिकांश पुरुष रहेको पाइन्छ।

नेपाल प्रहरी प्रधान कार्यालयबाट प्राप्त आ.व. २०७५/७६ को अभिलेखबमोजिम मानव बेचबिखन तथा ओसारपसारका मुद्दाका अभियुक्तहरूको प्रदेशगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।




**मानव बेचबिखन मुद्दाका अभियुक्तहरूको विवरण** (आ.व. २०७५/७६)

| प्रदेश | कुल | जम्मा | | फरार अभियुक्त | | पक्राउ | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| प्रदेश.१ | १०५ | ७८ | २७ | १७ | ४ | ६१ | २३ | |
| प्रदेश.२ | ५१ | ४१ | १० | १८ | ६ | २३ | ४ | |
| प्रदेश.३ | ४७ | ३३ | १४ | ९ | ३ | २४ | ११ | |
| प्रदेश.४ | ८ | ७ | १ | ३ | ० | ४ | १ | |
| प्रदेश.५ | १०४ | ८२ | २२ | ३२ | ४ | ५० | १८ | |
| प्रदेश.६ | १९ | ११ | ८ | ६ | ६ | ५ | २ | |
| प्रदेश.७ | ६८ | ५२ | १६ | १६ | ५ | ३६ | ११ | |
| उपत्यका | १०८ | ८९ | १९ | ५० | ५ | ३९ | १४ | |
| ब्यूरो | १४ | १३ | १ | ६ | १ | ७ | ० | |
| जम्मा | ५२४ | ४०६ | ११८ | १५७ | ३४ | २४९ | ८४ | |

एकजना व्यक्तिको बेचबिखन पनि सङ्गठनात्मक ढंगले गर्नुपर्ने हुँदा मानव बेचबिखन तथा ओसारपसारको पीडक वा अभियुक्तहरूको संख्या पीडितहरूकाभन्दा फरक हुन्छ। प्रायः उनीहरूको संख्या धेरै हुने गर्दछ। यसका साथै, बेचिने बढी महिला हुन्छन् भने बिक्री गर्ने अर्थात् पीडक वा अभियुक्त पुरुष बढी हुन्छन्। माथि प्रस्तुत तालिकाले यही कुरा देखाउँदछ।

आ.व. २०७५/७६ को उक्त विवरणमा मानव बेचबिखनको कार्यमा संलग्न कुल ५२४ जना अभियुक्तहरूमध्ये १९१

अर्थात ३६.४५ प्रतिशत फरार सूचीमा रहेको देखिन्छ। फरारमध्ये ८२.१९ प्रतिशत पुरुष रहेका छन्। यसैगरी लिङ्गका आधारमा ४०६ जना अर्थात् ७७.४८ प्रतिशत पुरुष रहेका छन्। सबभन्दा बढी १०५ कुल अभियुक्त रहेको प्रदेश नं. १ मा १०५ अर्थात् ८७.५ प्रतिशत पुरुष देखिन्छन्। सबभन्दा कम ८ कुल अभियुक्त रहेको प्रदेश नं. ४ मा ७ जना अर्थात् ७४.२८ प्रतिशत पुरुष देखिन्छन्। यसरी मानव बेचबिखन तथा ओसारपसारको अभियुक्तहरूको संख्या सबै प्रदेशहरूमा बढी पुरुष रहेको देखिन्छ। जेहोस्, महिला पुरुष दुवै संलग्न रहेको पाइन्छ।

आ.व. २०७५/७६ मा भएका मानव बेचबिखन तथा ओसारपसारको घटनाका अभियुक्त/पीडकहरूको वैवाहिक अवस्था र लिङ्गका आधारमा वर्गीकरण गर्दा देहायबमोजिमको स्थिति देखिन्छ।

**वैवाहिक अवस्था र लिङ्गकाआधारमा मानव बेचबिखन तथा ओसारपसारका अभियुक्तहरूको विवरण**

**आ.व. २०७५/७६**

| प्रदेश | विवाहित | | अविवाहित | | नखुलेको | | जम्मा | | कुल जम्मा | मु.स. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| प्रदेश–१ | ६८ | २४ | ८ | ३ | २ | ० | ७८ | २७ | १०५ | |
| प्रदेश–२ | २१ | ८ | १८ | २ | २ | ० | ४१ | १० | ५१ | |
| प्रदेश–३ | २० | ११ | ९ | २ | ५ | ० | ३४ | १३ | ४७ | |
| प्रदेश–४ | ६ | १ | ० | ० | १ | ० | ७ | १ | ८ | |
| प्रदेश–५ | ६४ | २१ | १४ | ० | ४ | १ | ८२ | २२ | १०४ | |
| प्रदेश–६ | ८ | ७ | १ | ० | २ | १ | ११ | ८ | १९ | |
| प्रदेश–७ | ४० | १२ | १२ | ४ | ० | ० | ५२ | १६ | ६८ | |
| उपत्यका | ७४ | १४ | ७ | ३ | ८ | २ | ८९ | १९ | १०८ | |
| ब्युरो | ८ | १ | ० | ० | ५ | ० | १३ | १ | १४ | |
| जम्मा | ३०९ | ९९ | ६९ | १४ | २९ | ४ | ४०७ | ११७ | ५२४ | |

*स्रोतः नेपाल प्रहरी प्रधान कार्यालय*

लिङ्गका आधारमा उक्त तथयांकले कुल ५२४ जना मानव बेचबिखनका अभियुक्तहरूमध्ये ४०६ अर्थात ७७.४८ प्रीशत पुरुष रहेको देखाउँदछ। यसको अर्थ अधिक अभियुक्तहरू पुरुष रहेका छन्। वैवाहिक स्थितिका आधारमा यी ४०७ पुरुष अभियुक्तमध्ये ३०९ विवाहित, ६९ अविवाहित तथा २९ वैवाहिक स्थिति नखुलेका देखिन्छन्। कुल पुरुषमध्ये ७५.९२ प्रतिशत पुरुष अभियुक्तहरू विवाहित रहेका छन्। यसैगरी ११७ जना महिला अभियुक्तहरूमध्ये ८४.६१ प्रतिशत विवाहित रहेका छन्। कुलमा ६.२९ प्रतिशत अभियुक्तहरूको वैवाहिक स्थिति खुलेको छैन। समग्रमा, पुरुष तथा महिला गरी कुल ५२४ अभियुक्तहरूमध्ये सरदरमा ७७.८६ विवाहित रहेको देखिन्छ। जेहोस, मानव बेचबिखन तथा ओसारपसार मुद्दामा महिला पीडित/प्रभावित मात्र हैन, पीडक/अभियुक्त पनि रहेको माथिको तथ्यांकले प्रष्ट पार्दछ।

यसरी सम्पूर्ण समाज मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित हुँदै आएको छ। बेचबिखन मुद्दाका अभियुक्तहरूको पेसा, शैक्षिक योग्यता, उमेर, धर्म जाति आदिको आधारमा मानव बेचबिखन तथा ओसारपसारको अभियुक्तहरू फरकफरक रहेको देखिन्छ। यसको नियन्त्रणका लागि सम्पूर्ण समाजको एकीकृत संयुक्त पहल आवश्यक देखिन्छ।

मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्ति/अभियुक्तहरूले बेचबिखनका लागि स्थान समय तथा परि स्थितिअनुसार विभिन्न तरिकाहरू अपनाउँदै आएको पाइन्छ। अर्थात मानव बेचबिखनका तरिका तथा बहानाहरू फरक-फरक हुने गर्दछ। आ.व. २०७५/७६ मा नेपाल प्रहरीसँग रहेको अभिलेखअनुसार मानव बेचबिखन तथा ओसारपसारको बहाना/तरिकाहरू र त्यसबाट पीडित/प्रभावित व्यक्तिहरूको विवरण तलको तालिकाबमोजिम रहेको देखिन्छ।


**मानव बेचबिखन तथा ओसारपसारको तरिका**

**आ.व.२०७५/७६**

| क्र.सं | प्रयोजन/कारण | जम्मा | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | प्रदेश ६ | प्रदेश ७ | उपत्यका | ब्यूरो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | औषधिको प्रयोग | ५ | ० | ० | ३ | ० | १ | ० | ० | १ | ० |
| २ | लोभलालच/ ललाइ फकाई | २७१ | ४१ | ३० | २२ | ४ | ४७ | ६ | ३० | ८७ | ४ |
| ३ | नक्कली विवाह | १२ | १ | ० | १ | ० | ५ | २ | ३ | ० | ० |
| ४ | जागिरको बहानामा | १७ | ५ | ० | ३ | ० | ० | ० | १ | २ | ६ |
| ५ | विदेश जाने बहाना | ६२ | ९ | ० | १ | ३ | ११ | १ | ६ | ६ | २५ |
| ६ | धाक धम्की | २० | १२ | ० | ० | ० | ० | २ | २ | ४ | ० |
| | जम्मा | ३८७ | ६८ | ३० | ३० | ७ | ६४ | ११ | ४२ | १०० | ३५ |

*स्रोत : नेपाल प्रहरी प्रधान कार्यालय*

३४. माथिको तालिकाअनुसार मानव बेचबिखनका अभियुक्तहरूले धेरै मात्रामा प्रयोग गर्ने तरिका विभिन्न किसिमबाट ललाइफकाई गरी लोभलालचमा पार्ने रहेको देखिन्छ। उक्त तालिकामा रहेका ३८७ पीडितहरूमध्ये २७१ अर्थात् ७०.०२ प्रतिशत ललाइफकाईमा परी बेचिन पुगेको देखाउँछ। दोस्रो तरिका विदेश जाने नाममा ६२ जना बेचिन पुगेका छन् । यसरी मानव बेचबिखनका लागि यसका दलाल वा अभियुक्तहरूले आ.व. २०७५/७६ मा अपनाएका विभिन्न हथकन्डा/तरिकाहरूलाई तलको बार चार्टमा प्रस्तुत गरिइएको छ।




माथि उल्लिखित मानव बेचबखिन तथा ओसारपसारका तकिाहरू सबै प्रदेशमा एकै खालका नभै फरकफरक रहेका छन् । सबै प्रदेश र ब्यूरो अन्तर्गत धेरैमात्रामा लोभलालच देखाई ललाइफकाइको तरिका प्रयोग भएको देखिन्छ भने उपत्यकामा विदेश लानेजाने बहानाबाट बढी घटनाहरू भएको पाइन्छ।

३५. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दामा विभिन्न तहका न्यायपालिकाहरूबाट समय-समयमा भएका फैसलाहरू ज्यादै महत्त्वपूर्ण र युगान्तकारी रहेका छन् । सम्माननीय सर्वोच्च अदालतलबाट २०७० श्रावण

१६ गते विभिन्न निकायहरूका नाममा भएको आदेशले मानव बेचबिखन तथा ओसारपसारलगायतका गम्भीर प्रकृतिका अपराधका सम्बन्धमा कोशेढुङ्गा सावित भएको छ। अभिलेखका लागि सो आदेशको व्यहोरा तल प्रस्तुत गरिएको छ :

- जबरजस्ती करणी एवं मानव बेचबिखन तथा ओसारपसारलगायतका गम्भीर प्रकृतिका अपराधका मुद्दाहरूमा निरन्तर सुनुवाइ गरी तत्काल फैसला गर्न गृह मन्त्रालय, महान्यायाधिवक्ताको कायार्लय र सर्वोच्च अदालतका रजिष्ट्रारका नाममा परमादेश,
- जिल्ला अदालत नियमावलीको नियम २३ (ग) मा उल्लेखित निरन्तर सुनुवाइसम्बन्धी व्यवस्था हालसम्म ऐच्छिक भएकोमा त्यसलाई बाध्यकारी बनाउने,
- बाध्यात्मक रूपमा कार्यान्वयन गर्न गराउन जो चाहिने निर्देशिका बनाउन आवश्यक स्रोत साधनको व्यवस्थाका लागि सरकारसँग बजेट माग गर्नुपर्ने भए गर्ने गराउने,
- निरन्तर सुनुवाइका व्यवस्थालाई सुचारु गरी सुनिश्चित गर्न मुद्दाका पक्ष, कानुन व्यवसायी, सरकारी वकिल समेतसँग निरन्तर आवश्यक छलफल गरी सहजीकरण गर्न सम्बन्धित अदालतभित्र एक संयन्त्र गठन गरी जो चाहिने व्यवस्था मिलाउन सर्वोच्च अदालतका रजिष्ट्रारका नाममा परमादेश,
- आदेशअनुसार काम भए नभएकोबारे निरन्तररूपमा अनुगमन गर्न सर्वोच्च अदालतले आफू मातहतको अनुगमन तथा निरीक्षण महाशाखालाई आदेश,
- गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयका नाममा फौजदारी मुद्दाको निरन्तर सुनुवाइका लागि अपराध अनुसन्धान एवं अभियोजनसम्बन्धी निकायको पनि सहयोग र सहभागिताको सुरुदेखि नै जरुरी हुने हुनाले त्यस प्रयोजनका लागि आवश्यक तयारी गर्न र अदालतबाट आदेश भएका बखत आफ्ना साक्षी प्रमाण आदि उपस्थित गराउने निश्चितताका लागि जो चाहिने संशोधन सहितको व्यवस्था गर्न/गराउन र सहयोग गर्न आदेश।

### ३.३.५ कानुन कार्यान्वयन गर्ने निकायहरूमा जवाफदेहिता र उत्तरदायित्वको विकास

(**राष्ट्रिय कार्ययोजनाको रणनीति ३.५ सँग सम्बन्धित**)

३६. मानव बेचबिखन तथा ओसारपसारविरुद्ध आ.व.२०७५/७६ सम्ममा सर्वोच्च अदालतको अभिलेखअनुसार विभिन्न तहका अदालतहरूमा दायर भइ लगतमा रहेका कुल १,४४८ मुद्दाहरूमध्ये सर्वोच्च अदालतमा ५७८, उच्च अदालतहरूमा ४६३ र जिल्ला अदालतहरूमा ४०७ मुद्दाहरू रहेको देखिन्छ। आ.व.२०७४/७५ को कुल १,२७८ मुद्दाहरूमध्ये क्रमशः ४२४, ४१३ र ४४१ रहेको थियो। यसरी गत आ.व.२०७४/७५ र यस आ.व.२०७५/७६ दुई वर्षको तुलना गर्दा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध परेका मुद्दाहरूको संख्या अघिल्लो वर्षभन्दा यस वर्ष जिल्ला अदालतमा घटेको र अन्य तहका अदालतहरूमा बढेको छ।

अदालतका विभिन्न तहहरूमा परेका कुल मुद्दाको अनुपातमा मानव बेचबिखनसम्बन्धी मुद्दाको सरदर प्रतिशत मा कुनै परिवर्तन आएको छैन। गत आ.व. जस्तै यस आ.व. २०७५/७६ मा पनि ०.६४ प्रतिशत नै रहेको छ। यसैगरी आ.व. २०७४/७५ मा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा क्रमशः १.६५, १.१८ र ०.३२ प्रतिशत रहेकामा यस आ.व.२०७५/७६ क्रमशः २.०७, १.१७ र ०.२६ रही सर्वोच्चको बढेको र अन्य दुई तहको घटेको देखिन्छ। यसरी विभिन्न तहका अदालतहरूमा रहेको मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा संख्या अन्य विभिन्न प्रकृतिका मुद्दाहरूको तुलनामा निकै थोरै रहेबाट मानव बेचबिखनका घटनाहरू यथार्थ रूपमा बाहिर अर्थात अदालतसमक्ष नआएको अनुमान गर्न सकिन्छ। तीन आ.व.को विस्तृत संख्यात्मक विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३.३.५.२**

**विभिन्न तहका अदालतहरूमा चालु रहेका मानव बेचबिखन तथा ओसारपसार र अन्य मुद्दाहरूको अनुपात**

**(आ.व. २०७३/७४–२०७५/७६)**

| क्र.सं. | अदालत | आ.व. | कुल मुद्दाको लगत (रिट बाहेक) | मानव बेचबिखन तथा ओसारपसारको मुद्दा | | | | कुल मुद्दाको अनुपातमा मानव बेचबिखन मुद्दाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लगत | फछ्र्यौट | | बाँकी | |
| | | | | | संख्या | प्रतिशत | | |
| १ | सर्वोच्च अदालत | २०७३/७४ | २५,४५८ | १८५ | २० | १०.८१ | १६५ | ०.७२ |
| | | २०७४/७५ | २५,५९४ | ४२४ | १११ | २६.१७ | ३१३ | १.६५ |
| | | २०७५/७६ | २७,८९३ | ५७८ | १६७ | २८.८९ | ४११ | २.०७ |
| २ | उच्च अदालत | २०७३/७४ | ३६,६६७ | ४७४ | ३०९ | ६५.१८ | १६५ | १.२९ |
| | | २०७४/७५ | ३४,९६६ | ४१३ | २७२ | ६५.८५ | १४१ | १.१८ |
| | | २०७५/७६ | ३९,२६० | ४६३ | ३०३ | ६५.४४ | १६० | १.१७ |
| ३ | जिल्ला अदालत | २०७३/७४ | १,२५,७५३ | २८७ | १५७ | ५४.७० | १३० | ०.२२ |
| | | २०७४/७५ | १,३७,५३९ | ४४१ | २४५ | ५५.५५ | १९६ | ०.३२ |
| | | २०७५/७६ | १,५५,९६१ | ४०७ | २११ | ५१.८४ | १९६ | ०.२६ |
| जम्मा | | २०७३/७४ | १,८७,८७८ | ९४६ | ४८६ | ५१.३७ | ४६० | ०.५० |
| | | २०७४/७५ | १,९८,०९९ | १,२७८ | ६२८ | ४९.१३ | ६५० | ०.६४ |
| | | २०७५/७६ | २,२३,११४ | १४४८ | ६८१ | ४७.०३ | ७६७ | ०.६४ |

*स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७३/७४ र २०७४/७५, २०७५/७६*

३७. उक्त तालिकाअनुसार आ.व.२०७५/२०७६ मा विभिन्न तहका अदालतहरूमा रहेको मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कुल १४४८ मुद्दामध्ये ६८१ वटा अर्थात् ४७.०३ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएका छन्। यो फछ्र्यौट प्रतिशत आ.व. २०७३/२०७४ को ५१.३७ प्रतिशत र आ.व. २०७४/२०७ को ४९.१३ प्रतिशत दुवै वर्षको दाँजोमा कम रहेको देखिन्छ। तीन वर्षको आंकडाले हरेक वर्ष झण्डै दुई प्रतिशतका दरले घट्दै आएको देखाएको छ। समग्रमा मुद्दा फछ्यौटले गति लिन सकेको देखिँदैन।

यसरी यस आ.व. २०७५/२०७६ मा सर्वोच्च अदालतबाट गत वर्षको २६.१७ को तुलनामा २८.८९ प्रतिशत, उच्च अदालतहरूबाट ६५.८५ को तुलनामा ६५.४४ प्रतिशत र जिल्ला अदालतहरूको ५५.५५ को तुलनामा ५१.८४ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ। फछ्यौटको प्रतिशत सर्वोच्च अदालतको बाहेक उच्च र जिल्ला अदालतहरूको घट्दो रहेको देखिन्छ।

३८. आ.व. २०६८/६९ देखि आ.व. २०७५/७६ सम्म विभिन्न तहका अदालतहरूमा परेका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाहरूको संख्या आ.व. २०७०/७१ र आ.व. २०७३/७४ मा बाहेक अन्य सबै आ.व.हरूमा बढेको छ। यो संख्या क्रमशः ५३५, ६२७, ५१८, ९८५, १०९२ ,९४६, १,२७८ र १,४४८ रहेको देखिन्छ।

३९. मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूको फछ्र्यौटको दर आ.व. २०६८/६९ देखि हरेक आ.व.

क्रमशः ४६.७२ प्रतिशत, ३७.४८ प्रतिशत, २४.७१ प्रतिशत, ५०.५५ प्रतिशत, ४५.६० प्रतिशत, ५१.३७ प्रतिशत, ४९.१३ प्रतिशत हुँदै आ.व. २०७५/७६ मा ४७.०३ प्रतिशत रहेको देखिन्छ। विभिन्न तहका अदालतमा परेका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी यी मुद्दाहरूको फछ्र्यौट सबैभन्दा बढी आ.व. २०७३/७४ मा ५१.३७ प्रतिशत भएको देखिन्छ। यसरी एकातर्फ, मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू प्रकासमा नै कम आउँछन भने अर्कोतर्फ यसविरुद्ध विभिन्न तहका अदालतहरूमा परेका मुद्दाहरूको फछ्र्यौट पनि तत्काल र पूर्ण रूपमा हुन सजिलो छैन। यस प्रकार अत्यन्त जटिल एवम् संवेदनशील मानव बेचबिखन तथा ओसारपसारको मुद्दालाई प्रथम प्राथमिकताकासाथ समयमै सम्बोधन गरिनुपर्ने देखिन्छ।

४०. देशभर विगत आठ वषको अवधिमा विभिन्न तहका अदालतहरूमा परेका मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी मुद्दाको लगत र त्यसको फछ्र्यौटको तुलनात्मक विवरण यसप्रकार रहेको देखिन्छ :

**तालिका ३.३.५.३**

**मानव बेचबिखन तथा ओसारपसार मुद्दाको लगत र फछ्यौट विवरण**

**(आ.व. २०६८/६९ देखि आ.व. २०७५/२०७६)**

| आ.व. | | सर्वोच्च अदालत | उच्च अदालत | जिल्ला अदालत | जम्मा |
|---|---|---|---|---|---|
| २०६८/६९ | कुल लगत | ५९ | १८८ | २८८ | ५३५ |
| | फछ्र्यौट प्रतिशत | ११.८६ | ५१.६० | ५०.७० | ४६.७२ |
| २०६९/७० | कुल लगत | ७८ | २०८ | ३४१ | ६२७ |
| | फछ्र्यौट प्रतिशत | १५.४० | ५१.९२ | ३३.७२ | ३७.४८ |
| २०७०/७१ | कुल लगत | ११९ | २३१ | १६८ | ५१८ |
| | फछ्र्यौट प्रतिशत | १.६८ | ३४.६३ | ५१.१९ | २४.७१ |
| २०७१/७२ | कुल लगत | ३३९ | २९३ | ३५३ | ९८५ |
| | फछ्र्यौट प्रतिशत | १६.२२ | ७०.०० | ६७.४२ | ५०.५५ |
| २०७२/२०७३ | कुल लगत | ४३१ | ३६६ | ३२५ | १०९२ |
| | फछ्र्यौट प्रतिशत | २९.४ | ५५.६ | ५६.६ | ४५.६० |
| २०७३/२०७४ | कुल लगत | १८५ | ४७४ | २८७ | ९४६ |
| | फछ्र्यौट प्रतिशत | १०.८१ | ६५.१८ | ५४.७० | ५१.३७ |
| २०७४/२०७५ | कुल लगत | ४२४ | ४१३ | ४४१ | १२७८ |
| | फछ्र्यौट प्रतिशत | २६.१७ | ६५.८५ | ५५.५५ | ४९.१३ |
| २०७५/२०७६ | कुल लगत | ५७८ | ४६३ | ४०७ | १४४८ |
| | फछ्र्यौट प्रतिशत | २८.८९ | ६५.४४ | ५१.८४ | ४७.०३ |

*स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७५/७६*

४१. राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरू ललितपुर, विराटनगर, जनकपुर, पोखरा, सानेपा, नेपालगञ्ज, धनगढी, खोटाङ, जुम्ला, बुटवलबाट आफूलाई तोकिएको कार्य सम्पादन गर्दै आइरहेको छ। आयोगमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध छुट्टै समाधिक्षकको कार्यालयसमेत रहेको छ। यस समाधिक्षकको कार्यालयलाई तोकिएको जिम्मेवारहरूअन्तर्गत मानव बेचबिखनसम्बन्धी अनुगमन, मानव बेचबिखनसम्बन्धी वार्षिक प्रतिवेदन तयार, मानव बेचबिखनसम्बन्धी भएका समाचार तथा उजुरीबारे अनुसन्धान महाशाखासँग समन्वय, मानव बेचबिखनसम्बन्धी तथ्याङ्क अध्यावधिक र मानव बेचबिखनसम्बन्धी

कानुन पुनरावलोकन (कानुन महाशाखासँग समन्वय गरी) का लागि पहल आदि रहेका छन् । यस कार्यालयबाट आ.व. २०७५/२०७६ मा सम्पादित कार्यहरू यस प्रकार रहेको देखिन्छ ः

| क्र.स. | सम्पादित कार्यहरू | | |
|---|---|---|---|
| १ | अनुगमन/ अनुसन्धान | – मोरङ, झापा, बाँके र बर्दिया जिल्लामा मानव बेचबिखनको अवस्था,<br>– नेपाल सरकारद्वारा सञ्चालित मानव बेचबिखनमा परेका पीडितहरू बस्ने दीर्घकालीन सुधार आवासगृह, मङ्गला साहना आवास गृहको भौतिक संरचना र पीडितहरूको अवस्था,<br>– नेपाली समन्वय समिति र एबीसी नेपाल, शक्ति समूहको आवासगृह र मानव बेचबिखनमा परी उद्धार गरिएका पीडितहरूको अवस्था | आयोगको प्रदेश र प्रदेश शाखा कार्यालयसँगको समन्वयमा |
| २ | वार्षिक प्रतिवेदन | – मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन सन् २०१८ को सार्वजनिकीकरण ।<br>– वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको परिवारले भोग्नपरेको सामाजिक मूल्य<br>- आर्थिक हिंसा, पारिवारिक हिंसा, सामाजिक लाञ्छना, घरायसी कार्यबोझ) र<br>- अनौपचारिक क्षेत्र विषेश गरी मनोरञ्जन तथा सत्कार सेवामा कार्यरत महिला तथा बालबालिकाहरूको अवस्था अध्ययन प्रतिवेदन प्रकाशन । | |
| ३ | छलफल/ परामर्श | राष्ट्रिय मानव अधिकार आयोगको सभाहलमा मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन सन् २०१८ को अन्तिम मस्यौदामाथि परामर्श छलफल, –मानव बेचबिखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रणका विषयमा गरिएका सिफारिसहरूमा नेपाल सरकारको कार्यान्वयनको प्रयास एवम् सिफारिस कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका विषयक परामर्श/छलफल ।<br>– झापा, मोरङ,क्त बाँके र बर्दियामा मानव बेचबिखनको अवस्था विषयमा छलफल तथा परामर्श,<br>– सञ्चारकर्मी र सरकारी र गैससमा प्रतिनिधिसँग मानव बेचबिखनको अवस्था र यसको रोकथाम तथा नियन्त्रणमा सरोकारवालाहरूको भूमिका तथा चुनौतीहरू विषयक परामर्श तथा छलफल । | जिप्रका मोरङ र मेची नपासँगको समन्वय र सहकार्यमा ऽवीनरक इन्टरनेशन, हाम्रो सम्मान कार्यक्रमको प्राविधिक सहयोग |

| क्र.स. | सम्पादित कार्यहरू | | |
|---|---|---|---|
| ४ | सरकारी निकाय र सङ्घ संस्थासँगको सहकार्य र समन्वयमा उद्धार एवम अन्य कार्यहरू | जिल्ला प्रहरी कार्यालय लगायतका सरोकारवाला निकायहरूसँग मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा तथ्याङ्क माग, सूचना सङ्कलन, अभिलेखीकरण र आवश्यक कारबाही,<br>– विगत दुई वर्षदेखि भारत राजस्थानको जयपुर स्थित राज्य महिला सदन सुधार आवास गृहमा बस्दै आएका सुनसरी दुहवी नगरपालिका १२ र रूपन्देही निवासी दुई बालिकालाई आयोग र शक्ति समूहको सहकार्यमा र समन्वयमा उद्धार गरी परिवारसँग पुनर्मिलन र<br>– हराइरहेका २० जना बालबालिकाहरूको उद्धारका लागि सम्बन्धित सरकारी निकायहरूलाई समन्वयका लागि पत्राचार र आवश्यक कारबाही । | |
| ५ | सहभागिता | मानव बेचबिखन तथा ओसारपसारविरुद्धको प्रभातफेरिमा सहभागी,<br>– FUN RUN को कार्यक्रममा सहभागी र<br>– The Regional Conference on "Combating Trafficking Reparation of Victims of Trafficking" कार्यक्रममा बङ्गलादेशमा Key note Speaker का रूपमा सहभागी, आदि । | मानव बेचबिखन विरुद्धका ११ कार्यक्रममा सहभागी |
| | | | *श्रोत : वार्षिक प्रतिवेदन, आ.व.२०७५–७६, राष्ट्रिय मानव अधिकारआयोग ।* |

४२. मानव अधिकार आयोगबाट आ.व.२०७५/७६मा मानव अधिकारसम्बन्धी विविध विषयमा भएका निर्णय र सरकार एवम् सरोकारवालाहरूलाई गरिएका विषयगत सिफारिसहरूमध्ये महिला तथा बालबालिकाको अवस्था तथा मानव बेचबिखन सम्बन्धमा गरिएका सिफारिसहरू :

(क) **नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय –** मानव बेचबिखन नियन्त्रण ऐन २०६४ लाई मानव बेचबिखनमा समग्र कार्य, उद्देश्य र माध्यम समेट्ने गरी, सङ्घीय संरचनाअनुरूप संयन्त्रहरूको गठन तथा परिचालन, पीडितको उद्धार तथा जोखिम समूहको सम्बोधनका समेत व्यवस्था राखी संशोधन गर्ने प्रक्रिया अगाडि बढाउने ।

- मानव बेचबिखन पीडितहरूको उद्धार, सहायता, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना एवम् जोखिम समूहको पहिचान र सम्बोधनसम्बन्धी नीति तथा कार्यविधिहरू तय गर्ने र कार्यान्वयन गर्ने ।
- सङ्घीय, प्रदेश तथा स्थानीय तहसम्म मानव बेचबिखन पीडित सहायता कोष स्थापन गर्ने र पीडितहरूको दिगो पुनर्स्थापनाका लागि सहायता प्रदान गर्ने व्यवस्था मिलाउने ।
- प्रत्येक प्रदेश तहमा न्यूनतम एक महिला, एक पुरुष, एक बालबालिका तथा एक विक्षिप्त अवस्थाका मानव बेचबिखन पीडित सुरक्षा आवास तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने ।
- गैसस तथा अन्य निजि क्षेत्रबाट सञ्चालित पुनर्स्थापना केन्द्र, अस्थायी आवास, उद्धार, तथा मानव

बेचबिखन रोकथामका गतिविधिहरूको नियमित (न्यूनतम अर्धवार्षिक) प्रतिवेदन लिने र एकीकृत प्रतिवेदन निर्माण र सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

- मानव बेचबिखनमा कार्यरत स्थानीय संस्था, समूह तथा सामाजिक कार्यकर्ताहरूलाई मानव अधिकार मुखी कार्यक्रम, पीडित सहायतासम्बन्धी प्रशिक्षण प्रदान गर्ने व्यवस्था गर्ने ।

(ख) **नेपाल सरकार, गृह मन्त्रालय**

- मानव बेचबिखन अनुसन्धान ब्यूरोको नियमावली छिटोभन्दा छिटो पारित गराई यसलाई जिल्ला तहसम्म पुऱ्याउन कार्ययोजना बनाइ लागू गर्ने ।
- मानव बेचबिखन अपराध अनुसन्धानलाई बलियो बनाउन ब्यूरोमा कार्यरत प्रहरीहरूका लागि विशेष अनुसन्धान प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- मानव बेचबिखन अपराधमा अनुसन्धान गर्न, पीडित सुरक्षाका लागि द्विपक्षीय तथा बहुपक्षीय सहकार्य गर्न सहजीकरण गर्ने ।
- मानव बेचबिखन अपराधका उजुरी अनुसन्धान तथा घटना विवरणहरूको खण्डीकृत तथ्यहरूसहितको एकीकृत अभिलेख प्रणाली निर्माण गरी लागू गर्ने ।

(ग) **नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

- वैदेशिक रोजगार ऐन तथा बालश्रम ऐन र जोखिमपूर्ण रोजगारीका क्षेत्रमा श्रम अडिटसम्बन्धी कार्यविधिमा मानव बेचबिखनका घटनाहरूको पहिचान र सम्बोधनसम्बन्धी व्यवस्थाहरू राख्ने गरी संशोधन तथा निर्माण गर्ने ।
- वैदेशिक रोजगार विभाग र श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा विभागलाई नियमित रूपमा मानव बेचबिखन अनुसन्धान ब्यूरो नेपाल प्रहरी तथा राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्न निर्देशन दिने ।
- रोजगारी तथा आपूर्ति शृङ्खलामा मानव बेचबिखन तथा बाध्यकारी श्रम पीडित भए-नभएको जाँच गर्न, अनुगमन गर्न विशेष प्रशिक्षण सञ्चालन गर्ने, निर्देशिकाहरू निर्माण गरी लागू गर्ने ।
- वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने उद्धार सहायताको व्यवस्था अभिलेखीकृत नभएका वा अन्य कुनै तरिकाले वैदेशिक रोजगारीमा गई बाध्यकारी श्रम तथा बेचबिखनमा परेकाहरूलाई उद्धार तथा सहायता प्रदान गर्न पनि प्रयोग गर्न सकिने गरी नियमावली र कार्यविधिहरू संशोधन गर्ने ।
- स्थानीय रोजगारीका अवसरमा मानव बेचबिखनको जोखिममा रहेका वा बेचबिखन पीडित तथा प्रभावितलाई पहिलो प्राथमिकतामा राख्न रोजगार सेवा तथा सूचना केन्द्रहरूलाई निर्देशन गर्ने ।
- मनोरन्जन क्षेत्र, मसाज पार्लर, गेस्ट हाउस तथा खाजा घरहरूमा श्रम अनुगमन तथा कार्यबाहीलाई कार्यान्वयन गर्न विशेष निर्देशिका निर्माण गरी लागू गर्ने ।
- विदेशस्थित नेपाली नियोगहरूलाई मानव बेचबिखन पीडित सहायताका लागि प्राथमिकताका साथ कार्य गर्न, त्यस्ता घटना थाहा भएमा नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरोसँग समन्वय गर्न निर्देशन दिने ।
- कूटनीतिक नियोगका कर्मचारीहरूले कर्तव्य पालनाका क्रममा मानव बेचबिखनका आरोपीहरूलाई सहायता पुग्ने संरक्षण प्रदान गर्ने गतिविधि नगर्न निर्देशन गर्ने ।

(घ) **प्रदेश सरकारहरू**

- प्रत्येक प्रदेशमा मानव बेचबिखनको अनुगमन, कार्यक्रम समन्वय र कार्यान्वयन गर्न, पीडित सहायता गर्न प्रदेशस्तरीय संयन्त्रको स्थापना, सहायता कोषको स्थापना र सञ्चालन गर्ने ।
- प्रत्येक प्रदेशमा मानव बेचबिखन पीडितहरूलाई अस्थायी आवास सेवा प्रदान गर्न महिला, बालबालिका, पुरुष र विक्षिप्त अवस्थाका व्यक्तिहरूलाई छुट्टाछुट्टै पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्ने ।

(ङ) **स्थानीय सरकार**

- प्रत्येक स्थानीय तहमा मानव बेचबिखनको अनुगमन, कार्यक्रम समन्वय र कार्यान्वयन गर्न, पीडित सहायता गर्न संयन्त्रको स्थापना, सहायता कोषको स्थापना र सञ्चालन गर्ने ।
- मानव बेचबिखन पीडित तथा जोखिम समूहलाई विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरू निर्माण र कार्यान्वयन गर्ने

(च) **गैरसरकारी सामाजिक संस्थाहरू**

- मानव बेचबिखनका कार्यक्रमहरू गर्दा अनिवार्य प्रदेश तथा स्थानीय तहका सरकाहरूसँग समन्वय र सहकार्य गर्ने र स्थापित मानव बेचबिखनविरुद्धको प्रणालीको सबलीकरणमा लगानी गर्ने ।
- पीडित सहायता, सीमा अनुगमनका कार्यहरूगर्न सङ्घीय सरकारसँग अनुमति लिने र नियमित रूपमा (न्यूनतम त्रैमासिक) कार्य सम्पदान प्रतिवेदन, पीडित तथा जोखिम समूहको विवरणसहित नेपाल सरकारका निकाय र राष्ट्रिय मानव अधिकार आयोगमा पठाउने ।
- सामाजिक कार्यकर्ताहरूलाई जोखिम सूचकहरू, पहिचान कार्यविधि तथा मानव अधिकारमुखी व्यवहारका लागि अभिप्रेरित तथा प्रशिक्षित गर्ने ।
- पीडितको स्वतन्त्रता, स्वेच्छिक संलग्नता तथा गोपनीयताको उच्च सम्मान गर्ने व्यवस्था गर्ने ।

४३. संवैधानिक निकाय हुनुपूर्व छुट्टै ऐनबाट स्थापित राष्ट्रिय महिला आयोगले १८ वर्षदेखि महिलाविरुद्धका हिंसा नियन्त्रणमा महत्त्वपूर्ण योगदान गर्दै आएको छ । वर्तमान नेपालको संविधान भाग २५ को धारा २५२ ले राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायको रूपमा तोकेको छ । मूलत : यसको जिम्मेवारीअन्तर्गत नेपाल सरकारलाई लैङ्गिक समानता, महिला अधिकार, महिला विकास, महिलाविरुद्धका हिंसा तथा अपराध नियन्त्रणका लागि नीतिगत तथा कानुनी सुझाव पेस गर्नु पर्दछ । संविधानको धारा २५३ ले तोकेको आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

(क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपायसहित नेपाल सरकारलाई सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने ।

४४. यसरी राष्ट्रिय महिला आयोगले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न विभिन्न निरोधात्मक, संरक्षणात्मक, कानुनी कारबाही, क्षमता विकास तथा समन्वयात्मक कार्य सञ्चालन गरी महिला सशक्तीकरणका लागि आफूलाई तोकिएको जिम्मेवारीअनुसार उल्लेख्य भूमिका निभाउँदै आएको छ। आ.व.२०७५/२०७६ मा आयोगमा खासगरी महिलाविरुद्ध हुने हिंसा तथा मानव बेचबिखन नियन्त्रणका लागि विभिन्न किसिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको देखिन्छ । आयोगमा खासगरी महिलाविरुद्ध हुने हिंसाविरुद्ध यस आ.व.मा परेका उजुरीहरूको सम्बन्धमा आयोगबाट प्राप्त विवरण अनुसूची ५ मा दिइएको छ।

४५. समाज कल्याण परिषद्को वेभपेजमा रहेको अभिलेखअनुसार नेपालमा २०७६ आषाढसम्म ५०,३५८ गैरसरकारी संस्थाहरू परिषद्मा आबद्ध भएको तथ्यांक पाइन्छ। यसैगरी नेपालमा कार्यरत अन्तर्राष्ट्रि गैरसरकारी संस्थाको संख्या २४५ रहेको देखिन्छ। राज्यले गैरसरकारी संस्थाहरूको भूमिका स्वीकारेको छ। र, देशको सामाजिक तथा आर्थिक विकासमा यिनीहरूको महत्वपूर्ण योगदान रहँदै आएको देखिन्छ। यसरी गैरसरकारी संस्थाहरूले देशभर मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूलाई उनीहरूको अधिकारको सुनिश्चितता र सरल कानुनी उपचारमा सहयोग पुऱ्याई न्यायमा पहुँच दिलाउन पनि विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् । आ.व.२०७५/२०७६ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि देशभर कार्यरत गैरसरकारी संस्थाहरूले निरोध, संरक्षण, कानुनी उपचार, क्षमता विकास तथा समन्वय, सहयोग र सहकार्यसम्बन्धी क्रियाकलापलाई निरन्तरता दिएका छन् । यसबारे प्राप्त विस्तृत विवरण प्रतिवेदनको विभिन्न भागमा समेटिएका छन् ।

## ३.४ क्षमता विकास

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न निकायहरूले आ.व. २०७५/७६ मा सञ्चालन गरेका कार्यक्रमहरूको विवरण तल प्रस्तुत गरिएको छ।

### ३.४.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको क्षमता अभिवृद्धि

**(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.१ सँग सम्बन्धित)**

४६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रा.प.द्वि. एक, रा.प.तृ. दुई तथा रा.प.अनं (ना.सु) एक गरी चार जनाको दरबन्दी तोकिएको एउटा छुट्टै "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा" रहेको छ । यस शाखाको कार्य विवरणअन्तर्गत प्रत्यक्षतः पूर्णरूपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी विषयहरू रहेका छन् । मानव बेचबिखनको समस्यालाई प्रभावकारीरूपमा सम्बोधन गर्ने कार्यमा यस शाखामा कार्यरत जनशक्तिको क्षमता अभिबृद्धिका लागि यस वर्ष पनि विभिन्न किसिमका आन्तरिक तथा वैदेशिक तालिम, गोष्ठी, सेमिनार, बैठक तथा अनुसन्धानका कार्यक्रहरूमा संलग्न गराइएको छ।

४७. मन्त्रालयको वार्षिक प्रगति पतिवेदन, २०७५/२०७६ अनुसार यस आ.व.मा मन्त्रालयका रा.प.अनंकित प्रथम तहका कर्मचारी देखि मन्त्रीसम्मका २९ जना पदाधिकारीहरूको एक दर्जनभन्दा बढी बाह्य मुलुकमा

भएका मन्त्रालयसँग सम्बन्धित विषयका अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सेमिनार, बैठकमा सहभागिता रहेको देखिन्छ। मानव बेचबिखन तथा ओसारपसारसम्बन्धित International Workshop Aimed at Building the Capacities of Moroccan Institutions to Establish a formal protection Scheme for Victims of Human Trafficking, Workshop on communicating Gender Data Promoting Better Life and Delivering Impactful Message., Cross-regional capacity building Event on Violence Against Children Recruited and Exploited by Terrorist and Violent Extremist Group, International workshop on Data Disaggregation for SDCTS, Human Trafficking जस्ता विषयहरूमा थाईल्याण्ड, मोरक्को, जापान, बेलायतमा भाग लिन पठाइएको छ। यसले मानव बेचबिखन नियन्त्रणका लागि समग्रमा मन्त्रालयकै क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याएको छ।

### ३.४.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरूको क्षमता अभिवृद्धि

**(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.२ सँग सम्बन्धित)**


४८. **राष्ट्रिय समिति** : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि उनीहरूलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विषय तथा उपयुक्तताको आधारमा मन्त्रालयबाट हुने स्वदेशी तथा वैदेशिक तालिम, गोष्ठी, सेमिनार, सम्मेलन तथा अन्तक्रिया कार्यक्रममा सहभागी गराउँदै आएको देखिन्छ। यस नीतिलाई यस आ.व.मा पनि कार्यान्वयन गरिएको देखिन्छ।

### ३.४.३ कानुन कार्यान्वयन गर्ने निकाय र पदाधिकारीहरूको क्षमता अभिवृद्धि

**(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.३ सँग सम्बन्धित)**






४९. गृह मन्त्रालयले आ.व.२०७५/७६ मा मानव बेचबिखन तथा ओसारपसारविरुध्द सञ्चालन गरेको तालिम, गोष्ठी, अन्तर्क्रिया आदि कार्यक्रमहरूअन्तर्गत मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार प्रदेश नं. १ को उदयपुर र झापा, प्रदेश नं. २ को सिराहा, प्रदेश नं. ३ को दोलखा, गण्डकी प्रदेशको स्याङ्जा, प्रदेश नं. ५ को दाङ, कर्णाली प्रदेशको मुगु, सुदूरपश्चिम प्रदेशको दार्चुला गरी ८ जिल्लामा मानव अधिकार प्रबर्द्धनसम्बन्धी भएको जिल्लास्तरीय गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रममा मानव बेचबिखन तथा ओसार

पसारविरुद्धका विषयहरू पनि समावेश गरेको पाइन्छ

५०. नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट आ.व.२०७५/७६ मा मानव बेचबिखन तथा ओसार पसारविरुद्ध भएका तालिम, गोष्ठी, अन्तर्क्रिया आदि कार्यक्रमहरूमा ब्यूरो स्थापना हुनासाथ २०७५ साल भाद्र, असोज महिनामा प्र.प्र.का. अरनिको हलमा अन्तर्क्रिया कार्यक्रम, मानव बेचबिखन अनुसन्धान ब्यूरो तथा जिल्ला प्रहरी कार्यालय नुवाकोटको समन्वयमा नुवाकोट तथा रसुवा जिल्लामा लैंगिक हिंसासम्बन्धी अन्तर्क्रिया तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।

५१. यस आ.व. मा सर्वोच्च अदालतका जम्मा ६० जना न्यायाधीशहरू र ४२ जना कर्मचारीहरू वैदेशिक तालिम, गोष्ठी, सेमिनार, अन्तर्क्रिया आदि कार्यक्रममा सहभागी हुनु भएको छ। यसैगरी स्वदेशी प्रशिक्षण, गोष्ठी, सेमिनार, छलफल, अन्तर्क्रिया तथा संहितासम्बन्धी तालिम आदि कार्यक्रममा पटकपटक गरी जम्मा ६९६ जना न्यायाधीश र १५९४ जना कर्मचारीहरू सहभागी भएका छन्।

### ३.४.४ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कार्यरत सरोकारवाला संस्थाहरूको क्षमता अभिवृद्धि

(**राष्ट्रिय कार्ययोजनाको रणनीति ४.४ सँग सम्बन्धित**)

५२. पुनर्स्थापना केन्द्रको सुदृढीकरण तथा क्षमता विकासका लागि केन्द्रका व्यवस्थापक तथा कर्मचारीहरूलाई पुनर्ताजगी तालिम प्रदान गरिएको छ । (मानव बेचबिखनविरुद्धको यात्रा बुलेटिन, २०७६)।

५३. पुनर्स्थापना केन्द्रका कर्मचारीहरूलाई कार्य प्रगति प्रस्तुती र समस्या समाधानबरे तालिम दिइएको छ।

### ३.४.५ महिला तथा बालबालिका सेवा केन्द्रहरूको क्षमता विकास

अध्ययनका क्रममा महिला तथा बालबालिका सेवा केन्द्रको पनि आन्तरिक रूपमा क्षमता विकाससम्बन्धी कार्यक्रम राखिएको।

(**राष्ट्रिय कार्ययोजनाको रणनीति ४.५ सँग सम्बन्धित**)

### ३.४.६ कूटनीतिक निकायहरूको क्षमता विकास

(**राष्ट्रिय कार्ययोजनाको रणनीति ४.६ सँग सम्बन्धित**)

५४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल सरकारको सबै मन्त्रालयहरूमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गर्न अनुरोध गरेको धेरै भइसकेको देखिन्छ। परराष्ट्र मन्त्रालयमा पनि महिलाका सवाललगायत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी विषयको प्रभावकारी सम्बोधनका लागि अन्य मन्त्रालयमाजस्तै लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरिएको छ। विभिन्न मन्त्रालयमा यस्ता लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सञ्चालन भएका अभिमुखीकरण, गोष्ठी, तालिमहरूमा सहभागी गराउने पद्धति निरन्तर रहेको छ। मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी समस्या समाधानमा विदेशस्थित नेपाली राजदूतावास तथा महावाणिज्य दूतावासका कर्मचारीहरूको संलग्नता घटनागत स्थितिमा सक्रिय रहँदै आएको पाइन्छ।

५५. विभिन्न मुलुकस्थित नेपाली राजदूतावासहरूले यस आ.व.मा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सम्पन्न गरेका तालिम, गोष्ठी, अन्तर्क्रिया, अध्ययन आदि कार्यक्रमहरूको विवरण यस प्रकार रहेको देखिन्छ। यस्ता क्रियाकलापबाट कूटनीतिक निकायका पदाधिकारीहरूमा मानव बेचबिखन नियन्त्रणसम्बन्धी ज्ञानमा समेत वृद्धि भइ उनीहरूको क्षमता विकासमा सहयोग पुग्ने देखिन्छ।

| देश | कार्यक्रम |
|---|---|
| मनामा, बहराइन | नेपाली राजदूतावासले २०७५ असार २९ गते मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरेको । |
| नयाँदिल्ली, भारत | नेपाली राजदूतावास, नयाँदिल्लीले मानव बेचबिखन तथा ओसारपसारविरुध्द स्थापित गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग आ.व.२०७५/७६ मा विभिन्न मितिमा छलफल गरेको । |
| अबुधावी, युएइ | नेपाली राजदूतावास, अबुधावीले मानव बेचबिखन तथा ओसारपसारलाई निरुत्साहित गर्नेसम्बन्धी ५ वटा सचेतनामूलक कार्यक्रमहरू सम्पन्न गरेको । |
| कुबेत | नेपाली राजदूतावास, कुबेतले विभिन्न कम्पनीहरूको भ्रमणको क्रममा बेचबिखन तथा ओसारपसारसम्बन्धमा सचेतनामूलक कार्यक्रम तथा छलफल गर्ने गरेको । साथै, देशमा रहेका विभिन्न नेपाली संघसंस्थाहरूसँग समन्वय गरी मानव बेचबिखन तथा ओसारपसारनियन्त्रणका विषयमा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरेको । साथै, दूतावासले विभिन्न प्रकाशन, हाते पुस्तिका, सामाजिक सञ्जाल, दूतावासको वेभसाइत आदिका माध्यमद्वारा निरन्तर मानव बेचबिखन नियन्त्रणको लागि आवश्यक जानकारी प्रदान गर्ने गरेको । |
| कोलकाता, भारत | नेपाली महावाण्ज्यि दूतावास, कोलकाताले पश्चिम बंगालको सिलगुडीस्थित Child in Need Institute (CNI) को समन्वयमा २०७५ चैत्र २५ गते मानव बेचबिखनविरुद्ध तथा बालबालिका ओसारपसार र उध्दार कार्यमा सक्रिय रूपमा कार्य गर्दै आइरहेका संस्थाहरूसँग अन्तर्क्रिया कार्यक्रम गरेको । साथै, कोलकातास्थित Directorate of Child Rights and Trafficking, Government of West Bengal को समन्वयमा बालबालिका उध्दारसम्बन्धी कार्य गर्दै आएका संस्थाहरूसँग महिला तथा बाल सुरक्षा सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम गरेको । |
| जेद्दा | नेपाली कन्सुलेट जनरल, जेद्दाले नेपाली समुदायसँग मासिक अन्तर्क्रिया गरी यस विषयमा छलफल गर्ने गरेको साथै प्रत्येक वर्ष जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरेको । |
| इस्लामावाद | नेपाली राजदूतावास, इस्लामावादले टर्की र इरानमा समयसमयमा सूचना प्रकाशन गरी मानव बेचबिखन र ओसारपसारसम्बन्धी विषयमा सजग रहन जानकारी गराउने गरेको । |

## ३.५ समन्वय, सहयोग र सहकार्य



मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि यस आ.व. २०७५/७६ मा सम्पन्न भएका समन्वय, सहयोग र सहकायसम्बन्धी क्रियाकलापहरू देहायबमोजिम रहेका छन् ः

### ३.५.१ राष्ट्रियस्तरमा सरोकारवालाहरूबीच समन्वय, सहयोग र सहकार्य

**(राष्ट्रिय कार्ययोजनाको रणनीति ५.१ सँग सम्बन्धित) :**

५६ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय समितिको मुख्य जिम्मेवारीअन्तर्गत मूलतः मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कार्यक्रमहरूमा

सबै सरोकारवालाहरू तथा विकास साझेदारहरूबीच समन्वय, सहयोग र सहकार्यको बन्दोबस्त मिलाउनु हो । यस समितिअन्तर्गत आवश्यकताअनुसार विषयगत उपसमितिहरूसमेत कार्यरत हेको देखिन्छ । यस्ता उपसमितिहरूले खासगरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि नीति तथा योजना निर्माण र कार्यान्वयनको क्रममा विभिन्न संघ-संस्थाबीच समन्वय गरी बैठक संयोजन गर्ने,सहयोग गर्ने गराउने गरेको पाइन्छ । आर्थिक वर्ष २०७५/०७६ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको बैठकमा भएका निर्णयहरू तल प्रस्तुत गरिएको छन ः

## मिति २०७५/०५/३१

**प्रस्ताव :**

१. मानव बेचबिखनविरुध्दको बाह्रौं राष्ट्रिय दिवस २०७५ भाद्र २० को प्रगति समीक्षा सम्बन्धमा ।

२. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूका लागि स्थापित पुनर्स्थापना केन्द्र सञ्चालन तथा कोष परिचालन सम्बन्धमा ।

३. रकम निकासा माग सम्बन्धमा ।

४. पालेर्मो प्रोटोकल सम्बन्धमा ।

५. पुनर्स्थापना कोषको रकम माग सम्बन्धमा

**निर्णय १.**

मानव बेचबिखनविरुद्धको बाह्रौं राष्ट्रिय दिवस २०७५ भाद्र २० को सम्बन्धमा छलफल गरियो । उक्त दिवसमा भएका राम्रा पक्ष र सुधार गनुपर्ने पक्षलाई आन्तरिकीकरण गर्न सबै सरोकार निकायहरूबीच छलफल गर्ने ।

**निर्णय २.**

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूका लागि स्थापित पुनर्स्थापना केन्द्र स्थानीय निकायमा पुऱ्याउन ऐनको व्यवस्था गर्न साथै पुनर्स्थापना केन्द्र सञ्चालन तथा कोष परिचालन जिल्लास्तर वा प्रदेशस्तरमा राख्ने व्यवस्थाका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ लाई संशोधन प्रक्रिया सुरू गर्ने ।

**निर्णय ३.**

के आई नेपाल र माईती इन्डियाले निकासा माग गरेको रकम सम्बन्धमा प्राप्त कागजातहरूको थप अध्ययन गर्ने ।

**निर्णय ४.**

बहुराष्ट्रिय सङ्गठित अपराधविरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव बेचबिखन र विशेषगरी महिला बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजायको सम्बन्धमा व्यवस्था भएको पुरक आलेख(पालेर्मो पोर्टोकल) अनुमोदनका लागि गृह मन्त्रालयमा पुनःअनुरोध गर्ने ।

**निर्णय ५.**

काठमाडौं, सिन्धुपाल्चोक र कास्की जिल्लाबाट निकासा माग भई आएको पुनर्स्थापना कोषको रकम सम्बन्धमा पुनः  छलफल गर्ने ।

## मिति २०७५/९/४

**प्रस्ताव :**

१. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूका लागिस्थापित पुनर्स्थापना केन्द्र सञ्चालन तथा कोष सञ्चालन सम्बन्धमा ।

२. तथ्याङ्क प्रणाली सम्बन्धमा ।

**निर्णय १.**

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितका लागि पनुर्स्थापना केन्द्र सञ्चालन भएको अवस्थामा संघीय संरचनाअनुरूप विद्यमान संरचनामा परिवर्तन भएकाले पुनर्स्थापना केन्द्र सञ्चालन तथा कोष परिचालन सम्बन्धमा मानव बेचबिखन तथा ओसारपसार (नयन्त्रण) नियमावली, २०६५ लाई संशोधन प्रक्रिया तत्काल सुरु गर्ने ।

**निर्णय** २.

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा एकीकृत तथ्याङ्क संकलन तथा प्रतिवेदन सम्बन्धमा (शक्ति समूह) तयार भएको पद्धतिको बारेमा आगामी राष्ट्रिय समितिको बैठकमा प्रस्तुतीकरण गर्ने व्यवस्था मिलाउने।

**निर्णय** ३.

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा भएका कार्यको प्रगति विवरण सम्बन्धित संस्थाहरूबाट १५ दिनभित्र आउने गरी माग गर्ने ।

**मिति २०७५/११/०२**

**निर्णय** १.

नेपालीहरू रोजगारीको सिलसिलामा विदेशिने क्रममा हाल भारतको मणिपुरस्थित विभिन्न सेल्टरमा रहेका १७९ जनालाई नयाँ दिल्लीस्थित नेपाली राजदूतावासको समन्वयमा नेपालमा ल्याउने पहल भइरहेकोले नेपालमा ल्याईसकेपछि नेपालको पूर्वी नाका कांकडभिट्टादेखि काठमाडौँसम्म उद्धार गरी ल्याउनकासाथै पीडित तथा प्रभावितहरूको उचित व्यवस्थापनको लागि देहायबमोजिमको उपसमिति गठन गरी उद्धार तथा पुनर्स्थापना कार्य प्रभावकारी रूपमा गर्ने ।

संयोजक : शाखा प्रमुख -मानव बेचबिखन नियन्त्रण शाखा, म.बा. तथा ज्ये.ना. मन्त्रालय
सदस्य : प्रतिनिधि- गृह मन्त्रालय
सदस्य : प्रतिनिधि- श्रम, रोजगारतथा सामाजिक सुरक्षा मन्त्रालय
सदस्य : प्रतिनिधि- नेपाल प्रहरी, मानव बेचबिखन नियन्त्रण ब्यूरो
सदस्य : प्रतिनिधि- माईती नेपाल
सदस्य : प्रतिनिधि- पौरखी
सदस्य : प्रतिनिधि- एबीसी, नेपाल
सदस्य : प्रतिनिधि- शक्ति समूह
सदस्य : प्रतिनिधि- पीएनसीसी
सदस्य : प्रतिनिधि- वीनरक
सदस्य : प्रतिनिधि- सीवीन

**निर्णय** २..

पीडित। प्रभावितहरूलाई कांकडभिट्टादेखि काठमाडौंसम्म संरक्षण गरी ल्याउँदा लाग्ने सम्पूर्ण खर्चहरू महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत रकेको मानव बेचबिखन तथा ओसारपसार विरुद्धको पुनर्स्थापना कोषबाट ब्यहोर्ने ।

**निर्णय** ३..

पीडित/प्रभावितहरूलाई प्रहरीको सुरक्षा घेरामा राखी काठमाडौं ल्याउन मन्त्रालयका प्रतिनिधि र नेपाल प्रहरीका प्रतिनिधिलाई खटाउने ।

**मिति २०७६/१/२५**

**प्रस्तावहरू :**

१. पीडित/प्रभावितहरूको उद्धारमा खर्च भएको रकम निकासा सम्बन्धमा।

२. भारतको मिजोरममा रहेका पीडित/प्रचावितहरूको उद्धार सम्बन्धमा।

३. विविध।

**निर्णय १.**

मिति २०७५ फाल्गुन महिनामा भारतको मणिपुरस्थित इमफाल र भारत-म्यानमारको सीमानामा पर्ने मोरे नाकाबाट म्यानमार हुदै खाडीलगायतका मुलुकमा लैजाने क्रममा भारतको मणिपुर सरकारको सहयोगमा उद्धार गरिएका १७९ जना नेपालीहरूलाई मणिपुरस्थित इमफालको विभिन्न आश्रय गृहहरूबाट भएको उद्धार कार्यमा उनीहरूलाई सुरक्षित रूपमा नेपाल फर्काउन नेपाली राजदूतावासका काउन्सुलर, द्वितीय सचिव र स्थानीय कर्मचारीलाई मिति ६ फेब्रुवरी २०१९ मा इमफाल खटाइएको हुँदा १७९ जना नेपालीहरूलाई उद्वार गर्दा लागेको रकम रु. ९,९८,४०० । यथार्थ खर्चको सक्कलै बीलको कागजात प्राप्त भएपछि भुक्तानी दिने । भारतस्थित नेपाली राजदूतावासले लेखा परीक्षण गरी सोको प्रतिवेदन परराष्ट्र मन्त्रालयमार्फत पठाउने ।

**निर्णय २.**

२०७२ सालमा नेपाली राजदूतावास, अबुधावीलाई उपलब्ध गराएको रु १० लाखखर्च भएको श्रेष्ता प्राप्त भैसकेको हुँदा संयुक्त अरब इमिरेट्सस्थित नेपाली राजदूतावास अबुधावीमा मानव बेचबिखनबाट पीडित तथा प्रभावित भई अलपत्र परेका नेपालीहरूको उद्धार तथा राहत कार्यका लागि रु. १५ लाख थप निकासा माग भई आएकोमा हाललाई रु. १० लाख सरकारी रकम खर्च गर्ने मापदण्डको आधारमा खर्च गरी सो खर्चको फाँटवारी र लेखापरिक्षण प्रतिवेदनसमेत उपलब्ध गराउने गरी निकासा दिने।

**निर्णय ३.**

भारतको मिजोरममा रहेका ३० जना नेपाली महिलाहरूलाई भारतीय प्रहरीले उद्धार गरी नेपालको सीमा नाकासम्म मिति २०७६/०१/२६ मा नेपाल ल्याउने भएकोले नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट २ जना र मन्त्रालयबाट १ जना प्रतिनिधि गरी ३ जनालाई काँकडभिट्टा खटाउने र उद्धारमा लागेको खर्च मन्त्रालयले मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूका लागि स्थापित पुनर्स्थापना कोषबाट उपलब्ध गराउने।

५७ मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियानमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता बढ्दै आइरहेको छ। यस्ता विभिन्न सरोकारवालाहरूबीच समन्वय, सहयोग र सहकार्यलाई प्रभावकारी बनाउने कार्य महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट हुँदै आएको छ। यसको संयोजनकारी भूमिकामा मन्त्रालयस्थित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति रहेको देखिन्छ। यसरी मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियानलाई प्रभावकारी बनाउन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिले समय-समयमा आवश्यक समन्वय, बैठक, छलफल तथा अन्तर्क्रिया गरी मानव बेचबिखन तथा ओसारपसारको समस्या सम्बोधन गर्दै आइरहेको देखिन्छ। यस आ.व.मा राष्ट्रिय समितिको वैठक चारपटक र अन्य उपसमितिको पाँचपटक बसेको देखिन्छ।

### ३.५.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोय अभिवृद्धि

**(राष्ट्रिय कार्ययोजनाको रणनीति ५.२ सँग सम्बन्धित)**

५८. (क) नेपालमा वैदेशिक सहायताको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि पनि नेपालले विभिन्न किसिमको सहयोग प्राप्त गर्दै आइरहेको छ । समाज कल्याण ऐन, २०४९ सार नेपालका गैरसरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबीचको आपसी सम्बन्ध, सहयोग आदान प्रदानकार्यलाई



नेपाल सरकारको तर्फबाट आधिकारिकता दिने/ दिलाउने र सोको नियमन गर्ने जिम्मेवारी समाज कल्याण परिषद्को हो । नेपाल सरकारले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले आफ्नो कार्यालय खोली नेपालमा कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृति लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ । यो कार्य महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको सहजीकरण समितिले समाज कल्याण परिषद्मार्फत गर्ने गराउने गर्दछ। आ.व. २०७५/७६ मा समाज कल्याण ऐनको दफा १२ बमोजिम ३१ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग साधारण सम्झौता भइ न्यूनत्तम वार्षिक ९९ लाख ७० हजार अमेरिकी डलरको प्रतिबद्धता प्राप्त भएको देखिन्छ । यस अवधिमा ४८ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग परियोजना सम्झौता भएको छ भने ३९ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँगको सम्झौतामा संशोधन भएको देखिन्छ । यिनै सम्झौताअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा पनि विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले विभिन्न राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत मानव बेचबिखन तथा ओसारपसारविरुद्ध निरोधात्मक, सचेतनामूलक र संरक्षणात्मक गतिविध केन्द्रित विभिन्न परियोजनाहरू सञ्चालन गरेको देखिन्छ । यसबारे परिषद्बाट प्राप्त विवरण अनुसूची ६ माप्रस्तुत गरिएएको छ।

(ख) यस आ.व. २०७५/७६ मा जम्मा २१२० वटा नयाँ गैरसरकारी संस्थाहरूले समाज कल्याण परिषद्सँग आबद्धता लिएको तथ्यांक रहेको छ।

(ग) परिषद्बाट यस आ.व.२०७५/७६ मा २८३ गैरसरकारी संस्थाहरूको र १०८ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको परियोजनाहरू अनुगमन तथा मूल्याङ्कन कार्य सम्पन्न भएको छ।

### ३.५.३ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध स्थानीयस्तरमा सबै सरोकारवालाहरूबीच सम्बन्ध र सहकार्य

**(राष्ट्रिय कार्ययोजनाको रणनीति ५.५ सँग सम्बन्धित)**

५९. देशभर क्रियाशील महिला मानव अधिकार, महिला तथा बाल अधिकारकर्मीहरू, महिला समूहहरू, महिला सहकारीजस्ता विभिन्न किसिमका संस्थाहरूले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्य पनि गर्दै आइरहेका छन् । विगत वर्षहरूमाजस्तै यस आ.व.मा पनि यिनीहरूले खासगरी आआफ्नो क्षेत्रबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि व्यक्तिगत तथा संस्थागतरूपमा चेतनाबृद्धि तथा सन्देशमूलक क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको देखिन्छ । संघीय शासन प्रणाली अन्तर्ग मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण क्रियाकलापहरू सञ्चालनमा प्रदेश तथा स्थानीयतहको समन्वय, सहयोग र सहकार्य भने तत्काल अपेक्षित मात्रामा भइरहेको पाइदैन।

६०. मानव बेचबिखन तथा ओसारपसार गतिविधिको प्रभावकारी नियन्त्रणका लागि सरकारी तथा गैरसरकारी

संस्थाहरूबीच अनिवार्य सहयोग, समन्वय र सहकार्य जरुरी हुन्छ। सरकारी तथा गैरसरकारी संस्थाहरूबीच यस किसिमको सहयोग, समन्वय र सहकार्य मानव बेचबिखन तथा ओसारपसारविरुद्धका सभा, सम्मेलन, बैठक, तालिम, प्रशिक्षण तथा अभिमुखीकरणजस्ता कार्यक्रमहरूमार्फत भइरहेको पाइन्छ। यस किसिमका क्रियाकलाप सञ्चालनमा यस आ.व.मा पनि विभिन्न सरोकारवाला संघ-संस्थाहरूबीच सञ्जालीकरण, सम्बन्ध र सहकार्य एवम् संयुक्त प्रयास बढेको पाइन्छ।

६१. जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित अनुगमन समितिले नागरिक समाज, पत्रकार, घरेलु, राजश्व अनुसन्धान, नेपाल पहरीलगायतको संलग्नतामा दरबारमार्ग, कोटेश्वर, नयाँबानेश्वर, बालाजु, गौशाला, ठमेल, हाइवे राजमार्गका क्याबिन डान्स, दोहोरी साँझ, खाजाघर, रेष्टुराँहरूको अनुगमन गरी गैरकानुनी तथा मानव बेचबिखनजन्य श्रमशोषण, यौनहिंसाजस्ता कार्यमा संलग्न गराइएका ३१ जना पीडित महिला एवम् किशोरीहरूलाई उद्धार गरिएको छ। उद्धारपश्चात् उनीहरूलाई कानुनी परामर्श , मनोसामाजिक परामर्श, स्वास्थ्य परिक्षण, परिवारमिलनलगायत अन्य सेवाहरू प्रदान गर्ने व्यवस्था मिलाइएको देखिन्छ।

६२. राष्ट्रिय मानव अधिकार आयोगले बर्दिया र खोटाङ जिल्लामा मानव बेचबिखन तथा ओसारपसारको वर्तमान अवस्था चुनौती  समाधानका उपायहरू विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। यसक्रममा आयोगले विभिन्न सरोकारवालाहरूसँगको सहकार्य र समन्वयलाई निरन्तरता दिँदै यस आ.व. मा सरकारी, गैसस, पेसागत सङ्घसंस्थाको सहकार्य र समन्वयमा ५६ वटा कार्यक्रमह सम्पन्न गरेको देखिन्छ।

६३. राष्ट्रिय महिला आयोगले यस आ.व.मा विभिन्न जिल्लामा सार्वजनिक सुनुवाई, विद्यालयतहमा महिला अधिकार, बाल अधिकार, घरेलु हिंसा तथा महिला हिंसासम्बन्धी सचेतनामूलक कार्यक्रम, आत्महत्याका कारणीलाई सजाय गर्ने सम्बन्धमा ऐन निर्माणका लागि सम्बन्धित निकायसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम प्रदेशस्तरमा महिला उद्यमीहरूसँग अन्तर्क्रिया कार्यक्रम, सूचना सम्प्रेषणमा विभिन्न जिल्लामा पत्रकार र सञ्चारकर्मीहरूसँग छलफल कार्यक्रम, होर्डिङबोर्डको माध्यमबाट जनचेतना अभिवृद्धिसम्बन्धी प्रचारात्मक कार्यक्रम, अनुसन्धानमूलक लेख रचना, बुलेटिन, प्लायर, ब्रोशर र वार्षिक प्रतिवेदन प्रकाशन र वितरण तथा जिङ्गल र श्रब्यदृश्यको माध्यमबाट हिंसा न्यूनीकरणका लागि (नेपाली, भोजपुरी तथा मैथली) भाषामा उत्पादन गरी विभिन्न जिल्लामा प्रसारणजस्ता कार्यक्रम सम्पन्न गरेको छ।

# मानव बेचबिखन नियन्त्रणका चुनौती, निष्कर्ष र सुझावहरू

## ४ चुनौती

मानव बेचबिखन तथा ओसारपसारको परिभाषा, प्रकृति तथा आयाम समयको अन्तरालसँगै परिवर्तन हुँदै आएको छ। मानव बेचबिखन विश्वमै एउटा जटिल समस्या भएको छ। यसको नियन्त्रण, निरोध र उन्मूलन कठीन भइरहेको छ। विश्वको कुनै पनि मुलुक यसबाट प्रभावमुक्त छैनन्। यसरी मानव बेचबिखन विश्वकै लागि चुनौती बनेको देखिन्छ। अतः यस चुनौतीको सामनाका लागि विश्वकै एकीकृत र संयुक्त पहलकदमीको खाँचो छ। नेपालमा यो समस्या सम्बोधनका लागि नीतिगत, कानुनी, संरचनागत रूपमा प्रशस्त प्रयास भइरहेका छन्, तथापी अपेक्षित परिणाम प्राप्त भइरहेको पाइँदैन। मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ कार्यान्वयनमा रहेको छ, मानव बेचबिखनका घटनाहरूमा कमी आउन भने सकिरहेको छैन। यसको नियन्त्रण चुनौतीपूर्ण भइरहेको छ। सो कार्ययोजनाको क्षेत्रगत विषयगत शीर्षकका आधारमा अध्ययन गर्दा मानव बेचबिखन नियन्त्रण कार्यमा देखिएका प्रमुख चुनौतीहरू संक्षिप्तरूपमा यस भागमा  प्रस्तुत गरिएको छ।

### ४.१ निरोधसम्बन्धी चुनौती

१. **बेचबिखनको अर्थ** : समयको अन्तरालसँगै मानव बेचबिखनको दायरा विस्तारकासाथै यसको अर्थमा पनि परिवर्तन हुँदै आएको छ। यसप्रतिको बुझाइ र व्यवहारमा नै फरकपना पाइन्छ। कानुनले पनि यसको पूर्ण अर्थ तथा परिभाषालाई समेट्न सकेको छैन।

२. **सचेतनाको कमी** : मानव बेचबिखनप्रति आम समुदाय खास गरी जोखिमोन्मुख जनस्तरसम्म सचेतना वृद्धि गर्ने गराउने कार्यलाई अभियानको रूप दिन सजिलो छैन।

३. **जटिल सामाजिक बनौट** : नेपाली समाज बहुवर्ग-बहुजात-बहुजाति-बहुभाषाभाषी-बहुसंस्कृति-बहुभेषयुक्त रहेको छ। यसको आर्थिक-सामाजिक व्यवहारमा बहुविभेद र बहु विपन्नता रहेको छ। समाजमा प्रशस्तमात्रामा अनौपचारिक औपचारिक प्रणालीको अभ्यास पाइन्छ। यसकोआधारमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि समाज अनुकूल तथा जोखिमयुक्त क्षेत्रका व्यक्ति केन्द्रित चेतना, शिक्षा, सीप र आर्थिक उपार्जनका उपायहरू अबलम्बन हुन सकेको छैन।

४. **संघर्षमय जीवन** : कतिपय समुदाय/समूह जीवन जीउनै संघर्षरत देखिन्छन्। उनीहरूमा शिक्षाको कमी, गरिबी, बेरोजगारी तथा प्राकृतिक प्रकोपजन्य पीडा, न्यून आर्थिक अवस्था र विभेदपूर्ण सामाजिक व्यवहारमा जीउनपर्ने अवस्थाका कारण बाँच्नकै लागि मात्रपनि जोखिमयुक्त र निकृष्ट प्रकारको मानव बेचबिखन तथा ओसारपसारजस्तो काममा लाग्नुपर्ने बाध्यतालाई रातारात निर्मूल गर्न चुनौतीपूर्ण रहेको छ।

५. **वैकल्पिक अवसरको अभाव** : देशभित्र रोजगारको अवसरको कमी छ। सामाजिक विभेदपूर्ण पसम्परा कायम छ। समान व्यवहारको अभ्यास छैन। वैकल्पिक अवसरको अभाव छ। यसरी असमान व्यवहार, बेरोजगारीको अवस्थाले कुनै पनि किसिमको जोखिम व्यहोर्न तयार हुनुपर्ने अवस्था विद्यमान छ। यस स्थितिमा वैदेशिक रोजगारमा जानेमात्र होइन विदेशीसँगको विवाह पनि स्वीकार गर्ने प्रचलन बढिरहेको अवस्था देखिन्छ। वैदेशिक उच्च शिक्षा, साँस्कृतिक कार्यक्रम, पर्यटन र भ्रमण आदिका नाममासमेत मानव तस्करी र बेचबिखन हुन पुगेको छ। यो अत्यन्त चुनौतीपूर्ण अवस्था हो।

६. **अध्ययन अनुसन्धानको कमी** : मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी घटनाहरू र यसको प्रकृति, कारण, असर, प्रभाव र निराकरणका उपायहरूबारे विस्तृत अध्ययन अनुसन्धानको कमी छ । मानव बेचबिखन तथा ओसारपसारको लागि अपनाइने अनेक वहाना, आवरण तथा भेषबारे निरन्तर अध्ययन गर्ने प्रचलन रहेको देखिदैन ।

७. **कानुनी अनभिज्ञता** : मानव बेचबिखन तथा ओसारपसारविरुद्ध ऐन, नियमावली, आवधिक योजना, कार्ययोजना, कार्यान्वयन योजना, निर्देशिका, कार्यविधि, मापदण्डलगायतका निर्माण भएका दस्तावेजहरूबारे जानकारी समाजको खासगरी जोखिमोन्मुख समूहमा पुगेको पाइदैन । शैक्षिकस्तर यसै पनि कमजोर रहेको समाजमा कानुनी विधि व्यवहारप्रतिको जानकारी पनि कम हुनेनै भयो । कानुनको अज्ञानता क्षम्य नहुने मान्यतामा यो ज्यादै चुनौतीपूर्ण अवस्था हो ।

८. **सूचना तथा तथ्यात्तको अभाव** : योजना निर्माण र कार्यान्वयनका लागि पूर्ण, सत्यतथ्य सूचना र तथ्याङ्कको आवश्यकता हुन्छ । देशको कुनै पनि क्षेत्रमा सही सूचना र तथ्याङ्कको यसै पनि अभाव रहेको अवस्थामा मानव बेचबिखन तथा ओसारपसारको स्थितिबारे जानकारी दिने किसिमको एकीकृत सूचना प्रणाली विकासको अभावमा यसबारे एकातर्फ खण्डीकृत तथ्याङ्कको अभाव छ भने अर्कोतर्फ कहीँकतै अध्यापन तथा जानकारी दिने प्रणालीगत व्यवस्थाको पनि अभाव रहेको छ । यसले गर्दा मानव बेचबिखनसम्बन्धी भएका केही सूचना तथा तथ्याङ्कबारे जानकारी जोखिमोन्मूख वर्गसम्म उपयुक्त ढंगले पुग्न सकेको छैन ।

## ४.२ संरक्षणसम्बन्धी चुनौती

१. **सकारात्मक दृष्टिको कमी** : कुनै पनि व्यक्ति जानिबुझी वा स्वःइच्छाले बेचिन चाहँदैन । समाजले यस वास्तविकतालाई नजरअन्दाज गरिरहेको हुन्छ। मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/ प्रभावितहरूप्रति समाजको दृष्टिकोण नकारात्मक रहेको हुन्छ । यसले बेचबिखनबाट पीडित/ प्रभावितहरूको संरक्षण कार्यलाई सधैं चुनौतीपूर्ण बनाएको हुन्छ ।

२. **फरक बुझाइ** : फरकफरक समुदाय तथा समाजको मूल्य र मान्यता पनि फरकफरक रहेको हुन्छ । मानव बेचबिखन तथा ओसारपसारप्रतिको बुझाइ पनि आआफ्नै खालको हुन्छ । दलालहरूले पनि बेचबिखनका विभिन्न बहाना, तरिका अपनाइरहेका हुन्छन् । यसरी मानव बेचबिखनप्रतिको फरक-फरक बुझाइको कारणले गर्दा बेचबिखनका दृष्टिले जोखिमोन्मुख वर्गलाई संरक्षण गर्ने कार्यमा जटिलता रहेको देखिन्छ ।

३. **प्रविधिको दुरूपयोग** : विश्वमा भइरहेको नयाँ-नयाँ विधि/प्रविधिको आविष्कारले समग्र विकासमा तीब्रता ल्याएको छ । तर कुनै पनि विधि/प्रविधिको सम्पूर्णमा सदुपयोगमात्र भएको हुदैन । प्रविधिआधारित आजको समाजका लागि यो नै सबभन्दा ठूलो चुनौती हो । मानव बेचबिखन तथा ओसारपसारका दलालहरूले पनि प्रविधिजन्य नयाँ-नयाँ उपाय प्रयोग गर्दछन् । यसले मानव बेचबिखन नियन्त्रणको कार्य अरू चुनौतीपूर्ण हुन पुगेको छ ।

४. **निरन्तर पीडानुभूति** : मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू कतिपय अवस्थामा एकपटकमात्र हैन, पटक पटक पीडित हुन अर्थात बेचिन पुगेका हुन्छन् । समाजमा बारम्बार लाञ्छित हुने अवस्था/वातावरण कायमै रहेको हुन्छ । भौतिक रूपमामात्र हैन, पीडितहरूलाई मानसिक रूपमा संरक्षित र सुरक्षाको अनुभूति दिलाउन कठीन छ । यसले गर्दा दीर्घकालसम्म पीडित/प्रभावितहरूले पटक-पटक पीडित भइरहने अनुभूतिमात्र हैन जोखिममै पनि परिरहेका हुन्छन ।

५. **कमजोर क्षतिपूर्ति व्यवस्था**: मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक साधनश्रोतको अपर्याप्तताको स्थितिमा यसबाट पीडित/प्रभावितहरूका लागि कानुनले तोकेको क्षतिपूर्तिको व्यवस्था

नाममात्रको रहेको छ। यसमाथि सो व्यवस्था पनि उपयुक्त समयमा, उचित ढङ्गबाट लागू गर्ने विधि/प्रक्रिया सरल रहेको देखिँदैन। यसबाट उनीहरूलाई पुनर्स्थापनापश्चात बाँकी जीवनभरका लागि आवश्यक आर्थिक संरक्षणको अनुभूति दिलाउन कठीन देखिन्छ।

६. **संरक्षणको मापदण्डमा अनेकता:** मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न तहका पुनर्स्थापना केन्द्र सञ्चालनमा रहेका छन्। अल्पकालीन संरक्षणका लागि स्थापित यी पुनर्स्थापना केन्द्र व्यवस्थापनका लागि सञ्चालन निर्देशिका र राष्ट्रिय न्यूनतम् मापदण्ड निर्माण गरिएका छन्। तर यसको कार्यान्वयनमा एकरूपता देखिदैन। पीडित/प्रभावितहरूको हेरचाह, सरसुविधा एवम् संरक्षणमा अनेकता रहेको छ।

७. **समन्वयको अभाव** : मानव बेचबिखन तथा ओसारपसारको कार्यक्षेत्र देशभित्रमात्र सीमित छैन/रहँदैन। यो विश्वमै एउटा अन्तर्राष्ट्रिय सङ्गठित अपराधको रूपमा विस्तार भइरहेको छ। यसरी देशको सीमाभन्दा परसम्म हुनेहुँदा बेचबिखनबाट पीडित/प्रभावितहरूलाई उद्धार तथा स्वदेश फिर्ती कार्यको व्यवस्था कुनै देशले पनि एक्लै गर्न सक्दैन। यसकालागि एकभन्दा बढी देशबीच आवश्यक सम्पर्क, समन्वय, सम्झौता तथा सहकार्यको आवश्यकता पर्दछ। यस किसिमको अन्तर्राष्ट्रिय समन्वय मात्र हैन, देशभित्रै आन्तरिक समन्वयको अभाव रहेको छ।

८. **दीर्घकालीन योजनाको अभाव** : मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि वर्तमान संरक्षणको व्यवस्था अल्पकालीन तथा तात्कालिक राहत लागिमात्र गरिएको व्यवस्था हो। पीडितहरू को संरक्षणार्थ पुनर्स्थापना, पुनः एकीकरण र जीविकोपार्जनसम्बन्धी पूर्ण प्याकेजको रूपमा दीर्घकालीन योजनाको अभाव देखिन्छ।

## ४.३ कानुनी कारबाही

१. **कानूनको सीमित दायरा** : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी वर्तमान कानुनी व्यवस्थाले बेचबिखनको परिभाषाभित्र पर्ने श्रम शोषण, अनौपचारिक व्यावसायिक यौन धन्दा, वैदेशिक रोजगारका नाममा हुने मानव बेचबिखन र तस्करीजस्ता विविध क्रियाकलापहरूलाई कानुनको दायरात्रि समेट्न सकेको देखिदैन। मानव बेचबिखनका अपराधीहरू सजिलै कानुनको दायराबाट उम्कन सक्ने विद्यमान अवस्थामा बेचबिखनका हर्कतहरू नियन्त्रणमा आउदैनन्।

२. **सन्धि सम्झौताको अभाव** : मानव अधिकारसम्बन्धी अधिकांश अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा सार्कस्तरीय महासन्धि र अनुबन्धहरूनेपालले अनुमोदन गरिसकेको स्थिति हो। तर, सो बमोजिम सन्धि सम्झौता कार्यान्वयनगर्न आवश्यक पारस्परिक द्विपक्षीय र बहुपक्षीय सम्झौता गरिएको स्थिति छैन। यसले गर्दा वैदेशिक रोजगारका नाममा विदेश गएका कैयौं नेपाली श्रमिकहरू प्रष्ट रूपमा बेचबिखनमा परेका वा पारिएको अवस्थामा पनि उनीहरूको हितका लागि तत्काल कानुनी सहायता तथा सुपुर्दगीसम्बन्धी कारबाही गर्न नसकिएको सिथति छ।

३. **प्रक्रियागत झन्झट र द्रुत न्यायको अभाव:** मानव बेचबिखन तथा ओसारपसारविरुद्धको वर्तमान उजुरी प्रक्रिया सहज, सरल र पीडितमैत्री अधिकारवादी रहेको छैन। कानुनी कारबाहीको प्रक्रियामा लामो समय लाग्ने हुँदा पीडित/प्रभावितहरूले द्रुत न्याय पाउने अवस्था संभव देखिदैन। यसलाई सर्वस्वीकार्य अर्थात अन्तर्राष्ट्रिय एबम् क्षेत्रीय मापदण्ड अनुकूल बनाउन जरुरी छ।

४. **कमजोर नियमन तथा अनुगमन** : अनेक बहानामा अनेक प्रयोजनका लागि मानव बेचबिखन तथा ओसारपसार जस्तो घृणित कार्य बढ्दो छ। उद्योगका नाममा खोलिएका मनोरञ्जन क्षेत्रका व्यावसायिक उद्योग, विदेशी नागरिकसँग विवाह गराइदिने (Marriage Bureau) संस्था, सांस्कृतिक/सांगीतिक कार्यक्रमका नाममा विदेश यात्रा गराउने कम्पनी, वैदेशिक रोजगारका एजेन्सी, शिक्षा आर्जनका नाममा विदेश पठाउने कन्सलटेन्सीहरू

पनि मानव बेचबिखन कार्यमा संलग्न रहेको पाइन्छ । उनीहरूका लागि श्रमशोषण तथा यौन शोषणविरुद्ध उपयुक्त आचारसंहिताको निर्माण हुन सकेको छैन । नत तिनीहरूबाट सरकारद्वारा जारी नीति तथा कानुनको पूर्ण पालना भए नभएको निरन्तर अनुगमन तथा प्रभावकारी नियमन नै हुन सकेको स्थिति छ ।

५. **अभियुक्त उन्मुक्ति** : मानव बेचबिखनका कतिपय घटनाहरू प्रहरी तथा अदालतसमक्ष नपुग्ने, पुगेका मुद्दाहरूमा पनि कमजोर तथा अस्पष्ट कानुन र लामो प्रक्रियाका कारण कैयौं अवस्थामा अभियुक्तले सजिलै उन्मुक्ति पाउन सक्ने स्थिति देखिन्छ । कैयौं मानव बेचबिखन तथा ओसारपसार र तस्करी घटनाका अभियुक्तहरूले वैदेशिक रोजगार कानुनअन्तर्गत कारबाही गर्ने नाममा उन्मुक्ति पाउने अभ्यास, अवस्था कायम रहिरहनाले एकातर्फ पीडकहरू अरु प्रोत्साहित भइरहेका छन् भने अर्कोतर्फ पीडितहरूले न्याय पाइरहेका छैनन् ।

६. **समयमै कानुन कार्यान्वयन नहुनु** : मानव बेचबिखन तथा ओसारपसार अपराध सरकारवादी मुद्दा हो । यसविरुद्ध सर्वोच्च अदालतले कोशे ढुंगासावित दूरगामी प्रभावको निर्णयादेश गरेको पाइन्छ । जस्तो मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध मुद्दामा निरन्तर सुनुवाई एवं तत्काल फैसला गर्नुपर्ने । तर, व्यवहारमा अद्यापि यस किसिमको अवस्था हुन सकेको छैन ।

७. **अभियुक्त फरार** : मानव बेचबिखन तथा ओसारपसार मुद्दाका अभियुक्तहरू यसै पनि पहिचान गरी पत्ता लाउन सजिलो छैन । त्यसमाथि पहिचान भएका आरोपितहरू पनि धेरै फरार सूचीमै रहेको देखिन्छन् । यसले मानव बेचबिखन कार्यमा संलग्न पीडकलाई थप प्रोत्साहन पुगेको पाइन्छ ।

## ४.४ क्षमता विकास

१. **शिक्षाको कमी** : मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू तुलनात्मक रूपमा कम शिक्षित रहेका देखिन्छन भने नेपाल प्रहरीको अभिलेखअनुसार मानव बेचबिखन तथा ओसारपसारका पीडक वा अभियुक्तहरू पनि धेरैजसो कम र अधुरो शिक्षा प्राप्त व्यक्तिहरू देखिन्छन् । वास्तवमा पीडित तथा पीडक दुवैको पूर्ण शिक्षित नहुँदा यस्ता दण्डनीय अपराध हुन पुगेका छन् ।

२. **क्रियाशील उमेरको सदुपयोग** : उपलब्ध अभिलेखअनुसार मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यमा लागेका र यसबाट पीडित/प्रभावित दुवैथरिका व्यक्तिहरू अधिक मात्रामा ऊर्जापूर्ण क्रियाशील उमेर समूहका रहेको पाइन्छ । अधिकांश अवस्थामा पीडित तथा पीडक दुवै थरिका व्यक्तिहरू बेरोजगार तथा कमजोर आर्थिक अवस्थाका हुन्छन् । रोजगारी तथा सुविधा अभावका कारण लोभलालच तथा वाद्यात्मक परिस्थितिमा परी मानव बेचबिखनका पीडित वा पीडक हुन पुगेका पाइन्छन् । उनीहरूको ऊर्जा/क्षमताको वाञ्छित सदुपयोग जरुरी छ ।

३. **सीप विकास र रोजगारी** : पूर्ण शिक्षित समाज विश्वकै आदर्श मान्यता हो । सीप भएका व्यक्तिहरू प्रायः मानव बेचबिखनका दलालको चंगुलमा कमै परेको विश्व अनुभव हो । नेपालजस्तो मुलुकमा मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिममा रहेको वर्ग, यसबाट पीडित/प्रभावित तथा अभियुक्तहरूसमेतका लागि उपयुक्त ज्ञान तथा सीपमूलक तालिम र रोजगार व्यवस्थाको खाँचो छ ।

४. **सूचना तथा तथ्याक्त प्रणालीको अभाव** : सत्यतथ्य सूचना तथा तथ्याङ्कबिना व्यावहारिक योजना तथा कार्यान्वयन योग्य कार्यक्रम तर्जुमा हुन सक्दैन । त्यो कागजमा सीमित परिकल्पनामात्र हुन पुग्दछ । । यसै पनि व्यवस्थित एवं सुदृढ सूचना तथा तथ्याङ्क प्रणाली अभावको स्थितिमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी सूचना तथा तथ्याङ्क प्राप्त गर्न सजिलो छैन । त्यसमाथि खण्डीकृत तथ्याङ्कको अभाव छँदैछ । यसले सम्पूर्ण प्रणालीकै क्षमता विकासमा चुनौती ल्याएको पाइन्छ ।

५. **क्षमता विकासको अवसरमा कमी** : सामान्यतः बेरोजगार तथा गरिबीमा बाँच्नुपर्ने अवस्थामा रहेको वर्ग

वाद्यात्मक परिस्थितिमा मानव बेचबिखन तथा ओसारपसारजस्तो अपराधजन्य कार्यमा लागेको पाइन्छ । खासगरी बहुविपन्नताग्रस्त व्यक्तिहरू नै ज्ञान तथा सीपबिनै अवसरको खोजीमा रहेका हुन्छन् । उनीहरूलाई क्षमता विकासको अवसर नै प्राप्त हुदैन वा कम हुन्छ । यसरी अवसरको अभावमा मानव बेचबिखनजस्तो निकृष्ट कार्यतर्फ धकेलिन पुग्दछन् ।

६. **सचेतना** : व्यक्ति स्वयं सचेत र सक्रिय नभएसम्म मानव बेचबिखनका घटनाहरू नियन्त्रण गर्न ज्यादै कठिन छ। नेपाल सरकारले खाडिमुलुकमा घरेलु कामदारमा जान रोक लगाएको अवस्थामा समेत कतिपय व्यक्तिहरू थाहा हुँदाहुँदै भारत, बंगलादेश लगायतका देशको बाटो हुँदै अवैधानिक तरिकाले जाने गरेको पाइन्छ। तसर्थ व्यक्ति स्वयं पनि यसतर्फ सचेत नभएसम्म यो नियन्त्रण हुन निकै कठिन छ।

## ४.५ समन्वय, सहयोग र सहकार्य

१. एकीकृत पहलको अभाव : मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षणका लागि विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरू आआफ्नै तवरमा संलग्न रहँदै आएका छन्। आवश्यक स्रोत साधन जुटाउन र यसको प्रभावकारी व्यवस्थापनका लागि सरोकारवालाहरूबीच अपेक्षित समन्वय, सहयोग र सहकार्य भइरहेको पाइदैन। संरक्षणका तौर तरिका तथा मापदण्डमा एकरूपता कायम हुन सकेको देखिदैन। सीमित साधनको उच्चतम प्रयोगका लागि सुदृढ समन्वय, सहयोग, सहकार्य तथा साझेदारी जरुरी छ।

२. सहजीकरणको अभाव : आन्तरिक तथा बाह्य दुवै बजारमा मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू बढीरहेका छन् । सीमाविहीन भौगोलिक क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसारपसारको घटना नियन्त्रण कार्य ज्यादै चुनौतीपूर्ण भइरहेको स्थिति छ। खासगरी मानव बेचबिखनको बाह्य बजारबाट पीडित/प्रभावित व्यक्तिहरूलाई स्वदेश फिर्तीका लागि एकभन्दा बढी देशहरूबीच समन्वय गरी सहज वातावरण सिर्जना गर्न कठीन छ। यसका लागि सरकारी स्तरबाटै सहजीकरणको वातावरण सिर्जना हुन आवश्यक छ।

३. निरन्तर प्रयासको अभाव : मानव बेचबिखन तथा ओसारपसारको गतिविधि हिँजोआज सुरु भएको नयाँ नौलो घटना होइन। यो सदिऔंदेखि चल्दै आएको घटना हो। यसको नियन्त्रणका लागि विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्धसमेत स्थापित छन्। कैयौं राष्ट्रिय कानुन बनेका छन्। तर, मानव बेचबिखन नियन्त्रणका लागि व्यवहारतः त्यस बमोजिमको अपेक्षित निरन्तर सत्प्रयास भइरहेको भने कमै देख्न पाइन्छ । अतः यी अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्ध, कानुन तथा सामाजिक सांस्कृतिक प्रचलनहरूको अभ्यासबीच तादात्म्य ल्याई प्रभावकारी ढंगले मानव बेचबिखन नियन्त्रण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमै निरन्तर प्रयास हुन जरुरी छ।

## ४.६ निष्कर्ष

आजको विश्वमा मानव बेचबिखन तथा ओसारपसारको घटना बहुरूपमा घटिरहेको छ। यसको प्रकृति बहुआयामिक, अन्तर्देशीय तथा बहुक्षेत्रगत हुँदै आएको देखिन्छ। सङ्गठितरूपमा विश्वभर घटिरहेको यो एउटा अक्षम्य अपराधमात्र नभइ एक्काइसौँ सताब्दीको मानव सभ्यताका लागि कलंक पनि हो। वास्तवमै यो समस्याले विकासको गतिसँगै नयाँ आयामसहित थप जटिल रूप लिँदै आइरहेको छ। कुनै एक्लो देशको प्रयासबाटमात्र यसको निरोध, नियन्त्रण र निराकरण सम्भव देखिँदैन।

विगतमा नेपालाई चेलीबेटी बेचबिखनको स्रोत मुलुक मानिन्थ्यो । उनीहरूको बेचबिखनको बजार अर्थात गन्तब्य मुलुकको रूपमा भारतलाई लिइन्थ्यो । अबको स्थिति त्यस्तो रहेन । भारतबाहेक भारतको मार्ग हुँदै नेपालीहरूको खासगरी महिला र बालबालिकाको एसिया, अरब, अफ्रिका, युरोप र अमेरिकाका अन्य विभिन्न मुलुकमासमेत बेचबिखन तथा ओसार पसार हुन थालेको धेरै भइसकेको छ। यस कार्यलाई नेपाल भारतबीचको खुला सीमानाले सरल तुल्याएको देखिन्छ। यसको प्रवाहलाई नेपाल भारतबीच सीमानामा रहेको वर्तमान निगरानी प्रणालीले रोक्न सक्ने स्थिति देखिएको छैन । भारतबाहेक राहदानी र प्रवेशाज्ञा चाहिने अन्य मुलुकहरूमासमेत यसको सञ्जाल फैलिइसकेको तथ्य सार्वजनिक भइरहेका छन् । यसरी

विदेशी नागरिकसँग विवाह गराइ विदेशी नागरिकता नै प्राप्त गराई सजिलै रोजगारी दिलाइदिने समेतको लोभ लालशा तथा अनेक सपना देखाई सङ्गठित रूपमा दलालहरूले बेचबिखनमा पारी पीडित/प्रभावित बनाएका नेपालीहरूको संख्या दिनानुदिन बढीरहेको यसै प्रतिवेदनको विभिन्न भागमा प्रस्तुत गरिएको पीडितहरूको तथ्यांकले पुष्टि गर्दछ।

नेपालमा कैयौं व्यक्तिहरूका लागि अद्यापि बाध्यात्मक श्रममा बाँधिनुपर्ने अवस्था कायमै रहेको पाइन्छ। औपचारिक अनौपचारिक रूपमा कृषि, उद्योग, वन, निर्माण, यातायातजस्ता क्षेत्रमा कमैया श्रम विद्यमान छ। बसाइसराई र बढ्दो जनसंख्याका कारण सहरीकरणमा विस्तार भइरहेको छ। खासगरी मनोरञ्जन, होटेल, पर्यटन आदि क्षेत्रमा यौन शोषणका लागि मानव बेचबिखन तथा ओसारपसारले प्रश्रय पाइरहेको छ। देशभित्र पर्याप्त रोजगारीको सिर्जना भइरहेको अवस्था छैन। यसले गर्दा वैदेशिक रोजगारमा जानैपर्ने बाध्यता बढ्दो छ। वैदेशिक रोजगारीका नाममा ठगी, ढाँट, छलकपट र ललाइफकाइमा परी कैयौं नेपालीहरू विदेशमा बेचिन पुगेका छन्। बालविवाह, छुवाछूत, कमैया, हरूवाचरुवा, हलिया प्रथालाई कानुनतः बन्देज गरिएको तथा नेपाली समाजमा रहेको घरेलु तथा महिला हिंसा नियन्त्रणका लागि अनेक कानुनी व्यवस्था गरिएको भएपनि मानव दासत्व र बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्य रोकिएको अवस्था छैन।

अशिक्षा, गरिबी, बेरोजगार, प्राकृतिक प्रकोप नेपालीहरूको बाध्यता भएको छ। बाँच्नका लागि इच्छाविपरीतको निकृष्ट काम पनि स्वीकार्नु पर्ने बाध्यता देखिन्छ। उनीहरूका लागि न्यून आर्थिक-सामाजिक हैसियतका कारण बेचबिखन तथा ओसारपसारमा पर्न सक्ने जोखिम बढी छ। अन्तर्राष्ट्रिय श्रम बजारमा व्यावसायिक यौनका लागि खासगरी कम उमेरका महिला, किशोरी, युवा र बालबालिकाको माग अत्यधिक रहेको वर्तमान अवस्थामा उनीहरूलाई बेचबिखनमा पार्न गाह्रो छैन। यसका लागि आफ्नै परिवारका, नातागोताका र छिमेकका परिचितहरू नै दलाली गर्ने हुँदा यसको नियन्त्रण अरू जटिल हुन पुगेको देखिन्छ। अरुले अनुचित लाभ लिएको देखासिखी गरी धन कमाउने लोभमा मानव बेचबिखन तथा ओसारपसारको कार्यमा लाग्नेको संख्या बढ्दो छ। वैदेशिक रोजगार खोजीको क्रममा बेचबिखन तथा मानव तस्करीको शिकार हुन पुग्नेहरूको संख्या बढ्दो छ।

मानव बेचबिखनका दलाल, पीडक तथा अपराधीहरूलाई कानुनी दायरामा ल्याउन राजनीतिक दल, समाज, परिवारका सदस्य, तथा आफन्तहरूको दबाबका कारण कठिन हुने अवस्था छ। परम्परागत समाजमा अपराध सहने प्रवृत्ति कायम छ। सामाजिक मान्यताअनुरूप मानव बेचबिखनजस्तो जघन्य अपराधलाई पनि मेलमिलापमा टुंग्याउने अभ्यास छ। अपराधीलाई थोरै हर्जानामै क्षमा दिने प्रचलन बलियो छ। मानव बेचबिखनजस्तो फौजदारी अभियोगलाई पनि पीडक-पीडितबीच रकम लेनदेनमा टुँग्याइने गरिएको पाइन्छ। अर्कोतर्फ, बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूप्रति समाजको नकारात्मक दृष्टिकोण तथा सामाजिक लाञ्छनाका कारण पीडित/प्रभावितहरू बारम्बार पीडित भइरहनुपर्ने अवस्थाले निरन्तरता पाइरहेको देखिन्छ। पीडक तथा दलालहरूको धम्कीका कारण अपराधविरुद्ध उजुरी दिन पीडितहरूले डर मान्नु गर्ने स्थिति कायम छ। पीडित/प्रभावितहरूले उचित संरक्षण, सुरक्षा, क्षतिपूर्ति एवम् न्यायको अनुभूति गर्न सक्ने अवस्था सिर्जना हुन सक्ने स्थिति विकास भएको छेन। कैयौं मानव बेचबिखन  घटनाको अनुसन्धान अभियोजन नहुनेमात्र हैन, बाहिर उजागर नै हुँदैन। यसले गर्दा दलालहरू झन प्रोत्साहित हुन पुगेका छन्। मानव बेचबिखनको घटना बढिरहेको छ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि बृहत् राष्ट्रि नीति (Comprehensive Policy) को अभाव छ। बेचबिखनप्रति समान धारणा (Consensus) बन्न सकेको छैन। यसले गर्दा मानव बेचबिखन तथा ओसारपसारजस्तो बहुआयामिक, बहुक्षेत्रगत समस्याले राष्ट्रिय मुद्दाको रूपमा प्राथमिकता पाउन सकेको देखिँदैन। यसैगरी मानव बेचबिखन समस्याबारे गहिरो अध्ययनको अभावका कारण सत्यतथ्य र पर्याप्त सूचना तथा तथ्याङ्क पाउन गाह्रो छ। यसले गर्दा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध व्यवहारिक रूपमा कार्यान्वयनयोग्य कार्ययोजना तथा कार्यक्रमहरू निर्माण हुन सकेको देखिँदैन। सरकारी निकाय र गैरसरकारी संस्थाहरूबीच समन्वय, सहयोग र सहकार्यको अभावमा मानव बेचबिखनसम्बन्धी ऐन, नियमावली, आवधिक योजना, कार्ययोजना, कार्यान्वयन योजना, निर्देशिका, कार्यविधि, मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्।

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लागू गरेको “मानव बेचबिखन तथा ओसार

पसारविरुद्ध राष्ट्रिय कार्ययोजना, २०६८" र यसको "कार्यान्वयन योजना, २०७१" कार्यान्वयनमा रहेको छ । दश वर्षको अवधिभित्र मानव बेचबिखन तथा ओसारपसारको आपराधिक क्रियाकलापलाई योजनाबद्ध ढंगले नियन्त्रण गर्नका लागि सम्पादन गरिने विस्तृत रणनीति तथा कार्यक्रमहरूको विवरणसमेत लागू गरिएको यो कार्ययोजना तथा कार्यान्वयन योजना अपेक्षितरूपमा प्रभावकारी हुन नसकेको यसको मध्यावधि मूल्यांकन प्रतिवेदनले देखाएको छ । कार्ययोजना कार्यान्वयन अवधिबीच आएको नयाँ संविधान तथा नयाँ संघीय शासन प्रणालीको सुरुआतसँगै राज्यको पुनरसंरचनामा पुराना संरचना रहने नरहने अन्यौलता तथा दक्ष जनशक्ति र साधनस्रोतको कमीले यसमा असर गरेको पाइन्छ । प्रायः सबै प्रयासहरू तत्कालको अल्पकालीन राहतजन्य क्रियाकलापमा केन्द्रित रहेको देखिन्छ । मूलरूपमा मानव बेचबिखन तथा ओसारपसार रोकथामका लागि दीर्घकालीन प्रयास/उपाय अबलम्बन भइरहेको अवस्था छैन । बेचबिखनबाट पीडित/प्रभावितहरूको तत्काल उद्धारपश्चात पुनर्स्थापना, पुनः एकीकरण र जीविकोपार्जनका कार्यक्रमहरू प्रभावकारी र दिगो लाग्दैनन् । अभियुक्तहरूलाई अपेक्षित मात्राको कानुनी कारबाही भएको पाइदैन । खासगरी वैदेशिक रोजगारको क्रममा बेचबिखन तथा ओसारपसारमा परेका पीडितहरूका अभियुक्तहरूलाई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानुनका आधारमा कारबाही हुनुपर्नेमा वैदेशिक रोजगारका नाममा वैदेशिक कानुनअन्तर्गत कारबाही गर्ने अभ्यास बढी देखिन्छ । यसले गर्दा मानव बेचबिखनका अभियुक्तहरूले सजिलै उन्मुक्ति पाइरहेको र वैदेशिक रोजगारका क्रममा बेचबिखनमा परी श्रम शोषण र यौन शोषणमा पर्न गएका पीडित/प्रभावितहरू थप अन्यायमा परिरहेको अवस्था छ । अभियुक्तहरूलाई खास सम्बन्धित कानुनअनुसारको सजाय र जेलनेलको डरत्रास नहुँदा मानव तस्करी र बेचबिखनका घटना रोकिनुको सट्टा दोहोरिरहेको स्थिति देखिन्छ ।

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अध्ययन अनुसन्धान कार्यमा लगानी भएको पाइँदैन । खोजमूलक अध्ययनको अभावमा मानव बेचबिखनसम्बन्धी आधिकारिक सूचना तथा तथ्याङ्क कतै पाइँदैन । सूचना व्यवस्थापन प्रणाली कमजोर रहेको छ । खण्डिकृत तथ्याङ्क कतै पाइदैन । सेवाभन्दा नाफामुखी उद्देश्यले बजारमा फस्टाउँदै गइरहेका वैदेशिक रोजगारका एजेन्सीहरू, सांस्कृतिक/सांगीतिक कार्यक्रमका नाममा विदेश यात्रा गराउने कम्पनी, विदेशी नागरिकसँग विवाह गराइदिने (Marriage Bureau) संस्था, मनोरञ्जन क्षेत्रमा कार्यरत विभिन्न किसिमका व्यावसायमूलक संस्थाहरूबाट पूर्ण रूपमा कानुनको पूर्ण रूपमा पालना नहुनु, श्रम तथा यौन शोषणविरुद्ध आचारसंहिता लागू नहुनुजस्ता कारणले मानव बेचबिखनका घटनाहरू बढीरहेको स्थिति देखिन्छ । नियमन प्रणाली कमजोर रहनु, जिम्मेवार निकायहरूबाट नियमित अनुगमनको अभावजस्ता अवस्थाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण हुन सकेको पाइँदैन । यसको प्रभावकारी नियन्त्रणका लागि मानव बेचबिखन तथा ओसारपसार कार्यको प्रकृति, प्रभाव र यसको निराकरणका उपायहरूबारे विस्तृत अध्ययन अनुसन्धानको खाँचो देखिन्छ ।

नेपाल मानव अधिकार, महिला अधिकार र बाल अधिकारसम्बन्धी अधिकांश अन्तर्राष्ट्रिय महासन्धि, अनुबन्ध र इच्छाधीन आलेखहरूको पक्ष राष्ट्र भइसकेको अवस्था छ । तर, मानव बेचबिखन, मानव तस्करी, आप्रवासी कामदारहरूको अधिकार तथा घरेलु कामदारहरूको अधिकारजस्ता केही महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजहरू भने अद्यापि अनुमोदन गरिएका छैनन् । मानव बेचबिखन नियन्त्रणको आन्तरिक व्यवस्थापन मिलाउन पनि यस्ता दस्तावेजहरू स्वीकारिनु जरुरी देखिन्छ । अनुमोदन गरिसकिएका, उदाहरणार्थ, सार्क महासन्धिलगायतका अनुबन्धहरूको प्रावधान कार्यान्वयनका लागि आवश्यक पारस्परिक कानुनी सहायता, सुपुर्दगी र नेपाली श्रमिकहरूको हितबारे द्विपक्षीय र बहुपक्षीय प्रबन्ध मिलाउने कार्य चाँडोभन्दा चाँडो सम्पन्न गरिनु आवश्यक छ । यसबाट सङ्गठित रूपमा सीमा वारपार घट्ने अन्तरदेशीय अपराध-मानव बेचबिखनको घटना नियन्त्रण गर्ने कार्यमा सहयोग पुग्ने देखिन्छ ।

## ४.७ सुझाव

नेपाली समाजमा मानव बेचबिखन तथा ओसारपसारको समस्याले एक अर्थमा एउटा संरचनागत (Structural) र अंगीय (Systemic) रूप लिइसकेको अवस्था देखिन्छ । नेपालले संघीय शासन प्रणाली अबलम्बन गरेको चारवर्ष पुगेको छ । पुरानो संरचना समाप्त भइ राज्य तीन तहमा पुनर्संरचित भएको छ । नयाँ राज्य संरचनाअनुकूल नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था मिलाउने क्रम अद्यापि जारी छ । नयाँ संरचना सुदृढ हुने क्रममै छ । यसै क्रममा मानव बेचबिखन तथा ओसारपसारजस्तो सङ्गठित अपराध निर्मूल गर्नका लागि आवश्यक नयाँ कानुनी तथा संस्थागत व्यवस्था मिलाउँदै जान आवश्यक छ । तीनै

तहका राज्य प्रणालीमा संविधानप्रदत्त अधिकारबमोजिम मानव बेचबिखन तथा ओसारपसारको समस्या निराकरणका लागि उपयुक्त व्यवस्था गरिनु पर्दछ । तत्काल साविकका कार्ययोजना तथा कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सरोकारवालाहरूको दायित्व तथा भूमिकालाई समायोजन गरिनु जरुरी भइसकेको छ। यसलेमात्र मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा हालसम्म प्राप्त परिणामलाई जगेर्ना गरी सबै सरकारी निकाय, गैरसरकारी क्षेत्र, नागरिक समाज तथा विकासका साझेदार तथा सरोकारबीचको सहयोग, समन्वय एवं सहकार्यलाई स्पष्ट पारी आगामी दिनहरूमा मानव बेचबिखन नियन्त्रणको कार्य सम्पादनमा सहजता ल्याउने छ।

राष्ट्र समृद्धिका लागि राजनीतिक इच्छाशक्ति तथा प्रशासनिक इमान्दारिता आधारभूत आवश्यकता हुन् । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको समस्या निराकरणमा पनि राजनीतिक इच्छाशक्ति तथा प्रशासनिक इमान्दारिता उत्तिकै आवश्यक छ।

मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१ लाई आधार मानी तयार गरिएको प्रस्तुत प्रतिवेदन लेखनका क्रममा बेचबिखन नियन्त्रणका लागि उपलब्ध हुन आएका सुझावहरू समेतको आधारमा यस कार्यमा संलग्न विभिन्न निकाय तथा संघ-संस्थाहरूले ध्यान दिनुपर्ने बुँदाहरू तल प्रस्तुतगरिएको छ।

### ४.७.१ निरोध (Control)

रोगको उपचार गरिराख्नुभन्दा रोग नै लाग्न नदिनु एक आदर्श अपेक्षा हो । निरोधको मूल उद्देश्य घटना घट्नै नदिनु हो। मानव बेचबिखन तथा ओसारपसार कार्यको निरोध/रोकथामअन्तर्गत खासगरी बेचबिखनको दृष्टिले जोखिमको पहिचान, स्थानीय संरचना निर्माण, जनसञ्चार तथा जनचेतना अभिवृद्धि, जोखिमयुक्त वर्ग समूहको सशक्तीकरण जस्ता कार्यहरू पर्दछन्।

१. मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ कार्यान्वयनका लागि तोकिएको अवधि १० वर्ष हो। यसको मध्यावधि मूल्यांकन प्रतिवेदन प्रकाशन भइसकेको छ। यो कार्ययोजना तथा यसको कार्यान्वयन योजना, २०७१ ले राखेको उद्देश्य प्राप्तिका लागि तोकिएका कार्यक्रमप्रति कतिपय जिम्मेवार निकायहरू खारेज भइसकेका छन् भने कतिपय क्रियाशील देखिदैनन् । अतः राज्यले अवलम्बन गरेको नयाँ शासन प्रणालीअन्तर्गत विभिन्न सरोकारवालाहरूलाई यो कार्ययोजनाले तय गरेको रणनीति, कार्यक्रमहरू तथा जिम्मेवारीबारे पुनः जानकारी गराउने कार्य गर्ने/गराउने ।

२. मानव बेचबिखन तथा ओसारपसारको चंगुलमा जुनसुकै तप्कातहका व्यक्तिहरू पर्न सक्दछन्। तर यस कार्यमा संलग्न दलालहरूको आँखामा प्रायः बढीमात्रामा अप्ठारो अवस्थामा रहेका, सामाजिक विभेदमा परेका, गरिब, विपन्न, अशिक्षित वर्ग/समूह परेको अभिलेख पाइन्छ। यसको अर्थ, मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले विशेषगरी विपन्न र विभेदमा परेका समूह र समुदाय बढी जोखिममा रहेका हुन्छन् । अतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सञ्चालन गरिने कार्यक्रमहरू पनि बढी मात्रामा जोखिम वर्गमा केन्द्रित गरिनुपर्ने ।

३. मानव बेचबिखन तथा ओसारपसारबारे आमनागरिकलाई जानकारी गराउन आवश्यक देखिन्छ । यसको नियन्त्रण कार्यमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू आआफ्नै ढंगले क्रियाशील रहेको पनि देखिन्छ। यसरी मानव बेचबिखन नियन्त्रणकाबारे आमरूपमा बढीभन्दा बढी व्यक्तिहरूमा सचेतना बढाउन सञ्चालन गरिने कार्यक्रमहरूलाई प्रभावकारी बनाउन यस कार्यमा संलग्न निकायहरूबीच सम्पर्क, समन्वय, सहयोग तथा सहकार्य बढाई एकीकृत पहल गरिनुपर्ने ।

४. मानव बेचबिखनविरुद्धको शिक्षालाई जनस्तरसम्म पुऱ्याई सबै तहमासचेतना ल्याउन जरुरी छ। त्यसको लागि संघ, प्रदेश तथा स्थानीय तहका सबै निकायहरूबाट सञ्चालन हुने सबै किसिमका कार्यक्रमहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, मानव तस्करी रोकथाम, लैङ्गिक समानता, घरेलु हिंसा अन्त्य र सुरक्षित आप्रवासनजस्ता विषयहरूलाई अनिवार्य रूपमा समावेश गर्ने ।

५. देशभित्रको आन्तरिक बजारमा हुने मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई पूर्णतः निरुत्साहित गरिनु पर्दछ । यसका लागि विशेष, स्पष्ट र कडा कानुन लागू गरी यसको प्रभावकारी नियमन, कार्यान्वयन तथा अनुगमन प्रणालीको विकास गर्ने ।

६. मानव बेचबिखन तथा ओसारपसारबारे निरन्तर अध्ययन अनुसन्धानको अभाव छ । खासगरी बेचबिखनको जोखिममा रहेका समूह तथा पीडित/प्रभावितहरूबारे सत्यतथ्यमा आधारित वास्तविक स्थिति पत्ता लगाउन छुट्टै अध्ययन अनुसन्धान तथा सूचना व्यवस्थापन प्रणाली अवलम्बन गर्ने ।

७. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रत्येक छापा तथा विद्युतीय सञ्चार माध्यमहरूलाई परिचालन गर्ने । यसरी मानव बेचबिखन, मानव तस्करी, बालविवाह, लैंगिक हिंसा, छुवाछूत आदिजस्ता हिंसाविरुद्धका विषयहरूबारे आम सचेतना जगाउने सञ्चार माध्यमलाई प्रोत्साहन, सम्मान तथा पुरस्कृत गर्ने ।

८. देशको कुनाकाप्चा बस्तिबस्तिदेखिनै मानव बेचबिखन तथा मानव तस्करी रोक्नका लागि स्थानीय तहको वडास्तरसम्म मानव बेचबिखनसम्बन्धी सूचना प्रवाह गर्ने वडास्तरीय सूचना तथा परामर्श केन्द्रहरू स्थापना गरी क्रियाशील राख्ने व्यवस्था गर्ने ।

### ४.७.२ संरक्षण

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ ले मूलतः मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको संरक्षणका लागि उनीहरूको आवश्यकता पहिचान, उद्धार, स्वदेश फिर्ती, संरक्षण सेवा सुविधा, परिवार तथा समुदायमा पुनर्मिलन र पुनः एकीकरण आदिमा जोड दिएको छ ।

१. मानव बेचबिखन तथा ओसारपसारविरुद्ध विद्यमान नीति तथा कानुनलाई वर्तमान संविधानको मर्मअनुकूल समायोजन गरी पीडित/प्रभावितहरूको अधिकारमुखी बनाउने ।

२. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन तथा नियमावलीबमोजिम मानव बेचबिखन तथा ओसार पसारबाट पीडित/प्रभावितहरूलाई व्यवस्थित एवं सहज ढंगले उद्धार तथा स्वदेश फिर्ती गर्न पीडितमैत्री विधि अवलम्बन गर्ने ।

३. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षणका लागि नेपाल सरकारबाट विभिन्न जिल्लामा पुनर्स्थापना केन्द्र, सेवा केन्द्र र अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएका छन् । यी विभिन्न किसिमका केन्द्रहरूबाट पीडित/प्रभावितहरूलाई प्रदान गरिने निश्चित सेवाहरूका लागि राष्ट्रिय न्यूनतम मापदण्डलागू गरिएको छ । पीडित/प्रभावितहरू लाई प्रदान गरिने सेवाको एकरूपता तथा समयानुकूल स्तरोन्नतीका लागि न्यूनतम मापदण्डमा परिमार्जन गर्ने ।

४. मानव बेचबिनबाट पीडित/प्रभावितहरूका लागि सरकारी सहयोगबाहेक गैरसरकारी वा निजी क्षेत्रहरूबाट पनि आवधिक संरक्षण गृहहरू सञ्चालनमा रहेका छन् । यी संरक्षण गृहहरू “पुनर्स्थापना गृह सञ्चालन निर्देशिका” ले तोकेअनुसारको गुणस्तरीय सेवा प्रवाह भए नभएको निश्चित गर्न निरन्तर र प्रभावकारी अनुगमनको व्यवस्था गर्ने ।

५. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको रोजगारका लागि देशभर सञ्चालन हुने विभिन्न किसिमका सीपमूलक तालिमहरूमा आरक्षणको व्यवस्था गरी उनीहरूको सहभागिता बढाउने । यसका लागि विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका घरेलु तथा साना उद्योग, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र र केन्द्रमा आबद्ध विभिन्न निकाय तथा रोजगारमूलक तालिम संस्थाहरूबाट सञ्चालन हुने भिन्नभिन्न प्रकारका कार्यक्रम नै पर्याप्त हुने देखिन्छ ।

६. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको पूर्ण संरक्षणका लागि उनीहरूको पुनः

पारिवारिक मिलन र सामाजिक एकीकरण नै समस्या समाधानको दीर्घकालीन उपाय हो । तर यो कार्य जबर्जस्ती हुनु हुँदैन । पीडितहरूको आवश्यकता र इच्छाअनुकूल हुनुपर्दछ । यसका लागि निजी क्षेत्रको सामाजिक दायित्व (Corporate Social Responsibility) अन्तर्गत उनीहरूसँगको सहकार्य, साझेदारी कार्यक्रम उपयुक्त र दिगो प्रणाली हुन सक्दछ ।

### ४.७.३ कानुनी कारबाही

मानव बेचबिखनका अभियुक्तहरूलाई दण्ड सजाय र पीडितका लागि राहत तथा क्षतिपूर्तिको व्यवस्थाका लागि मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१ ले मूलतः बेचबिखन नियन्त्रणसम्बन्धी कानुन परिमार्जन र निर्माण, उपयुक्त न्यायिक प्रणालीको विकास, द्रुत र प्रभावकारी न्याय प्रदानजस्ता विषयहरू समेटेको देखिन्छ ।

१. खासगरी बेचबिखनको जोखिमोन्मुख स्थानीय जनसमुदायमा शिक्षा र चेतनाको कमी देखिन्छ। मानव बेचबिखत तथा ओसारपसार नियन्त्रणसम्बन्धी कानुनकाबारे धेरै जसो महिलाहरू सचेत छैनन् । यसैले जोखिमोन्मुख स्थानीय जनसमुदायका लागि मानव बेचबिखनबारे सचेतना कार्यक्रम र कानुन कार्यान्वयन निकाय तथा सरोकारवालामा मुख्यगरी मानव बेचबिखनसम्बन्त्री कानुनबारे शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

२. मानव बेचबिखन तथा ओसारपसारको क्षेत्र व्यापक हुँदै आइरहेको छ। श्रम शोषण, यौन शोषण, गैरकानुनी अङ्ग प्रत्यारोपण, दासता, मानव तस्करीजस्ता सबै विषयहरू मानव बेचबिखनको परिभाषाअन्तर्गत पर्न आउँछन् । कानुनहरू भने विषयअनुसार भिन्न-भिन्न रहेका हुन्छन् । फरक कानुन फरक निकायहरूबाट कार्यान्वयन हुन्छन् । यसले गर्दा मानव बेचबिखनका दलाल अभियुक्तहरूले सजिलै उन्मूक्ति पाउन सक्ने स्थिति सिर्जना हुन पुग्दछ। मानव बेचबिखन नियन्त्रण कार्यलाई प्रभावकारी बनाई यसका अभियुक्तहरूलाई कानुनको दायरामा ल्याउन स्वदेश वा विदेशमा हुने सबैखाले श्रम शोषण, यौन शोषण, गैरकानुनी अङ्ग प्रत्यारोपण तथा दासताजस्ता मानव बेचबिखन एवं मानव तस्करीसम्बन्धी कानुन तथा निकायहरूबीच तादात्म्य कायम गर्ने ।

३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कानुनहरू पीडित/प्रभावितमैत्री हुन आवश्यक छ । साथै, कानुन कार्यान्वयन गर्ने निकायहरूमा पीडित/प्रभावितमैत्री वातावरण हुनु पर्दछ। पीडित/प्रभावितमैत्री वातावरण निर्माणका लागि कानुन कार्यान्वयन गर्ने निकायहरूले पालना गर्नुपर्ने विधिहरूको अनिवार्य व्यवस्था गर्ने ।

४. मानव बेचबिखत तथा ओसारपसारको कार्यमा संलग्न अभियुक्तहरूको पहिचान र उनीहरूलाई फरार हुनबाट रोक्न सुराकी परिचालनको व्यवस्था गरिनु पर्दछ। यसले मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूको खोजमूलक कारबाहीलाई प्रभावकारी बनाउने छ।

५. धेरै व्यक्तिहरू रोजगारीको खोजीको क्रममा मानव बेचबिखन कार्यमा संलग्न दलालहरूको चंगुलमा फस्न पुगेका हुन्छन् । अर्थतन्त्रको मूलतः अनौपचारिक क्षेत्रमा अनौपचारिक ढंगले श्रम शोषण भइरहेको स्थिति छ। श्रम शोषण पनि मानव बेचबिखन नै हो। अतः खासगरी स्वदेशी वा वैदेशिक रोजगारसम्बन्धी कानुन निर्माण तथा श्रमसम्बन्धी कानुन तर्जुमाकाबखत समाजमा हुन सक्ने मानव बेचबिखन तथा मानव तस्करीका क्रियाकलापहरू नियन्त्रण गर्ने उपायकाबारेसमेत ध्यान पुऱ्याइनु पर्दछ।

### ४.७.४ क्षमता विकास

६. देशभर महिला मुद्दाका सवालमा धेरै किसिमका सञ्जालहरू क्रियाशील रहेको पाइन्छ । समयसमयमा यी सञ्जालका विषयविज्ञहरूको अन्तर्क्रिया तथा प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरिनुपर्ने । यसको

संयोजनकारी भूमिकाकालागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिलाई जिम्मेवार बनाइनुपर्ने ।

७. नेपाल सरकारको मानव बेचबिखत तथा ओसारपसार नियन्त्रणसम्बन्धी अद्यावधिक कानुन, कार्ययोजना, मापदण्ड तथा कार्यविधिहरू, दिग्दर्शनहरूबारे विषय विशेषज्ञहरूबाट सम्बन्धित विभिन्न कानुनको हाते पुस्तक तयार गरी वितरण गर्ने ।

८. आप्रवासनकाक्रममा मानव बेचविबखनमा पर्ने जोखिम बढी नै हुने देखिएकोले सुरक्षित आप्रवासनकासाथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरूसँग आवश्यक समन्वय गर्ने/गराउने ।

९. संघ, प्रदेश तथा स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यमा क्रियाशील विभिन्न स्तरका समूह, समिति, समुदायलगायत सबै सरोकारवालाहरूलाई समयसमयमा अभिमुखीकरण, अन्तक्रिर्या, शैक्षिक गोष्ठी तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गर्ने ।

### ४.७.५ समन्वय, सहयोग र सहकार्य

१०. देशभर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले मानव बेचबिखन तथा ओसारपसार विरुद्धमा सञ्चालन गर्ने क्रियाकलापहरूमा दोहोरोपन हटाउने । यसको सुनिश्चितता समाज कल्याण परिषद्ले गैरसरकारी संस्थाहरूद्वारा सचालन हुने आयोजना/परियाजनाको स्वीकृती गर्दाका बखत सुरुमै गर्ने परिपाटी बसाल्ने ।

११. नेपाल र भारतबीच सीमानाकामा हुने गतिविधि समीक्षाका लागि नियमित रूपमा सुरक्षा अधिकारीबीच समयसमयमा हुने बैठकमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सवाललाई पनि नियमित प्रस्तावका रूपमा ग्रहण गरी समस्या समाधानार्थ तुरुन्त पहल गर्ने व्यवस्था मिलाउने ।

१२. मानव बेचबिखनको रोकथाम, पीडितहरूको स्वदेश फिर्ती, अपराधीहरूको सुपुर्दगी तथा आपसी कानुनी सहायता विस्तारका लागि खासगरी दक्षिण एसियाका मुलुकहरूबीच बेश्यावृत्तिक लागि महिला र बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धि, २००२ को प्रावधानमुताविक आपसी सम्बन्ध र समन्वयलाई बढावा दिई निरन्तर सहायता विस्तार गर्दै जाने ।

१३. विषय विज्ञहरूबाट अध्ययन विश्लेषण गराई राष्ट्रको सर्वोपरी हित हुने गरी घरेलु कामदारहरूको अधिकारसम्बन्धी आई.एल.ओ.महासन्धि, आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी महासन्धि तथा अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको महासन्धिको इच्छाधीन आलेख पालेर्मो प्रोटोकल अनुमोदनका लागि पहल गर्ने ।

१४. मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी नियन्त्रणका लागि गन्तव्य मुलुकहरूँग द्विपक्षीय र बहुपक्षीय सम्झौता गर्न विभिन्न देशहरूसँग समन्वय, सहयोग र सहकार्य तथा साझेदारी बढाउने ।

१५. सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारहरूबीच समन्वय र सहकार्य कायम गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि संयुक्त कार्यक्रम सञ्चालन गर्ने ।

## ४.८ मध्यावधि मूल्याङ्कन प्रतिवेदनको सुझाव कार्यान्वयन

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना (२०६८–२०७८) को २०७४ मा गरिएको "मध्यावधि मूल्याङ्कन प्रतिवेदन" ले प्रस्तुत गरेको सुझावसमेतको आधारमा संघीय शासन प्रणालीअन्तर्गत सो राष्ट्रिय कार्ययोजना (२०६८) को सट्टा नयाँ कार्ययोजना तर्जुमा गर्ने ।

## अनुसूची १

## चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारविरुद्ध राष्ट्रिय नीति, २०५२

१. चेलीबेटी बेचबिखन तथा देहव्यापारविरुद्ध जनचेतना बृहत् कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्ने,

२. महिलाहरूमाथिको भेदभाव अन्त्य गर्न कानुनको निर्माण गर्ने,

३. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणसम्बन्धी कार्यक्रम नेपाल सरकार तथा गैरसरकारी संघ, अन्तर्राष्ट्रिय संघ तथा निजी क्षेत्रसमेतलाई संलग्न गराई सञ्चालन गरिने,

४. चेलीबेटी बेचबिखनविरुद्ध चलाउने कार्यक्रमको सम्पर्क बिन्दु (Focal Point) को कार्य महिला तथा समाज कल्याण मन्त्रालयले गर्ने,

५. अन्तर्राष्ट्रिय क्षेत्रमा द्विपक्षीय तथा बहुपक्षीय समन्वय राखी चेलीबेटी बेचबिखन नियन्त्रण गर्नेतर्फ नेपाल सरकारबाट प्रयास गर्ने,

६. यौन शोषणबाट पीडित भएका महिला तथा बालबालिकाहरूलाई शोषण गर्ने पक्षबाट हर्जना दिलाउनेतर्फ आवश्यक व्यवस्था गर्ने,

७. चेलीबेटी बेचबिखन तथा अन्य यौनजन्य रोगको एक आपसमा सम्बन्ध हुने हुँदा यो समस्या समाधान गर्नेतर्फ आवश्यक कदम चाल्ने,

८. नेपाल सरकारबाट महिलाहरूको निम्ति गरिबी निवारण र रोजगार प्रबर्द्धनका लागि उपयुक्त कदम चाल्ने,

९. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण गर्न नेपाल सरकारबाट राष्ट्रिय समन्वय समिति गठन गर्ने । साथै आवश्यकताअनुसार जिल्ला तथा गाउँ तहमा समन्वय समितिहरूको गठन गर्ने,

१०. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणसम्बन्धी विषयमा सूचना संकलन, समन्वय गर्नका निमित्त जिल्ला स्तरमा गठित समन्वय समितिले सम्पर्क केन्द्रको काम गर्ने,

११. औपचारिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारीमूलक कार्यक्रम सञ्चालन गरी चेलीबेटी बेचबिखनमा नियन्त्रण गर्ने,

१२. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि सञ्चालन गरिने कार्यक्रममा सम्पूर्ण राजनीतिक दलहरूको प्रतिबद्धताका लागि प्रयास गर्ने र,

१३. चेलीबेटी बेचबिखन तथा देहव्यापारलाई गैरसरकारी संघ-संस्थाहरूसमेतको सहयोगमा कडाइकासाथ नियन्त्रण गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।

अनुसूची २

## वैदेशिक रोजगार नीति, २०६८ : महिला कामदारका सरोकारलाई सम्बोधन गर्ने रणनीतिहरू

वैदेशिक रोजगारसम्बन्धी कानुन, नीति, कार्यक्रम र आयोजनाहरू लैङ्गिक दृष्टिले विश्लेषण गरी महिलाहरूको सुरक्षालगायतका विशिष्ट आवश्यकताहरू सम्बोधन हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

वैदेशिक रोजगारमा जान चाहने महिलाहरूका लागि श्रम बजारका माग तथा तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी अवसरहरूमा विविधीकरण तथा तदनुरूप सीपमूलक तालिम तथा प्रशिक्षण दिइनेछ।

वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई लक्षित गरी रोजगार पूर्व चरण (Pre-Emppployment Stage) सघनरूपमा सूचनाहरू प्रवाहित गरी उनीहरूलाई सूचनायुक्त छनौट (Informed choice) को अवसर सिर्जना गरिनेछ।

श्रम आप्रवासनको प्रक्रियामा महिलाहरूरुविद्ध हुन सक्ने विभेद तथा हिंसालाई अन्त गरी उनीहरूको हक अधिकार सुनिश्चित गर्न कानुनी तथा संस्थागत उपायहरू अवलम्बन गरिनेछ।

द्विपक्षीय तथा बहुपक्षीय श्रम सम्झौताहरूमा महिलाको सुरक्षाका लागि विशेष प्रावधानहरू समावेश गरिनेछ।

वैदेशिक रोजगारमा गई फर्केर आउने महिला कामदारहरूलाई समाजमा सम्मानपूर्ण पुनः स्थापनाका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुकासाथै वैदेशिक रोजगारप्रति सकारात्मक धारणाको विकास गराउन सचेतना, मनो-सामाजिक सेवाहरू तथा योजना कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव ओसारपसार, बेचबिखन तथा तस्करीलाई रोकथाम गर्नका लागि श्रम आप्रवासनको व्यवस्थापनमा सरकारी, गैरसरकारी स्तरमा कार्यरत विभिन्न सरोकारवालाहरूको अन्तरमुलुक सञ्जालहरूमार्फत समन्वयात्मक कार्यहरू सञ्चालन गरिनेछ।

वैदेशिक रोजगारमा जान चाहने र आर्थिक स्रोत जुटाउन नसक्ने महिलाहरूलाई सहुलियतपूर्ण ऋणको व्यवस्था गरी वैदेशिक रोजगारको अवसरमा उनीहरूको पहुँच बढाइनेछ। महिलाका लागि तर्जुमा भएको विशेष कार्यक्रममा कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहन गरिनेछ।

वैदेशिक रोजगारमा महिलाको सुरक्षा र अधिकारको संरक्षणका लागि मापदण्डहरूको विकास तथा विशेष कार्यक्रम तयार गरी लागू गरिनेछ।

एक हजारभन्दा बढी नेपाली महिला कामदार रहेको मुलुकहरूमा महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको व्यवस्था गरिनेछ।

आप्रवासी कामदारका विषयमा महिलाविरुद्धका भेदभाव उन्मूलनसम्बन्धी समितिको सामान्य सिफारिस नं. २६ (GR26) बमोजिम दुर्व्यवहार र भेदभावको जोखिममा पर्न सक्ने महिलाहरूको सम्बन्धमा उत्पत्तिको मुलुक, बाटोमा पर्ने मुलुक र रोजगारीको मुलुकमा आप्रवासी महिलाहरूको मानव अधिकारको संरक्षण तथा अभिवृद्धिसम्बन्धी व्यवस्थाहरू कार्यान्वयन गरिनेछ।

## अनुसूची ३

## बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा उल्लेख भएका बुँदाहरू

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा उल्लेख भएका बुँदाहरू

- कुनै पनि प्रयोजनका लागि बालबालिकाको बेचबिखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्बन गरिनेछ। (बुँदा ८.७)
- बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूतिसँगै तिनीहरूको परिवार तथा समुदायमा पुनर्स्थापनाको व्यवस्था गरिनेछ। (बुँदा ८.८)
- कुनै बालबालिकालाई नेपालमा पालनपोषण गर्न वा धर्मपुत्र लिने परिवारमा राख्न नसकिने भएमा र नेपालमा निजलाई उचित हेरचाह गर्न नसकिने भएमा एउटा विकल्पकोरूपमा बालबालिकालाई विदेशमा धर्मपुत्र र धर्मपुत्रीकोरूपमा दिन सकिने व्यवस्था गरिनेछ। विदेशमा धर्मपुत्र वा धर्मपुत्री दिँदा नेपालसरहकै सुरक्षा र स्तर भएका देशमा मात्र दिने व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री दिँदा वा लिँदा अनुचित आर्थिक फाइदा लिन नपाउने पर्याप्त व्यवस्था गरिनेछ। अन्तरदेशीयरूपमा धर्मपुत्र वा धर्मपुत्री दिँदा बालबालिकाको बृहत्तर हित, निजको मानव अधिकारको संरक्षण र त्यस्ता बालबालिकाको अपहरण, बेचबिखन वा तिनीहरूको अन्य कुनै किसिमले दुरूपयोग हुने वा नहुनेतर्फ विचार गर्नुपर्ने व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र धर्मपुत्रीसम्बन्धी कानुन र अभ्यास अनुकूल हुने गरी पुनरावलोकन गरिनेछ। (बुँदा ८.२०)
- अपाङ्ग, अनाथ, सडक बालबालिका, सुविधाबाट वञ्चित, द्वन्द्व प्रभावित/आन्तरिक रूपमा विस्थापित र शरणार्थी बालबालिका, बेचबिखन ओसारपसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, जेलमा रहेका, अल्पसंख्यक, दलित र गरिब बालबालिकासमेतको अधिकार संरक्षण गर्नका लागि कानुनमा आवश्यक सुधार गर्ने, सेवा प्रवाहमा न्यूनतम मापदण्ड निर्धारण गर्ने र सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ती बालबालिकाका लागि मनोसामाजिक परामर्श, शिक्षा, सीपलगायत पुनर्स्थापनाका लागि एकीकृत एवं लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। (बुँदा ८.२४)

## अनुसूची ४

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी संवैधानिक तथा संशोधित कानुनी व्यवस्था

(क) **संवैधानिक व्यवस्था :**

मुलुकको मूल कानुन संविधानमा बालबालिका र महिलाका विशेष अधिकारकासाथै अपराध पीडितको हक अधिकारसमेत निम्नबमोजिम प्रत्याभूत गरिएको छ,

(१) **धारा २१** : अपराध पीडितको हक :

उपधारा (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ।

उपधारा (२) अपराध पीडितलाई कानुनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहित न्याय पाउने हक हुनेछ।

(२) **धारा २९** : शोषण विरुद्धको हक :

उपधारा (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमका शोषण गर्न पाइने छैन।

उपधारा (३) कसैलाई पनि बेचबिखन गर्न, बधुँवा वा दास बनाउन पाइने छैन।

(३) **धारा ३९** : बालबालिकाको हक :

उपधारा (५) कुनै बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(ख) **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन** : (लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न  केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२,  केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ अनुसार मानव बेचबिखन तथा ओसारपासार (नियन्त्रण) ऐन, २०६४ को,

(१) दफा ८ को सट्टा देहाएका दफा ८ राखिएको छ :-

८. **अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्ने :**

"प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ४ को उपदफा (१) को खण्ड (घ) को कसुरमा बाहेक यस ऐन अन्तर्गतको अन्य कसुरसम्बन्धी मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसुर गरेको  हो भन्ने विश्वास गर्ने मानासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्ने छ।"

(२) दफा १० को सट्टा देहाएको दफा १० राखिएको छ :-

१०. **कानुन व्यवसायी राख्न सक्ने :**

"यस ऐन अन्तगर्तको कसुरसम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानुन व्यवसायी राख्न सक्नेछ।"

(३) दफा ११ को सट्टा देहाएको दफा ११ राखिएको छ :-

११. **दोभाषे, साङकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने :**

"कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ।"

त्यसरी दोभाषे, साङकेतिक भाषा विज्ञ वा अनुवादक राख्दा लागेको रकममध्ये तोकिएबमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ।

(४) दफा १२ पछि देहाएको दफा १२ क.थपिएको छ :

१२.क. **पारस्परिक कानुनी सहायता आदान प्रदान गर्न व्यवस्था गर्न सक्ने :**

"दफा १२ बमोजिम उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐनअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको न्यायिक कारबाहीमा नेपाल सरकारले प्रचलित कानुनबमोजिम पारस्परिक कानुनी सहायता प्राप्त गर्नका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।"

(५) दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई कसुरदारबाट ऐनको दफा १७ को उपदफा (१क) बमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनका लागि नेपाल सरकारको एक पुनर्स्थापना कोष स्थापना गर्नेछ।"

(६) दफा १५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) मा राखिएको छ :-

"(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयानविपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, पहिले आफूले दिएको वयान वा सूचनाका आधारमा कसैकाविरुद्ध कारबाही चलिसकेपछि सोसम्बन्धी सत्य तथ्य ढाँटेमा, नियतबस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिना देखि एक वर्षसम्म कैद हुनेछ।"

(७) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

१६. **सजाय नहुने :**

"आफूलाई किन्न, बेच्न वा बेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा बेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नुपर्ने मनासिव आधार भई निजले कुनै ठाउँबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग नगरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने, जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारका चोटपटक लाग्न गएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन।"

(८) दफा १७ को,

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसुरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ।"

(ख) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) वा (१क) बमोजिमका" भन्ने शब्द राखिएका छन्।

(९) दफा २६ मा रहेका "वकपत्रको आधारमा" भन्ने शब्दहरूको सट्टा "वकपत्र वा महिला मानव अधिकारको रक्षाका लागि खटिएका अधिकारकर्मीले पीडितलाई सहयोग उपलब्ध गराएको आधारमा" भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा २६ पछि देहायको दफा २६क. मा थपिएको छ :-

"२६क. साक्षीलाई दैनिक तथा भत्ता दिनुपर्ने :

(१) यस ऐनअन्तर्गतको मुद्दामा नेपाल सरकारकातर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले प्रचलित कानुनबमोजिम पाएसरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकिल कार्यालयले उपलब्ध गराउनुपर्नेछ।

(२) कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले उपदफा (१) अन्तर्गतको मुद्दामा अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानुनबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज वहाल रहेको कार्यालयले उपलब्ध गराउनुपर्नेछ

## अनुसूची–५

## राष्ट्रिय महिला आयोगमा परेका मानव बेचबिखन तथा ओसारपसारविरुद्धका उजुरीहरूको विवरण

### आ.व.२०७५/७६ मा आयोगमा परेका उजुरीसम्बन्धी विवरण

| क्र.सं. | महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा | ल्याक | सेलर्ड | बार एशोसि | साथी/सीविन | अन्य निकाय | सहमति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्रावण | १३२ | १७ | १४९ | ३३ | ४ | १२ | ६ | ४१ | ३४ | |
| २ | भाद्र | ९९ | १३ | ११२ | ३० | २ | ९ | ४ | ३१ | ३२ | |
| ३ | असोज | ११३ | ८ | १२१ | २१ | ० | ८ | ११ | १७ | ३२ | |
| ४ | कार्तिक | ६३ | १४ | ७७ | २४ | ० | ३ | २ | १६ | १७ | |
| ५ | मंसीर | १०७ | ८ | ११५ | ३७ | ३ | ८ | ९ | ३० | ३० | |
| ६ | पौष | १०० | ९ | १०९ | १९ | १ | ७ | ६ | २३ | २२ | |
| ७ | माघ | १०४ | १५ | ११९ | २६ | ० | ८ | ५ | १५ | १६ | |
| ८ | फागुन | १०० | १९ | ११९ | ३४ | ४ | १० | १४ | १६ | १८ | |
| ९ | चैत्र | ९७ | ७ | १०४ | ३२ | ० | ७ | ८ | १९ | १६ | |
| १० | बैशाख | ११८ | २३ | १४१ | ३७ | १ | १२ | १४ | २७ | १५ | |
| ११ | जेठ | १३६ | १० | १४६ | २७ | ३ | १५ | १३ | १० | ७ | |
| १२ | असार | १४९ | १३ | १६२ | ४२ | १ | १३ | १५ | ३० | २० | |
| | जम्मा | १३१८ | १५६ | १४७४ | ३६२ | १९ | ११२ | १०७ | २८५ | २५९ | |

# अनुसूची–६

## समाज कल्याण परिषद्सँग सम्झौता गरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा गैरसरकारी संस्थाहरूद्वारा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सञ्चालित परियोजनाहरूको विवरण २०७५/७६

**NGOs: 15, Projects: 23, External Amount: 20,45,52,576.65 Internal Amount: 8,30,511.00 Total Amount: 50,53,83,087.65**

| s.n | Name of NGO/address | संस्थाको नाम र ठेगाना | Name of the Project | Projecysite | Donar Agency | Approved external amount | Approved Internal Amount | Total | Project Duration | Project sector | Contact Person |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Alliance Against Trafficking in Women and Children in Nepal | महिला तथा बालबालिकाविरुध्द सहकर्मी समूह, नेपाल | Hamro Samman | Kath | Winrock International funded by USAid | 4998369.00 | 0 | 4998369.00 | Jan 2019 to o1 Nov 2019 | Human Trafficking | Anjan Shakya 9851073540 |
| | do | ,, | Change towards Data-driven Advocacy | Kath | Effect International, USA | 267500.00 | 0 | 267500.00 | 01 march 2019 to june 2019 | Human Trafficking | Anjan Shakya 9851073540 |
| | do | ,, | Strengthening Advocacy to Pravent Internal Trafficking(SAPIT) | Kath | The Freedom Fund and LUSH Cosmetics, UK | 12914472.00 | | 12914472.oo | 01 jan 2019 to 31 Sec 2020 | Human Trafficking | Anjan Shakya 9851073540 |
| 2 | Change Action Nepal, Lalitpur | परिवर्तनका लागि सहकार्य, ललितपुर, नेपाल | Educational Support Program and Safe Girl Safe World Program | Kath, Lalitpur, Sindhupalchok and Nuwakot | SHE=Prcious Norway, Engaged Foundation USA and TEAM USA | 3719800.00 | 0 | 3719800.00 | 01 jan2019 to31 Dec 2019 | Women and Girls(Trafficking and Domestic Violence) | Samjhana Basnet 9818476732 |
| 3 | Cheli Nepal, Chitawon | चेली नेपाल चितवन | Cheli Empowerment and Transformation Project 2019 | Chitawon and Pyuthan | Our Daughter International USA | 18927800.00 | 241811.00 | 19169611.00 | Feb 2019 toDec 2019 | Human Trafficking | Sunita Sharme Sigdel9841276470 |
| 4 | Chhori, Lalitpur | छोरी, ललितपुर | Girls not Slaves | Kathmand, Lalitpur, Nuwakot | Freedom Fund, USA | 13635500.00 | 0 | 13635500 | 01 jan 2019 to30 Dec 2020 | Human Trafficking | Hira Dahal 0941378495 |
| 5 | Child Welfare Nepal, Makawanpur | बाल बल्याण नेपाल, मकवानपुर | Prevention of Child Labour and Human Trafficking | Makawanpur | EDUCANEPAL Spain | 21526500.00 | 0 | 21526500.00 | 01 Feb2019 to 30 jan 2020 | Education (Trafficking) | Subash Chandra Kattel 9841255644 |
| 6 | Education, Training and Service for community Nepal, Makawanpur | शिक्षा,तालिम र सेवा नेपाल, मकवानपु/ | Strengthening and Empowering the committee to prevent Human Trafficking (SAHAYATRA) | Makawanpur | TEAR Fund Netherland | 5592100.00 | 0 | 5592100.00 | Falgun 2075 to Magh 2076 | Human Trafficking | Jagadish Adhikari9860439750 |

| s.n | Name of NGO/address | संस्थाको नाम र ठेगाना | Name of the Project | Projecysite | Donar Agency | Approved external amount | Approved Internal Amount | Total | Project Duration | Project sector | Contact Person |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | Gymn Nepal Lalitpur | जिम नेपाल, ललितपुर | Water program and Human Trafficking Awareness Program | Chitwan | GlobeLead,USA, Aloha International Mission USA. Trinity Baptist Church USA | 1800000.00 | 0 | 1800000.00 | 2075/6/1 to 2076/3/31 | Human Trafficking and Water | Jomesa Tamang 012050140 |
| 8 | Maiti Nepal, Kathmandu | माइती नेपाल काठमाडौं | Insurimg Inclusive and Equitable Quality Education at Teresa Academy | Kathmandu | Asoc.Maiti Nepal Marbelta Spain | 7958400.00 | 0 | 7958400.00 | May 2019 to Dec 2019 | Education Children Human Trafficking) | Bisworam Khadga 9851022083 |
| | Maiti Nepal, Kathmandu | माइती नेपाल काठमाडौं | Prevention and Protection against Human Traffickinh: Transit Homes at Birgunj and Maheshpur | Nawalparasi and Parsa | Foundation Hores Spain | 7667231.00 | 0 | 7667231.00 | July 2019 to Dec 2019 | Human Trafficking | Bisworam Khadga 9851022083 |
| | Maiti Nepal, Kathmandu | माइती नेपाल काठमाडौं | Border Measure for combating Tafficking in Persion and support the survivors through like skill Development in Illam and Sunsari | Illam, Sunsari, Kavre and Kathmandu | Profilia e.v.Germany. | 12360104.00 | 0 | 12360104.00 | May 2019 to April 2020 | Human Trafficking | Bisworam Khadga 9851022083 |
| | Maiti Nepal, Kathmandu | माइती नेपाल काठमाडौ+ | Border Measure for combating Tafficking in Persion and support the survivors through like skill Development in Illam and Sunsari District | Illam and Sunsari | Profilia e.v.Germany. | 9490911.90 | 0 | 9490911.90 | June 2018 to July 2019 | Trafficking (Children and Women) | Bisworam Khadga 9851022083 |
| | Maiti Nepal, Kathmandu | माइती नेपाल काठमाडौं | Child Protection Centre(CPC) | Kathmandu | BONO Direct Aid Association Germany | 1891604.00 | 0 | 1891604.00 | 01 March 2019 to 30 April 2019 | Children (Trafficking) | Bisworam Khadga 9851022083 |
| | Maiti Nepal, Kathmandu | माइती नेपाल काठमाडौं | Border Measure for combating Tafficking in Persion: Transit Home, Kakarvitta, Jhapa District | Jhapa | Ayudha en Action Foundation, Spain | 4383700.00 | 0 | 4383700.00 | 01 October 2018 to 31 July 2019 | Trafficking | Bisworam Khadga 9851022083 |

| s.n | Name of NGO/address | संस्थाको नाम र ठेगाना | Name of the Project | Projecysite | Donar Agency | Approved external amount | Approved Internal Amount | Total | Project Duration | Project sector | Contact Person |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Maiti Nepal, Kathmandu | माइती नेपाल काठमाडौं | Partnership to Empower and Protect Survivors of Trafficking in Nepal | Kathmandu | Free a Girl The Netherland | 18270927.75 | 0 | 18270927.00 | )1 Feb 2019 to 31 Dec 2019 | Women, Children, Human Trafficking and Gender Based Violence | Bisworam Khadga 9851022083 |
| 9 | Nepal Lore-toSiKsha Sadab, Sunsari | नेपाल लोरेटो शिक्षा सदन | Developing Sukumbasi | Sunsari | FoundationMary Ward Spain | 2091050.00 | 0 | 2091050.00 | April 2019 to Dec 2019 | Education, Health, Nutrition, Trafficking | Sister Initha Rela-vandren |
| 10 | New Light Nepal,Sarlahi | नवज्योती नेपाल, सर्लाही | Human Trafficking Prevention and Educa-tionalDevelopment | Sarlahi and Sindhupal-chok | David"s Tent USA, Community Covenant USA and South Gorahm USA | 2600000.00 | 588700.00 | 3118700.00 | 2075 poush to 2076 Poush | Human Traf-ficking | Tika Prasad Mainali |
| 11 | Opportunity Village Nepal, Kathmandu | शुभअवसर ग्राम नेपाल, काठमाडौं | Promote Youth PowerAgainst Human Trafficking and Sesual Exploytation | Kaski | DKA Austria | 7015400.00 | 0 | 7015400.00 | Feb 2019 Dec 2020 | Human Trafficking and Youth Empowerment | Sapana Silwall 9840011706, 014600399 |
| 12 | Sahasi Mahila Nepal, Kathman-du | साहसी महिला नेपाल, काठमाडौं | Human Trafficking, Safe House, Rehabilitation, Skill Development Training and awareness Program | Jhapa and Kanchanpur | John Sitsma, USA | 3220000.00 | 0 | 3220000.00 | 2075 Bhadra to 2076 Shrawan | Human Traf-ficking | Bholanath Acharya 9851189339 |
| 13 | Spring Heart Ne-pal, Kathmandu | सत्यविहीन अधिमूल्यन नेपाल, काठमाडौं | Nation Movement to stop Human Traf-ficking | Kathmandu | Spring Heart Ohio USA | 2000000.00 | 0 | 2000000.00 | 2076/2/1 to 2076/12/25 | Human Traf-ficking | Suraj Sunuwar 9860694209 |
| 14 | Sustainable Development Foundation, Nepal, Lalitpur | दिगो विकास प्रतिष्ठान, नेपाल, ललितपुर | Rehabilitation and Improving Lives of Orphans and Victims of Girls/Women Trafficking and Child Home | Lalitpur | Peace Gospel In-ternational USA | 9667207.00 | 0 | 2667207.00 | April 2019 to Dec 2019 | Women and Children (Human Trafficking, Rehabilitation Centre and Operation Child Home) | Bir Bahadur Shrestha 9849100366 |
| 15 | World Mission Outreach Organi-zation, Bhaktapur | विश्व सेवा विस्तार संस्था भक्तपुर | Anti-trafficking Border Monitoring Project | Jhapa and Morang | World Mission Outreach Organi-zation, USA | 32654000.00 | 0 | 32654000.00 | 01 March 2019 to 28 Feb 2020 | Human Traf-ficking | Man Bahadur Khatri 9841249613 |
| | TOTAL | | | | | 204552576.65 | 830511.00 | 205383087.65 | | | |

स्रोत : समाज कल्याण परिषद, २०७६

नेपाल सरकार
**महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय**
सिंहदरबार, काठमाडौं नेपाल
फोन नं. ०१-४२००२१६, ४२००४०८, फ्याक्स नं. : ४२००११६
Email : mail@mowcsc.gov.np, Web: www.mowcsc.gov.np